# परिच्छेद - एक

# शोध परिचय

## १.१ विषय परिचय

विजय मल्ल ऋद्धिबहादुर मल्ल र आनन्दकुमारी मल्लका साहिँला छोराका रूपमा १९८२ साल असार १० गते काठमाडौँमा जन्मेका हुन् । कविता, कथा, उपन्यास, नाटक (पूर्णाङ्की र एकाङ्की) जस्ता साहित्यका विविध विधामा कलम चलाएर साहित्य क्षेत्रमा प्रवेश गरेका मल्लका हालसम्म **जिउँदो लाश** (पूर्णाङ्की २०१७) **बहुला काजीको सपना** (पूर्णाङ्की तथा एकाङ्की सङ्ग्रह २०२८) **पत्थरको कथा** (एकाङ्की सङ्ग्रह, २०४०) **भित्ते घडी** (एकाङ्की सङ्ग्रह २०४०), **स्मृतिको पर्खालभित्र** (पूर्णाङ्की २०४०) **पहाड चिच्याइरहेछ** (पूर्णाङ्की सङग्रह, २०४१) **भुलैभुलको यथार्थ** (पूर्णाङ्की **२०४१) सृष्टि रोकिँदैन** (पूर्णाङ्की २०४१) आदिजस्ता नाट्यकृति प्रकाशित छन् ।

यिनका नाटकहरूमा आफूले देखेका, भोगेका, सुनेका, ग्रहण गरेका कैयन् सामग्रीलाई नाटकीय रङ्गमञ्च दिने क्रममा युगीन जीवन र मानवको वास्तविकताको खोजी गरेको पाइन्छ । यिनका केही नाटकहरू परम्परित नाट्चसिद्धान्तबाट मुक्त छन् । मल्ल आफ्ना नाटकहरूमा मिथकको प्रयोग गरी हामीभित्र रहेको परम्परा र प्रेतात्मालाई जगाएर उपस्थित गराउँछन् । यिनी देशभित्रका नयाँ समस्या, सडेगलेका कुहिएका समस्या, उच्च र निम्न वर्गका, राजनीतिका, धर्मका, मनोवैज्ञानिक चेतना भएका, बालकका, नारी पुरुषका विविध मनोग्रन्थिमूलक समस्यालाई देशीय तथा अन्तरदेशीय भावभूमिमा रहेका र त्यस्तैखालका नाट्चप्रवृत्ति बोकेका नाट्चकृतिका स्रष्टा मानिन्छन् । विजय मल्लको **भित्ते घडी** (एकाङ्की सङ्ग्रह) भित्रका एकाङकीहरूलाई भिन्नभिन्न प्रकारले कृतिपरक अध्ययन गर्नु प्रस्तुत शोधपत्रको प्रमुख विषयवस्तु रहेको छ ।

## १.२ समस्याकथन

विजय मल्ल नेपाली साहित्य साधना र सृजनाका क्षेत्रमा आफ्नो छुट्टै स्थान बनाउन सक्षम व्यक्ति हुन् । विजय मल्लले साहित्य यात्राका क्रममा नाटक, कविता, कथा, उपन्यास आदिजस्ता विविध विधामा कलम चलाएका छन् । हालसम्म पनि विजय मल्लको **भित्ते घडी** एकाङ्की सङ्ग्रहको विस्तृत अध्ययन भएको पाइँदैन । त्यसैले मल्लका अन्य कृतिहरूलाई नहेरी **भित्ते घडी** एकाङ्की सङ्ग्रह लाई मात्र प्रस्तुत शोधपत्रमा अध्ययनको विषय बनाइएको छ र निम्नलिखित शोध समस्यामा केन्द्रित भइएको छ :

- विजय मल्लको जीवनी र व्यक्तित्वका आयामहरू के कस्ता छन् ?
- विजय मल्लका एकाङ्कीगत प्रवृत्तिहरू के कस्ता छन् ?
- विधातात्विक दृष्टिले विजय मल्लका एकाङ्की के कस्ता छन् ?
- विजय मल्लको **भित्ते घडी** एकाङ्की सङ्ग्रहको कृतिपरक अध्ययन के कसरी गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रमा समस्याकथनमा उठेका सम्पूर्ण समस्याहरू समाधान गर्नका लागि विजय मल्लको **भित्ते घडी** एकाङ्की सङ्ग्रहको विस्तृत एवम् व्यवथित अध्ययन गर्न निम्नलिखित उद्देश्यमा केन्द्रित भइएको छ :

- विजय मल्लको जीवनी र व्यक्तित्वका आयामहरूको अध्ययन गर्नु
- विजय मल्लका एकाङ्कीगत प्रवृत्तिहरू केलाउनु,
- विधातात्विक दृष्टिले विजय मल्लका एकाङ्कीहरूको अध्ययन गर्नु,
- विजय मल्लको **भित्ते घडी** एकाङ्की सङ्ग्रहको कृतिपरक अध्ययन गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

विजय मल्ल नेपाली नाट्यपरम्परामा बेग्लै र नौलो मोड दिने नाटककार हुन् । विजय मल्लले २०१३ सालदेखि नै नाटक तथा एकाङ्की लेख्न थालेका हुन् । यिनको **भित्ते घडी** एकाङ्की सङ्ग्रह २०४० सालमा प्रथम पटक साझा प्रकाशन काठमाडौँले प्रकाशित गरेको हो । **भित्ते घडी** एकाङ्की सङ्ग्रहका बारेमा विस्तृत् र वृहद् अध्ययन भएको पाइँदैन । उनको **भित्ते घडी** एकाङ्की सङग्रह र एकाङ्कीकार विजय मल्लका बारेमा जे जति अध्ययन गरिएको छ तिनलाई कालक्रमिक रूपमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

चूडामणि बन्धुले **साझा एकाङ्की** (२०४०) पुस्तकमा विजय मल्लका एकाङ्कीमा पाइने केही मुख्य प्रवृत्तिहरूको नामोल्लेख मात्र गरेको देखिन्छ । यिनले गरेको यो अध्ययन पनि सामान्य नै देखिन्छ ।

चैतन्यप्रकाश प्रधानले **एकाङ्कीकार विजय मल्ल** (२०४६) अप्रकाशित शोधपत्रमा एकाङ्कीकार विजय मल्लबारे अध्ययन गरेको देखिन्छ । उक्त शोधपत्रमा विजय मल्लका सङक्षिप्त जीवनी, व्यक्तित्वका साथै एकाङ्कीकार विजय मल्लको यात्रा र प्रवृत्तिहरूका बारेमा अध्ययन गरिए पनि **भित्ते घडी** एकाङ्की सङ्ग्रहलाई आधार बनाई चर्चा नगरिएको र सामान्य रूपमा मोटामोटी मात्र अध्ययन गरिएकाले प्रस्तुत शोधपत्रमा **भित्ते घडी** एकाङ्की सङग्रहका बारेमा विस्तृत अध्ययन गरिएको छ ।

केशवप्रसाद उपध्यायले **गरिमा** (वर्ष १६, अंक ४, २०५४) मा एकाङ्कीकार विजय मल्लले व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वजनीनमा अन्तरनिहित असङ्गति, अव्यवस्था, संकट र सन्त्रासको जटिल दुःखद् र त्रासद् स्थितिको चित्रण गरेर समकालीन विश्वको अवस्थालाई छर्लङ्ग देखाएका छन् । उनले कथानक वा चरित्रलाई मात्र नभएर परिवेशलाई महत्व दिएर नाट्चलेखन गर्ने गरेको हुनाले उनका एकाङ्कीहरूमा परिवेश केन्द्रीय तत्त्व देखिन्छ । यिनको यो अध्ययन पनि अति संक्षिप्त र मोटामोटी रूपमा तयार गरिएको हुँदा अपूर्ण नै देखिन्छ ।

घनश्याम न्यौपाने 'परिश्रमी' ले विजय मल्लका **तीनवटा एकाङ्कीको समीक्षा** (२०५५)पुस्तकमा विजय मल्लले आफ्ना नाट्यकृतिका पात्रहरूका माध्यमबाट मानवीय मनका सन्त्रास, छट्पटी, बाँच्ने चाहना जस्ता अनेक पक्षको स्वाभाविक ढङ्गले उद्घाटन गरेका छन् । यिनका नाटकमा विकृति र विक्षिप्त मनस्थितिका पात्रहरूको प्रयोग पनि पाइन्छ । मल्ल आफ्ना नाट्यकृतिमा समस्याको उपस्थापन गरेर मनोवैज्ञानिक ढङ्गले

समाधानको उपाय खोज्दछन् । यिनको यो अध्ययन पनि तीन एकाङ्कीको अध्ययनमा केन्द्रित छ । **भित्ते घडी** एकाङ्की सङ्ग्रहका बारेमा यिनले नामोल्लेख मात्र गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेलले प्रज्ञा (२०५६) मा विजय मल्लका एकाङ्कीगत वैशिष्ठ्य र **कङ्काल एकाङ्कीको विश्लेषण** शीर्षकमा एकाङ्कीकार विजय मल्लको एकाङ्कीकारितामाथि चर्चा गरेका छन् । यिनले गरेको  यो अध्ययन सामान्य र विशेषतः कङ्काल एकाङ्कीकै केन्द्रविन्दुमा गरिएको छ ।

डा. तारानाथ शर्माले **साझा समालोचना** (२०५८) ग्रन्थमा नेपाली नाटकको विकासमा विजय मल्लको उल्लेखनीय योगदान रहेको बताउनुका साथै आन्तरिक यथार्थतामा उभिएर स्वैरकल्पनाको यात्रा गर्नु विजय मल्लको महत्त्वपूर्ण उपलब्धि हो भनेका छन् । यिनले गरेको यो अध्ययन नाट्यकेन्द्रित देखिन्छ । त्यसैले एकाङ्गी बन्न पुगेको देखिन्छ ।

डा. केशवप्रसाद उपाध्याय नेपाली नाटक र रङ्गमञ्च (२०५९) मा  विजय मल्ल स्वच्छन्दतावादी, प्रकृतवादी, अतियथार्थवादी नाट्यलेखन गर्दै अन्ततः अभिव्यञ्जनावादी नाट्यकलाका प्रवर्तक हुन् । सामाजिक विसङ्गति र प्रकृतिप्रति संवेदनशील मल्लको प्रतिभामा पूर्णाङ्कीभन्दा एकाङ्की नाट्य क्षेत्रमा पनि धेरै फैलिएको र फस्टाएको छ भनेर भनेका छन् । उपाध्यायको यो चर्चा नेपाली नाटक तथा एकाङ्कीहरूको रङ्गमञ्चीय पक्षको चर्चा गर्ने क्रममा लेखिएको हुँदा सामान्य नै देखिन्छ ।

चैतन्यप्रकाश प्रधानले **विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग** (२०६२),मा **नाम नभएको मानिस** एकाङ्कीको अध्ययन गर्ने क्रममा यो एकाङ्की सांस्कृतिक, सामाजिक, अतियथार्थिक, मनोवैज्ञानिक, विसङ्गतिवादी र अस्तित्ववादी जस्ता विविध चिन्तन र दर्शनले गर्दा उच्च बौद्धिक हुनुका साथै यो कृति नेपाली एकाङ्की फाँटको शिखरमा पुगेको छ भनेका छन् । यिनको यो अध्ययनमा नाटकमा भूतप्रेतको प्रयोग गरिनु कति सान्दर्भिकता कति असान्दर्भिकता छ भन्ने केन्द्रीयतामा मात्र गरिएको छ । त्यसैले यो पनि अपूर्ण नै देखिन्छ ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०६४) मा नेपाली एकाङ्कीको चर्चा गर्ने क्रममा मल्लका केहि एकाङ्कीहरूको नामोल्लेख गर्नुका साथै यिनलाई मनोविश्लेषणात्मक र यर्थाथवादी एकाङ्कीकारहरूको सूचीमा राखेका छन् । यो अध्ययन नेपाली साहित्यको इतिहास लेखनमा केन्द्रित रहेकोले नामोल्लेखमा मात्र सीमित देखिन्छ ।

नित्यानन्द खतिवडाले **विजय मल्लका प्रयोगशील नाट्यकृतिको विश्लेषण** (२०६४) अप्रकाशित शोधपत्रमा प्रयोगशील नाट्यकृतिहरूको चर्चा गर्ने क्रममा **नाम नभएको मानिस** र **यो कस्तो दन्त्यकथा** ? एकाङ्कीको सामान्यतया प्रयोगशील पक्षबाट चर्चा गरेका  छन् । यिनले गरेको यो अधययन प्रयोगशील पक्षको केन्द्रीयतामा मात्र जोड दिएर गरिएको छ ।

व्रतराज आचार्यले **विजय मल्ल स्मृति ग्रन्थ** (२०६६) मा **विजय मल्लको उत्तर यर्थाथवादी नाट्चयात्रा** शीर्षक लेखमा मल्लका पछिल्ला नाटकहरूका बारेमा सामान्य टिप्पणी गरेका  छन् । यिनको यो अध्ययन पनि टिप्पणीमा नै सीमित छ ।

व्रतराज आचार्यले **आधुनिक नेपाली नाटक** (२०६६) पुस्तकमा आधुनिक कालको चर्चा गर्ने क्रममा नाटककार विजय मल्ल प्रयोगशीलतामा जोड दिँदादिँदै पनि नाटकको मूल कथ्यमा मानवतावादी चिन्तनको जालो विछ्याउने परम्पराबाट मुक्त हुन सकेका छैनन् । यस अर्थमा उनका नाटकलाई प्रयोगवादी नभनी प्रयोगशील भन्नु उचित देखिन्छ भनेर चर्चा गरेका छन् । यो अध्ययन पनि नेपाली नाट्यपरम्पराको काल विभाजन गर्ने उद्देश्यले गरिएकाले सामान्य चर्चा मै मात्र सीमित छ ।

वासुदेव त्रिपाठीले (२०६६) मा विजय मल्लको एकाङ्की सङग्रह **भित्ते घडी** शीषर्कको लेखमा **भित्ते घडी** एकाङ्की सङ्ग्रहका एकाङ्कीहरूको संक्षिप्त चर्चा गरेका छन् । उपर्युक्त अध्ययनहरू सामान्य चर्चामा मात्र सीमित रहेकाले प्रश्तुत शोधपत्रमा **भित्ते घडी** एकाङ्की सङ्ग्रहको विस्तृत र बृहद् अध्ययन र विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

**भित्ते घडी** एकाङ्की सङ्ग्रह प्रयोगशीलताका दृष्टिले विजय मल्लको चर्चित एकाङ्की सङ्ग्रह हो । आधुनिक नाटकका क्षेत्रमा यसको महत्त्वपूर्ण स्थान रहेको छ । यस कृतिका बारेमा हालसम्म विस्तृत अध्ययन भएको छैन । यस शोध कार्यमा **भित्ते घडी** एकाङ्की सङ्ग्रहको सुव्यवस्थित र सुनियोजित ढङ्गले कृतिपरक अध्ययन विश्लेषण गरिएको छ । त्यसैले प्रस्तुत शोधपत्र यससम्बन्धी अध्ययन गर्न चाहने जिज्ञासु पाठकका लागि औचित्यपूर्ण हुनेछ ।  यिनै विविध दृष्किोणले गर्दा प्रस्तुत शोधपत्रको औचित्य र महत्त्व स्वतः सिद्ध भएको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

विजय मल्लले उपन्यास, नाटक, कथा, कविता आदि साहित्यका विविध विधामा कलम चलाएकाले ती अन्य विधालाई छोडेर नाट्यविधा र त्यसमा पनि **भित्ते घडी** एकाङ्की सङ्ग्रहलाई मात्र अध्ययनको केन्द्रबिन्दु बनाइएको छ । अन्य कृतिका बारेमा अध्ययन र विश्लेषण नगर्नु नै प्रस्तुत शोधपत्रको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सु-स्पष्ट बनाउनका लागि शोधविधिअन्तर्गत निम्न कुराहरू राखी अध्ययन गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि मूलतः पुस्तकालय कार्य विधिलाई नै मूल आधार बनाइएको छ । यसका अतिरिक्त विज्ञ, प्राध्यापक, शोधनिर्देशकहरूसँग सम्पर्क राखी त्यसको विश्लेषणद्वारा निष्कर्ष निकालिनुका साथै तयार पारिएका प्राप्त सामाग्रीहरूलाई वर्णनात्मक एवं विवरणात्मक ढङ्गले प्रश्तुत गरिएको छ । एकाङ्कीकार विजय मल्लको

**भित्ते घडी** एकाङ्की सङ्ग्रहको अध्ययन विश्लेषण गर्ने क्रममा विश्लेषणात्मक समालोचना पद्धति र विधागत सिद्धान्तलाई पनि आधार बनाइएको छ ।

### १.७.२ अध्ययन विधि

प्रस्तुत शोधपत्रलाई तयार पार्नका लागि सामग्री सङ्कलन विधिबाट प्राप्त सामग्रीहरुलाई वर्णनात्मक एवं विवरणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । एकाङ्कीकार विजय मल्लको **भित्ते घडी** एकाङ्की सङ्ग्रहको अध्ययन विश्लेषण गर्ने क्रममा शिलेषणात्मक समालोचना पद्धति र विधागत सिद्धान्तलाई पनि आधार बनाइएको छ । साथै कतै-कतै प्रभावपरक र निर्णयात्मक समालोचना पद्धतिलाई पनि स्वीकार गरिएको छ ।

### १.७.३ सैद्धान्तिक पर्याधार

प्रस्तुत शोधपत्रमा शोधविधिअन्तर्गत विश्लेषणको उपयोग गरिएकाले एकाङ्कीको विधातत्त्वलाई सैद्धान्तिक पर्याधार मानिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित र सु-संगठित रूपमा तयार पार्न विभिन्न अध्यायहरूलाई पनि आवश्यकताअनुसार शीर्षक, उप-उपशीर्षक दिइएको छ । साथै दशमलव प्रणालीमा राखेर पनि अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रको रूपरेखा वा संङ्गठन यसप्रकार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : विजय मल्लको जीवनी र व्यक्तित्व

अध्याय तीन : विजय मल्लका एकाङ्कीगत प्रवृत्तिहरू

अध्याय चार : एकाङ्की तत्त्वका आधारमा **भित्ते घडी** एकाङ्की सङ्ग्रहको अध्ययन ।

अध्याय पाँच : उपसंहार तथा निष्कर्ष

सन्दर्भसूची

# परिच्छेद - दुई

# विजय मल्लको जीवनी र व्यक्तित्व

## २.१ विजय मल्लको जीवनी

विजय मल्ल नेपाली साहित्यका एक विविध बिधामा कलम चलाउने व्यक्ति हुन् । उनको जन्म काठमाडौँमा भएको थियो र बाल्यकाल भने तराईमा बितेको थियो । मल्लले नेपाली साहित्यका कथा, कविता, नाटक, समालोचना आदि विविध विधामा कलम चलाएर नेपाली समाजलाई ठूलो योगदान दिएका छन ।

## २.२ जन्म, जन्मस्थान र बाल्यकाल

विजय मल्लको जन्म १९८२ साल असार १० गते शुक्लपक्षको तृतीया तिथिमा काठमाडौँको ओमबहाल भन्ने पुरानो दफ्तरमा भएको थियो ।[1] विजय मल्लका पिताको नाम सुब्बा ऋद्धिबहादुर मल्ल र आमाको नाम आनन्दकुमारी थियो । विजय मल्लका पाँच दाजुभाइमध्ये जेठा दाजु गोविन्दबहादुर मल्ल 'गोठाले', माहिला दाजु जन्मेको ३/४, महिनामा नै बितेका साहिँला विजय मल्ल र कान्छा हिक्मतबहादुर मल्ल हुन् । विजय मल्लका एकमात्र बहिनी शान्ता रहेको जानकारी पाइन्छ भने यिनका जेठा दाजु गोविन्दबहादुर मल्ल 'गोठाले' को निधन पनि वि.सं. (२०६७–८–२७) मा भइसकेको छ ।

विजय मल्लको जन्म काठमाडौँमा भए पनि यिनको बाल्यकाल भने नेपालको तराईमा बितेको जानकारी पाइन्छ । यिनी सानैमा आफ्ना बाबुआमासँग कलैयाको बरेबा दरबारमा पुगेका हुँदा यिनको बाल्यावस्था (७ वर्ष) त्यही बितेको थियो ।[2] बरेबा दरबारमा राणाहरू बसोबास गर्दथे र पिता ऋद्धिबहादुर पनि त्यही दरबारमा कार्यरत भएका कारण सात वर्षसम्मको बाल्यकाल मातापिताको रेखदेखमा त्यसै ठाउँमा निकै राम्रोसँग बितेको थियो ।[3]

## २.१.२ शिक्षादीक्षा

विजय मल्ललाई कलैयाको बरेबा दरबारमा भारतीय शिक्षक नागेन्द्रप्रसादले अक्षारम्भ गराएको जानकारी पाइन्छ ।[4] यिनको औपचारिक शिक्षा भने १९८९ सालमा काठमाडौँ फर्केपछि ७ वर्षको उमेरमा दरबार स्कुलमा दुई कक्षामा भर्ना भई सुरू भएको देखिन्छ । पढाइमा चलाख भएका कारण र घरमा पनि साहित्यिक वातावरण भएको हुँदा यिनी दरबार हाइस्कुल पढ्दै गर्दा **शुक्र मण्डली**का सदस्य भएका थिए । उक्त मण्डलीबाट

---

१ चैतन्यप्रकाश प्रधान, **विजय मल्लको नाट्चकारितामा भूतप्रेतको प्रयोग,** (काठमाडौँ : प्रकाशिका रिना प्रधान २०६२), पृ.२ ।

२ नागेश्वर शाह वैश्य, **जिउँदो लास नाटकको कृतिपरक अध्ययन**, (अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०५५), पृ.४६ ।

३ नित्यानन्द खतिवडा, **विजय मल्लका प्रयोगशील नाट्चकारिता** (अप्रकाशित शोधपत्र, त्रि वि. नेपाली केन्द्रीय विभाग, २०६४ ) पृ.८ ।

४ गोविन्दप्रसाद नेपाल, **विजय मललको नाट्चकारिताको विश्लेषण र मूल्याङ्कन,** (ने.शि.स. कीर्तिपुर, २०३६) पृ.१२ ।

प्रकाशित गरिने हस्तलिखित पत्रिकाका सम्पादक पनि भएका थिए ।[5] यिनले ई.सं. १९४२ मा बनारस हिन्दू विश्वविद्यालयबाट एड्मिसन (प्रवेशिका सरहको परीक्षा) उत्तीर्ण गरेका छन् । त्यसपछि यिनले त्रिचन्द्र कलेजबाट आइ.एस्सी. सम्मको अध्ययन गरेका देखिए पनि तत्कालीन राजनीतिका कारण सो अध्ययन पूरा गर्न नसकेको जानकारी पाइन्छ ।[6] विजय मल्लको औपचारिक शिक्षा यतिमै मात्र सीमित रहेको पाइए पनि यिनले स्वाध्ययनलाई निरन्तरता दिएका छन् । अंग्रेजी साहित्यको अध्ययनमा रुचि राखेका र तिनीहरूबाट प्रशस्त ज्ञान हासिल गरेको जानकारी पाइन्छ ।[7] त्यस्तै नेपाली साहित्यकारहरू लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, भवानी भिक्षु, लेखनाथ पौड्याल सिद्धिचरण श्रेष्ठ, आदिका कृतिहरूमा मल्लको विशेष अभिरुचि रहेको देखिन्छ ।[8] यसरी औपचारिक शिक्षाको सीमिततालाई स्वअध्ययन शिक्षाले असीमित बनाएको देखिन्छ ।

## २.१.३ वैवाहिक जीवन र सन्तान

विजय मल्लको विवाह १८ वर्षको उमेरमा १९९९ सालमा ठमेल निवासी डा. बजीरमान प्रधानकी छोरी श्यामासँग भएको थियो ।[9] श्यामा साक्षरमात्र रहेकी र कुशल गृहणी थिइन् । विजय मल्लका आठजना छोरीहरू छन् । ती क्रमशः नलिनी, रीता, विना, डा.उमा, रोमा, सिर्जना, अर्चना, वन्दना हुन् । नौ जना छोरीहरू जन्मिए पनि एउटी छोरीको सानैमा  निधन भएको पाइन्छ ।

## २.१.४ सामाजिक तथा राजनीतिक जीवन

जनता सक्रिय नभई जनताको भलो नहुने भन्ने मान्यता राख्ने विजय मल्ल सामाजिक तथा राजनीतिक रूपमा पनि सक्रिय रहेका पाइन्छन् । यिनी सानैदेखि राणाहरूको खराब व्यवहारदेखि आजित बनेका देखिन्छन् । त्यसैले जनतालाई सुसूचित गर्ने कार्यमा कुनै न कुनै माध्यमबाट लागेका देखिन्छन् । विभिन्न संघ संस्थामा आबद्ध रहेर होस् चाहे विभिन्न पत्र-पत्रिकाको सम्पादक बनेर होस् यिनी जनतामा सामाजिक भावना ल्याउन प्रयासरत देखिन्छन् ।[10]

विजय मल्ल २००७ साल अघिदेखि नै राजनीतिमा सक्रिय रहेको पाइन्छ । गोपालप्रसाद रिमालसँगै मिलेर देशमा नै सङ्गठन खोली गोपालदास श्रेष्ठ, रत्नदास प्रकाश, दमनराज तुलाधर, तीर्थराज तुलाधर, जैनेन्द्र थपलियाहरू मिलेर २००३ सालतिर **नेपाल नेशनल लिग** नामक संस्था खोलेको देखिन्छ ।[11] यसै संस्थाबाट सामाजिक र राजनीतिक

५ चैतन्यप्रकाश प्रधान, **एकाङ्कीकार विजय मल्ल**, (अप्रकाशित शोधपत्र, ने.शि.सं, कीर्तिपुर, २०४६) पृ. ८ ।
६ ऐजन्, पृ. १० ।
७ नित्यानन्द खतिवडा, पूर्ववत्, पृ. ११ ।
८ चैतन्यप्रकाश प्रधान, **एकाङ्कीकार विजय मल्ल**, पूर्ववत्,  पृ. ९ ।
९ नित्यानन्द खतिवडा, पूर्ववत्, पृ. १२ ।
१० नित्यानन्द खतिवडा, पृ. १२ ।
११  अशोक श्रेष्ठ,मैले चिनेको विजय दाइ, (**कान्तिपुर**  मंगलबार , साउन, २०५६) काठमाडौं, पृ.७ ।

जागरण फैलाउने कार्यमा विजय मल्ल पनि सरिक भएको पाइन्छ तर राणाहरूको खराब नियतको सिकार त्यो संस्था पनि भयो र गोपालप्रसाद रिमाल, दमनराज तुलाधर र तीर्थराजहरू जेल परे । जैनेन्द्र थपलिया, पुष्पराज, विजय मल्लहरू भने सामान्य शोधपुछ पछि छुटेको देखिन्छ । १९९७ सालको सहिद काण्डलाई नजिकैबाट देखेका विजय मल्लले २००४ सालको वैधानिक कानुनको विरोधको कारण पनि जेल जानुपरेको थियो ।[12]यसको केही समयमा जेलबाट छुटेपछि आन्दोलनमा सरिक भएका कारण मल्ल दुई वर्ष पुनः जेल परेका र २००५ सालमा खुलेको काठमाडौँको राष्ट्रिय प्रज्ञा परिषदसँग विजय मल्लको गोप्य सम्बन्ध रहेको थियो । राणा विरोधी उक्त गतिविधिमा लागेका हुनाले उनलाई २००५ कार्तिकदेखि २००७ माघ २२ गतेसम्म जेलमा राखिएको देखिन्छ । जेलबाट छुटेपछि उक्त संस्थाको र नेपाली कांग्रेसको कार्यकर्ता बने । केही समयसम्म नेपाली **राष्ट्रपुकार** पत्रिकाको सम्पादक समेत भए । कांग्रेस पनि मातृका र विश्वेश्वर गरी दुई खेमामा विभाजित भएको र विजय मल्ल मातृकाका खेमामा लागेका देखिन्छन् । पछि २०१५ सालको आमनिर्वाचनका लागि पाटीले विजय मल्ललाई पाल्पा जिल्लामा प्रचार-प्रसार गर्न खटाएको थियो ।[13] २०१७ सालको ऐतिहासिक परिवर्तनमा वारेन्ट भएकाले भूमिगत भई बस्नु पर्‍यो र बम काण्डका कारण आफूलाई गिरफ्तारी दिनुपर्‍यो ।[14] यसपछिको समयमा सामाजिक र राजनीतिको सक्रिय जीवनबाट सन्यास लिई विजय मल्लले साहित्य साधनालाई मात्र आफ्नो लक्ष्य मानेर त्यसैलाई पूरा गर्नतिर लागेका देखिन्छन् ।

## २.१.५ साहित्यक लेखनको प्रारम्भ र प्रभाव

विजय मल्लले दरबार हाइस्कुलमा वि.सं. १९८९ देखि १९९७ सम्म अध्ययन गरेका थिए । उनले करिब ११ बर्षको उमेरदेखि कविता  विधाबाट साहित्य लेखनको थालनी गरेका भए तापनि हस्तलिखित पत्रिकामा यिनको **दुई पसले** भन्ने कथा देखापरेको हो ।[15] यिनको पहिलो प्रकाशित रचना चाहिँ **शारदा** पत्रिकामा भवानी भिक्षुले काटछाँट गरी छापिएको कविता **स्मृति** (१९९७) बाट भएको हो । नाटकको क्षेत्रमा विजय मल्ले पहिलो एकाङ्की पाण्डुलिपिकै रूपमा ने.भा.प्र.स.मा वि.सं. २००१ मा बुझाएका तर त्यहाँ प्रकाशनको अनुमति नपाएको देखिन्छ । लेखनका दृष्टिले पहिलो एकाङ्की भने २००१ सालमा लिखित **राधा मान्दिन** हो । यसरी कविता, कथा र नाटकजस्ता विधाहरूमा विजय मल्लले पनि सानै उमेरदेखि नै कलम चलाएका देखिन्छन् ।[16]

यिनलाई साहित्य लेखनको प्रेरणा दिने प्रमुख व्यक्ति यिनका आफ्नै बुबा र दाजु हुन् । बुबा सुब्बा ऋद्धिबहादुर मल्ल **शारदा** पत्रिकाका सम्पादक **शर्मिष्ठा** जस्तो (पौराणिक कथामा आधारित) उपन्यासका लेखक हुन् । त्यसैगरी प्रसिद्ध साहित्यकार गोबिन्दबहादुर मल्लको

---

१२ नित्यानन्द खतिवडा, पृ. १२ ।

१३ चैतन्यप्रकाश प्रधान, सम्पा.**विजय मल्ल स्मृतिग्रन्थ**, (काठमाडौँ : विजय मल्ल स्मृति समाज , २०६६) ,पृ. १० ।

१४ ......................., **एकाङ्कीकार विजय मल्ल**, पूर्ववत्, पृ. ११ ।

१५ हरिराम दुलाल**, विजय मल्लको कवित्वको महत्त्वको विश्लेषण र मूल्याङ्कन** (अप्रकाशित शोधपत्र ने.शि.स.स.कीर्तिपुर, काठमाडौँ, २०३६) पृ. १/२ ।

१६ विजय मल्ल, *'बुबालाई सम्झदा',* **उन्नयन** (अङ्क २५, २०५४), पृ.४०० ।

प्रमुख प्रेरणा पनि विजय मल्लमा पर्दछ । रिमालको सम्पर्कबाट विजय मल्ललाई नाटक लेखन तथा निर्देशनको प्रेरणा मिलेको देखिन्छ । रिमालको लेखन शैलीबाट समेत प्रभावित भएका विजयको लेखनमा बालकृष्ण सम समेत प्रेरकस्रोत बनेका देखिन्छन् । गौरीशंकर नाट्चसमुदाय (१९९९) को सहसम्पर्कबाट विजय मल्ललाई अझ नाटकतिर गहिरिन प्रेरित गरेको देखिन्छ ।[17] स्वदेशी तथा विदेशी साहित्यकारहरूका रचनाबाट पनि विजय मल्ल प्रभावित बनेका पाइन्छन् । युजिन ओनिल, टेनेसी, शेक्सपियर, आयनेस्को, इनाउलजस्ता प्रसिद्ध पाश्चात्य नाटककारका नाटकहरूबाट विजय मल्ल प्रेरित बनेको पाइन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू र भवानी भिक्षुका कथाहरू विशेष मन पराउने विजय मल्ल फ्रायड, युङ्ग, एड्लरका मनोवैज्ञानिक सिद्धान्तहरूबाट समेत अनुप्रेरित भएको पाइन्छ ।[18] त्यसको सही प्रयोग **अनुराधा** उपन्यासमा पाइन्छ । परम्परागत रुढिप्रति विद्रोह गर्ने मल्लले नारी समस्याका साथै नयाँ शिल्प र नवीन दृष्टिका साथ नेपाली साहित्यलाई धनी बनाएका छन् ।

## २.१.६ सार्वजनिक संलग्नता

विजय मल्ल साहित्य साधनाका साथ साथै सेवागत कार्यमा पनि संलग्न भएर कार्य गरेका देखिन्छन् । **गौरीशंकर नाट्चसमूह**का सदस्य बनेका विजय मल्ल प्रज्ञा पञ्चायतका समेत सदस्य बनेको पाइन्छ । विजय मल्ल संलग्न रहेका संस्थाहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

अखिल नेपाल साहित्य सम्मेलन आयोजक समिति रामपुरका सचिव - २००३
नेपाली कांग्रेस - २००७ - २०१७
लेखक संघको सचिव - २००८
नेपाली साहित्य संस्थाका उपाध्यक्ष - २०२२
प्रज्ञा सदस्य - २०२६ - २०३५
ने.रा.प्र.परिषदका सचिव - २०३६- २०४५

२०४६ सालमा एक वर्ष ने.रा.प्र.प्र.का उपकुलपति समेत भएर काम गरेका देखिन्छन् ।[19] त्यहाँ आवद्ध हुँदा राष्ट्रिय तथा अन्तरराष्ट्रिय सेमिनार, गोष्ठीहरूमा संलग्न रहेको पाइन्छ । विजय मल्ल, जोर गणेश प्रा.लि.का सञ्चालक समेत भएर प्रशासन व्यावसाय सम्हालेका देखिन्छन् ।[20]

---

१७ केशवप्रसाद उपाध्याय र अन्य, **नेपाली एकाङ्की भाग-३,** ते.सं. (काठमाडौं : साझा प्रकाशन, २०४६) पृ.७८ ।

[18] ऐजन् ।

[१९] नित्यानन्द खतिवडा, पूर्ववत्, पृ. १५ ।

२० चैतन्यप्रकाश प्रधान र अन्य, सम्पा. **विजय मल्ल स्मृतिग्रन्थ,** पूर्ववत् ।

### २.१.७ भ्रमण तथा अवलोकन

विजय मल्ल विभिन्न पेशामा कार्यरत हुँदा र नहुँदा नै पनि स्वदेश तथा विदेशको भ्रमणमा संलग्न भएको पाइन्छ । विभिन्न समुदायमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठी, सेमिनारहरूमा प्रतिनिधित्त्व गर्दा विजय मल्लले भारत, चीन, पाकिस्तान, बंगलादेश, जापान, कोरियाको साथै एशियाली र युरोपेली अनि अमेरिकाको समेत भ्रमण गरेका देखिन्छन् । यिनको मृत्यु हुनुभन्दा दुई महिना अगाडि करिब छ महिना संयुक्त राज्य अमेरिकामा छोरीहरूकहाँ बसी फर्केको जानकारी पाइन्छ । त्यस्तै नेपालकै पनि धरान लगायतका स्थानहरूको भ्रमण गरेका विजय मल्लले अध्ययन भ्रमणबाट प्रशस्त नवीन-नवीन जानकारी लिने र त्यसलाई साहित्यमा उतार्ने गरेको जानकारी पाइन्छ ।

### २.१.८ सम्मान तथा पुरस्कार

साहित्यका विविध क्षेत्रमा कलम चलाएका विजय मल्लले नेपाली साहित्यमा अविस्मरणीय योगदान पुऱ्याए वापत् उनको योगदानको कदर गर्दै विभिन्न पुरस्कारहरूबाट सम्मानित भएका देखिन्छन् । यी पुरस्कारहरू निम्न लिखित छन् :

साझा पुरस्कार- (२०२७)
गंकी बसुन्धरा- (२०४९)
गोरखा दक्षिणबाहु चौथो र दोस्रो-(२०४०)
भूपालमान सिंह प्रज्ञा पुरस्कार -(२०५३)
वेदनिधि पुरस्कार -(२०५६) आदि

### २.१.९ देहावसान

विजय मल्ल मधुमेह रोगका बिरामी थिए । २०५६ साल वैशाख २० गते सम्पन्न आम निर्वाचनमा मत खसाली फर्केर आएपछि सिकिस्त भई उनी थलापरे । केही समय वीर अस्पतालमै स्वास्थ्योपचार गराई घर फर्केका विजय मल्ललाई पुनः रोगले च्यापेर वीर अस्पतालमै भर्ना भए तापनि उनले मृत्युमाथि विजय पाउन सकेनन् र वि.स. २०५६ श्रावण ८ गते साँझ ६:३० बजे ७४ वर्षको उमेरमा  नश्वर देहत्याग गरे । वि. सं २०५६ श्रावण ९ गते यिनलाई आफन्त तथा शुभेच्छुहरूले  भावपूण श्रद्धाञ्जली अर्पण गरेका थिए । मल्ललाई राष्ट्रिय सम्मान दिने तत्कालीन श्री ५ को सरकारको निर्णय अनुसार अन्तिम संस्कारको लागि पशुपति आर्यघाटमा प्रहरीको टुकडीले सलामी अपर्ण गरेको थियो । उनको अन्तिम संस्कार उनकै इच्छाअनुसार आफ्ना दाजु गोविन्दबहादुर मल्ल 'गोठाले'का कान्छा छोरा ( भतिज) रमेश मल्लबाट आर्यघाटमा श्रावण ९ गते अपराह्न ४:४५ मा विधिपूर्वक सम्पन्न भएको थियो ।[२१] विजय मल्लको निधनमा प्रमुख पत्र-पत्रिकाहरूले पनि श्रद्धाञ्जलिमार्फत शोक प्रकट गरेका  थिए ।

---

२१ जयदेव भट्टराई, **साहित्यकार परिचय र अभिव्यक्ति,** (काठमाडौं : ने.रा.प्र.प्र. २०५४), पृ.४५० ।

## २.२ विजय मल्लको व्यक्तित्व

विजय मल्लले नेपाली भाषा, साहित्य र राजनीति क्षेत्रमा दिएको योगदानको चर्चा गर्ने क्रममा उनमा निहित विभिन्न व्यक्तित्वहरूको चर्चा गनु आवश्यक हुन्छ । सामान्यतया अग्लो कदको उनी मोटो शरीर, गोरो वर्ण, चम्किलो मुहार, चौडा र पुष्ट छाती केही सोचिरहेजस्तो विशाल र स्वप्निल आँखा फराकिलो निधार भएका व्यक्ति थिए । पहिरनमा सुट र टाइमा बढी रुचिलिने भए पनि सभाहरूमा भने राष्ट्रिय पोशाक नै लगाउँथे । खासै नरिसाउने मल्ल कहिलेकाहीँ आफूलाई चित्त नबुझेको कुरामा झर्केर बोल्थे । बाहिरबाट हेर्दा उपर्युक्त व्यक्तित्व भएका विजय मल्लको व्यक्तित्वका पाटाहरूलाई क्रमशः निम्नानुसार चर्चा गरिएको छ :

## २.२.२ साहित्यिक व्यक्तित्व

औपचारिक रूपमा कविता विधाबाट आफ्नो साहित्ययात्रा सुरु गरेका विजय मल्लले क्रमशः कथा, नाटक, उपन्यास हुँदै समालोचना, निबन्ध र पत्रकारिता आदिजस्ता विविध विधामा कलम चलाएका छन् । यिनै विविध विधाका प्राप्त सामग्रीहरूबाट यिनको साहित्यिक व्यक्तित्वको विवेचना गर्न सकिन्छ ।

### २.२.२.१ कवि व्यक्तित्व

नेपाली साहित्यमा विजय मल्लले औपचारिक रूपमा कविता विधाबाट पदार्पण गरेको पाइन्छ तर विजय मल्लको सार्वजनिक कवितायात्रा कहिलेदेखि प्रारम्भ हुन्छ भन्ने बारेमा समीक्षकहरूमा मतैक्य देखिदैन । जयदेव भट्टराईले वि.सं. १९९८ **शारदा** पत्रिकामा प्रकाशित कवितालाई विजय मल्लको प्रथम कविता मानेका छन् ।[२२] तर **शारदा**को १९९७ सालकै अङ्कहरूमा विजय मल्लका कविताहरू प्रकाशित भएकाले यो कथन मान्य हुन सक्दैन । डा.खगेन्द्रप्रसाद लुइटेलले **आधुनिक नेपाली समालोचना**मा **शारदा**को १९९७ पौषमा प्रकाशित **किन** शीर्षकको कवितालाई मल्लको प्रथम कविता मानेको पाइन्छ[२३] तर १९९७ मार्ग महिनाको अङ्कमा नै **विश्राम** शीर्षकको कविता प्रकाशित भएकाले[२४] यो मत पनि मान्य हुन सक्दैन । त्यसैगरी विजय मल्लका बारेमा अध्ययन गर्ने पूर्व शोधार्थीहरूले आफनो शोधपत्रमा **शारदा** पत्रिकामा १९९७ सालमा प्रकाशित **स्मृति** र **मर्नुपर्छ है दाइ** शीर्षकका दुई कवितालाई प्रथम कविता मानेको पाइन्छ तर पत्रिकाको अङ्क नतोकेकाले यो मत पनि प्रमाणिक हुन सक्दैन । त्यसैले **विश्राम** (**शारदा** ६–८–१९९७ पौष) शीर्षकीय कवितालाई नै

---

२२ खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना,** (काठमाडौ : ने.रा.प्र.प्र. २०५६), पृ. १८४ .

२३ विजय मल्ल, **किन, (शारदा,** वर्ष ६, संख्या ९, पौष १९९७), पृ. ३३ ।

२४ वासुदेव त्रिपाठी, **नेपाली साहित्य शृङ्खला - भाग १,** (काठमाडौँ : एकता बुक्स, डिष्ट्रिव्युटर्स प्रा.लि. २०५२), पृ. २३८ ।

२५ नित्यानन्द खतिवडा, पूर्ववत्, पृ. २० ।

२६ चैतन्यप्रकाश प्रधान, सम्पा., **विजय मल्ल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. २१ ।

२७ हरि घिमिरे, **कथाकार विजय मल्लका कथाहरूको विश्लेषणात्मक अध्ययन,** (अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०३७), पृ.१४

विजय मल्लको प्रथम कविता मान्नु तथ्यपूर्ण देखिन्छ । उनका कविताहरू सङ्कलित रूपमा **विजय मल्लको कविता सङ्ग्रह २०१६** का रूपमा प्रकाशित छन् । यसमा ९१ कविताहरू सङ्कलित छन् । यी कविताहरूमा मल्लले विविध विषयवस्तु लिएका छन् । त्यसमा पनि दार्शनिक, राजनैतिक, विसङ्गतिवादी, अस्तित्ववादी, रोमान्टिक, प्रेमपरक, व्यङ्ग्यात्मक आदि विषयहरू नै मूख्य रूपमा आएका छन् । आफ्नो परिवेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशलाई समेत कविताको विषय बनाउन सक्षम विजय मल्लले जति कविता लेखेका छन् ती सबैमा सफलता हात पारेका छन् ।

विजय मल्लका कवितामा स्वच्छन्दतावादी भाव कम र अत्याधुनिकताको भाव बढी नै पाइन्छ । एक युगको उपसंहार र अर्को युगको पूर्वाभास बोक्ने मल्ल अत्याधुनिक काव्यधाराका एक विशिष्ट प्रतिभा मानिन्छन् ।[25] आन्तरिक र बाह्य विसङ्गतिका साथ समसामयिक युगलाई ध्वनित गर्ने विजय मल्ल अत्याधुनिक युगको प्रवर्तकको रूपमा सम्मानित हुन पुगेको  पाइन्छ ।

## २.२.२.२ कथाकार व्यक्तित्व

विद्यार्थी जीवनमा नै आफ्नो सम्पादकत्त्वमा प्रकाशित हुने हाते पत्रिकामा **दुई पसले** नामक कथा प्रकाशित गरी कथा विधामा प्रवेश गरेका विजय मल्लको प्रथम प्रकाशित कथा भने **शारदा** २००० मा प्रकाशित **दश रुपैयाँ** देखिन्छ ।[२८] विजय मल्लको पुस्तकाकार कथा सङग्रहहरू पनि रहेका छन् । ती कथासङ्ग्रहहरू **एकबाटो अनेकौं मोड** (२०२६) र **परेबा र कैदी** (२०३४)  हुन् । **एक बाटो अनेकौं मोडले** (२०२६) सालको साझा पुरस्कार प्राप्त गरेके थियो । यस कथासङ्ग्रहमा मल्लका १२ कथाहरू समेटिएका छन् । त्यसैगरी यिनको दोस्रो कथासङग्रह **परेवा र कैदी** (**२०३४**) हो भने यसमा १३ वटा कथाहरू रहेका छन् ।

विजय मल्लले नेपाली कथा साहित्यमा मनोविश्लेषणात्मक कथा लेख्ने अग्रणी कथाकारहरू भवानी भिक्षु र गोविन्द 'गोठाले' भन्दा अरु छुट्टै भिन्नै खालको मनोविश्लेषण र पात्रको अन्तर्द्वन्द्व शैलीमा कथा लेख्नु उनको विशेषता हो । विचलित मनस्थितिका साथै अस्वीकृत अकल्पनीय मनोविश्लेषण र घटनाको वर्णन यथार्थरूप प्रस्तुत गर्न सक्नु विजय मल्लको सफलतम उपलब्धी हो । यसरी उच्च बौद्धिकता, मानवीय मूल्यमान्यता, जीवनका अस्तित्त्व र विसङ्गत अवस्थाको वर्णन, आदिमतापरकको प्रयोगका साथै विज्ञान र प्रविधिले मानवीय जीवनमा परेको प्रभाव र सम्भावित जीवन कथा लेख्नु नै विजय मल्लको कथा लेखनको विशेषता हुन पुगेको छ ।[27]

---

२८ केशवप्रसाद उपाध्याय र अन्य, पूर्ववत् पृ. ७८ ।

२९ चैतन्यप्रकाश प्रधान, सम्पा. **विजय मल्ल स्मृतिग्रन्थ**, पूर्ववत्. पृ. २२ ।

विविध विषयमा कथा रचना गर्न सक्षम कथाकार विजय मल्ल मनोवैज्ञानिक कथाकार हुन् ।[२८] इतिहास र दर्शनलाई कथाको विषयवस्तु बनाउने मल्लका कथामा समसामयिक युगप्रतिको वितृष्णा, सामाजिक, मनोवैज्ञानिक र नवीन विषयको प्रस्तुतीकरण पाइन्छ । **अन्तिम भोज, पाटन, संयोग, मान्छेको नाच, प्रवेश निषद्ध देश र इन्जिनियरको टाउको** आदि कथाहरूले विजय मल्ललाई शिखरमा पुऱ्याएका छन् । यसरी नेपाली कथाको फाँटमा नयाँ मोड र आयाम थप्ने विजय मल्लको नेपाली साहित्यमा विशिष्ट योगदान देखिन्छ ।

## २.२.२.३ नाटककार विजय मल्ल

कालक्रमका हिसाबले विजय मल्लको तेस्रो विधा नाटक विधा हो । विजय मल्लले पूर्णाङ्की र एकाङ्की दुबै प्रकारका नाटक लेखेका छन् भने सङ्ख्यात्मक रूपमा पूर्णाङ्की नाटक भन्दा एकाङ्की नाटक बढी देखिन्छन् । विजय मल्लको नाट्यचयात्रा **राधा मान्दिन** (२००१) नाट्यचकृतिबाट अगाडि बढेको पाइए पनि प्रकाशित रूपमा भने प्रथम प्रकाशित पूर्णाङ्की नाटक **बहुलाकाजीको सपना** (लेखन, मञ्चन २००४) पाइन्छ ।[२९] बाल-मनोवैज्ञानिक पूर्णाङ्की नाटक **कोही किन बर्बाद होस्**बाट प्रसिद्धि पाएका विजय मल्ल **जिउँदो लास** पूर्णाङ्की नाटकबाट नेपाली नाट्चसाहित्य फाँटमा उच्च शिखरमा पुग्न सफल हुन्छन् । यस्तैगरी **पत्थरको कथा, नाम नभएको मानिस, भित्ते घडी, सृष्टि रोकिदैंन** आदि एकाङ्की रचनाले नेपाली एकाङ्की नाटककारहरूका बीच प्रतिनिधि नाटककार हुन पुगेको देखिन्छ । यिनका आरम्भिक नाट्चकृतिदेखि विकसित हुँदै गएका नाटकीय प्रविधिहरू उत्तरोत्तर नवीन रूपमा विकसित भएका छन् ।[३०]

विजय मल्लका नाट्चकृतिहरू हेर्दा सङ्ख्यात्मक र गुणात्मक दुबै रूपमा उत्कृष्ट देखिन्छन् । समस्यामूलक नाटक लेखन, मनोविज्ञानको सही प्रयोग गर्नु, घटनाको भन्दा चरित्रको वर्णन गर्नु मानवीय मान्यता र मूल्यको सुक्ष्म विश्लेषण गर्नु, कलात्मक भाषाशैली आदि विजय मल्लका नाट्चगत प्रवृत्तिहरू हुन् । विभिन्न मिथकहरूलाई समसामयिक विषय बनाएर प्रस्तुत गर्नु र विविध नाटकीय प्रयोगहरू (कथ्यगत, पात्रगत, वैचारिक, शिल्पगत, मञ्चगत) नेपाली नाट्चसाहित्यमा भित्र्याउनु विजय मल्लको अतुलनीय योगदान मानिन्छ । मनोवैज्ञानिकता, विसङ्गतिबोध,स्वैरकल्पना, साथै यी सबैको समष्टि प्रयोगशीलता नै विजय मल्लको सर्वोच्च प्राप्ति हो ।[३१]

---

२९ चैतन्यप्रकाश प्रधान, सम्पा. **विजय मल्ल स्मृतिग्रन्थ**, पूर्ववत्. पृ. २२ ।

३० पुस्करप्रसाद लोहनी, **नाटककार गोपालप्रसाद रिमाल र विजय मल्ल** (त्रि.वि. नेपाली विभागमा प्रस्तुत, अ.प्र. शोधपत्र, २०२४) पृ. १४५ ।

३१ चैतन्यप्रकास प्रधान, सम्पा. **विजय मल्ल स्मृतिग्रन्थ**, पूर्ववत्, पृ. २३ ।

### २.२.२.४ उपन्यासकार व्यक्तित्व

उपन्यासका क्षेत्रमा मनोविश्लेषणात्मकतालाई अगाडि बढाई फ्रायडबाट प्रभावित, नारी महिमा, विद्रोह अनि अस्तित्ववादी र विसङ्गतिवादी, चिन्तनलाई उजागर गरी विजय मल्लले नयाँ मोड र नयाँ फड्को मारेको पाइन्छ । यिनले जम्मा तीन उपन्यासहरू प्रकाशित गरेका छन् । **अनुराधा** उपन्यास (रचना २०१७, प्रकासन २०१८) बाट उपन्यास क्षेत्रमा सार्वजनिक भएका मल्लका **कुमारी शोभा** (२०३९), **श्रीमती शारदा** (लघु उपन्यास २०५६) पनि प्रकाशित छन् ।

विजय मल्लका उपन्यासहरूले मनोविश्लेषणात्मक उपन्यास परम्परामा ठूलो टेवा दिएका छन् । फ्रायडीय मनोविश्लेषणको सफल प्रयोग **अनुराधा** उपन्यासमा भएको छ भने ऐतिहासिक र साँस्कृतिक पक्षलाई **कुमारी शोभा** उपन्यासले उजागर गरेको छ । जीवित देवी कुमारी बनेर बसेकी नारीको संस्कारगत विश्वासको कारणबाट जन्मेको पीडाको कथा यसमा पाइन्छ । त्यसैगरी मान्छेले कुनै पनि निर्णय लिनुअघि त्यसको सकारात्मक र नकरात्मक परिणामबारे सचेत हुनु पर्दछ अन्यथा **श्रीमती शारदा** उपन्यासको प्रदिप्तमान जस्तै दुर्घटित जीवन भोग्न बाध्य हुनु पर्दछ भन्ने सन्देश **श्रीमती शारदा** उपन्यासले वहन गरेको छ ।[३२] व्यक्तिका यौनमनोविज्ञान पक्षको उद्घाटन गर्नु विजय मल्लको औपन्यासिक प्रवृत्ति हो । नेपाली उपन्यासको विकासमा ऐतिहासिक र गुणात्मक योगदान गर्दै समग्र उपन्यासको विकासमा नौलो मोड ल्याउनमा सहयोग पुऱ्याउन विजय मल्लको योगदान अतुलनीय मानिन्छ ।

### २.२.२.५ निबन्धकार व्यक्तित्व

विजय मल्ल निबन्धकार पनि रहेको पाइन्छ । अन्य विधा झैँ यो विधा फस्टाएको देखिँदैन । विजय मल्लका निबन्धहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका देखिन्छन् । प्राप्त निबन्धहरू यसप्रकार छन् :-

क) **मेरो सृजन प्रक्रिया र मेरो अनुभूति** (**रश्मी** वाङ्मय विशेषाङ्क)

ख) बुबालाई सम्झदा (**उन्नयन,** अङ्क २५)

ग) धरानको यात्रा (**यात्रा संस्मरण**)

अन्य विधाका तुलनामा निबन्ध विधाको उपलब्धि निकै कम देखिन्छन् र अध्ययन अनुसन्धान पनि भएका छैनन् । प्राप्त निबन्धहरूलाई हेर्दा यी निबन्धहरूमा बौद्धिक चिन्तन, अविरल भाव प्रवाह, ओजपूर्ण शौली र हृदयस्पर्शी भाषा विजय मल्लका निबन्धात्मक प्रवृत्तिहरू हुन् ।[३३] मल्लका निवन्धहरू छरिएर रहेकाले नेपाली निबन्धको फाँटमा उनको स्थानबारे निर्क्यौल हुन बाँकी नै रहेको देखिन्छ ।

---

३२ पीताम्बर सापकोटा, **कुमारी शोभा उपन्यासको कृतिपरक अध्ययन,** (त्रि.वि. नेपाली केन्द्रीय विभाग, अप्र. शोधपत्र, २०६२), पृ. ८ ।

३३ चैतन्यप्रकाश प्रधान, **एकाङ्कीकार विजय मल्ल**, पूर्ववत्, पृ.२३ ।

### २.२.२.६ समालोचक व्यक्तित्व

ने.रा.प्र.प्र.को प्राज्ञको हैसियतले दिनुपर्ने प्रवचनमालाको सँगालोको रूपमा प्रकाशित विजय मल्लको कृति **नाटक एक चर्चा** (२०३६) देखापर्दछ । यसमा विजय मल्लले नाटक इतिहास र नाटकीय प्रभाव नाट्यलेखनको उद्देश्य, मर्म आदिका साथै आफ्नो नाटकको सन्दर्भमा समीक्षात्मक चर्चा गरेको पाइन्छ । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा दिएको अन्तर्वातामा आफ्ना नाट्यकृतिका बारेमा गरिएको चर्चा परिचर्चाबाट समालोचक विजय मल्ल र उनको समालोचकीय शिल्पबारे प्रस्ट हुन आउँछ ।

### २.२.२.७ सम्पादक व्यक्तित्व

विजय मल्लको विविध व्यक्तित्वमा सम्पादक व्यक्तित्व पनि पाइन्छ । विद्यालयदेखि नै पत्रपत्रिकासम्बन्धी अनुभव बटुलेका विजय मल्लले पछि **शारदा** पत्रिकाको समेत सम्पादन गरेको पाइन्छ । उनका सम्पादन कार्यलाई यसप्रकार कालक्रमिक रूपमा देखाउन सकिन्छ :-

१. शुक्रमण्डलीबाट निस्कने हस्तलिखित पत्रिकाको सम्पादक - वि.स. १९९२/९३

२. **राष्ट्र पुकार** (नेपाली कांग्रेसको पत्रिका) का सम्पादक ।

३. **शारदा** पत्रिकाका सम्पादक ।

४. **कविता** त्रैमासिक पत्रिका (प्रज्ञाबाट निस्कने) को २०३६, अङ्क १ देखि २०४५ अङ्क २८ वर्ष १० सम्म सम्पादक मण्डलमा बसेर कार्य गरेका ।

५. **हिमानी** त्रैमासिक पत्रिका (प्रज्ञाबाट निस्कने) को पूर्णाङ्क १, वर्ष ३, २०२३ देखि २०२८ वर्ष १० सम्म सम्पादक मण्डलमा बसेर कार्य गरेका ।

६. **प्रज्ञा त्रैमासिक** पत्रिका (प्रज्ञाबाट निस्कने) को वर्ष २ अङक ३, २०२९ देखि वर्ष ३ अङ्क १, २०३० सम्म सम्पादक मण्डलमा बसेर कार्य गरेका ।

७. **सात एकाङ्की** २०३९ सम्पादन गरेका ।

## २.३. निष्कर्ष

विद्यार्थी अवस्थादेखि नै साहित्यप्रति रुचि राख्ने विजय मल्लले ११ वर्षकै उमेरमा कविता लेखेको पाइन्छ । १९९७ सालको **शारदा** मासिकको मंसिर अङ्कमा **विश्राम** शीर्षकको कविता प्रकाशन गरी साहित्यिक यात्रा सुरु गरेका विजय मल्लले कविता, कथा, नाटक, उपन्यास, निबन्ध जस्ता विधामा आफ्नो क्षमता प्रदर्शन गरेका छन् । संख्यात्मक र गुणात्मक रूपमा समेत चर्चित साहित्यिक कृतिहरू सृजना गर्ने विजय मल्लले विविध विधामा सहभागिता जनाएर आफूलाई उच्च कोटिका साहित्यकारको सूचिमा उभ्याएका छन् । **विजय मल्लका कविता** (२०१६) कविता

सङ्ग्रह **एक बाटो अनेकौं मोड** (२०२६), **परेवा र कैदी** (२०३४), कथा सङ्ग्रह प्रकाशित गरेका मल्लका **बहुलाकाजीको सपना, पत्थरको कथा, जिउँदो लाश, दोभान, भित्ते घडी, पहाड चिच्याइरहेछ, मानिस र मुखुण्डो** लगायतका प्रसिद्ध नाट्यकृतिहरूको प्रकाशन गरेर आफूलाई नेपाली साहित्यको प्रतिनिधि साहित्यकारको रूपमा स्थापित गराएका छन् । समालोचना विधामा समेत सफलता प्राप्त गरेका विजय मल्ल निबन्धकार, पत्रकार, सम्पादक पनि हुन् । **कुमारी शोभा, अनुराधा, श्रीमती शारदा** जस्ता सफल उपन्यासका स्रष्टा विजय मल्लले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई कदर गर्दै विभिन्न पुरस्कारहरूले सम्मानित गरिएका छन् । साहित्य र साहित्येत्तर दुबै विधामा सक्रिय विजय मल्लले देश विदेशको समेत भ्रमण गरेका छन् । यस्ता बहुमुखी प्रतिभाका धनी विजय मल्लको देहावसान वि.सं. २०५६ साल साउन ८ गते ७४ वर्षको उमेरमा काठमाडौँमा भयो । मधुमेहका रोगी विजय नेपाली उपन्यासका क्षेत्रमा मनोविश्लेषणात्मक उपन्यासका सशक्त प्रयोक्ता र नेपाली नाटकका क्षेत्रमा समसामयिक नाटककारभन्दा पृथक र विशिष्ट पहिचान बनाउन सफल मल्ल नेपाली साहित्यका चर्चित साहित्यकारहरू मध्येमा पनि एक चर्चित, उल्लेख्य र विशिष्ट साहित्यकार हुन् ।

# अध्याय - तीन

## विजय मल्लका एकाङ्कीगत प्रवृत्तिहरू

### ३.१ परिचय

विजय मल्ल नेपाली साहित्यका विविध विधामा कलम चलाउने सशक्त प्रतिभा हुन् तापनि उनको प्रतिभा विशेष रूपमा नाट्यविधामा फस्टाएको देखिन्छ । त्यसैले उनको मुख्य सृजन क्षेत्र नाटक हो भन्ने बुझिन्छ । साहित्यको दृश्य भेदअन्तर्गत पर्ने नाट्यविधाका पूर्णाङ्की र एकाङ्की दुबैभेदमा उनले सङ्ख्यात्मक र गुणात्मक दुबैदृष्टिले विशिष्ट योगदान दिएका छन् ।

वि.सं. १९९९ देखि कविका रूपमा साहित्य संसारमा प्रवेश गर्ने विजय मल्लले २००१ सालमा **राधा मान्दिन** शीर्षक एकाङ्कीका साथ नाट्ययात्रा थालेको पाइन्छ । अहिलेसम्म विजय मल्लका **बौलाहा काजीको सपना**, **पत्थरको कथा, भोलि के हुन्छ ?, सृष्टि रोकिँदैन**जस्ता एकाङ्की सङ्ग्रहहरू प्रकाशित छन् । यी एकाङ्की सङ्ग्रहहरूमा **बौलाहा काजीको सपना**मा **बौलाहा काजीको सपना, पत्थरको कथा**मा **भोलि के हुन्छ ?, सृष्टि रोकिदैँन**मा **माधुरी** भन्ने पूर्णाङ्की नाटक पनि समेटिएका छन् ।

विजय मल्लको **बौलाहा काजीको सपना** एकाङ्की सङ्ग्रहमा **हिमाल पग्लोस्, यो किताब नच्यातियोस्, मनको बन्धन**, **पुराणको हराएको पाना**, **राधा मान्दिन**, **भीमसेनको मुद्धा** र **कङ्काल** गरेर जम्मा सात एकाङ्कीहरू समेटिएका छन् । त्यसैगरी **पत्थरको कथा**मा **पत्थरको कथा, अपराध**, **बहुला कहिँका, सत्ताको खोजमा, कोसँग जुधौं, मृत्युको छाँयामुन्तिर खोज, जीवनबीमा, अन्तर्द्वन्द्व र नेपाल सँस्कृतिको भण्डार** गरेर जम्मा आठ एकाङ्कीहरू सङ्ग्रहित छन् **। दोभान**मा लघुनाटिका भनिएका **दोभान, पाहुना, अन्धाको पनि आँखा खुलेको हुन्छ , शीलाको बंगला** र **श्री ५ बडामहाराज पृथ्वीनारायण शाह** नाम गरेका जम्मा पाँच एकाङ्कीहरू सङ्ग्रहित छन् । त्यस्तै **भित्ते घडी**मा **नाम नभएको मानिस, पुरानो घर, प्रतिबिम्ब, उद्घाटन्, पर्खालभित्र, यो कस्तो दन्त्य कथा ?, एक सम्भ्रान्त परिवारको कथा, बन्द ढोका र भित्ते घडी**जस्ता नाम गरेका जम्मा नौवटा एकाङ्कीहरू सङ्ग्रहित छन् । त्यस्तै **सृष्टि रोकिँदैन** एकाङ्की सङ्ग्रहमा अन्य एक पूर्णाङ्की नाटकका साथै **सृष्टि रोकिँदैन**, एकाङ्की सङ्ग्रहित छ । यसरी अहिलेसम्म विजय मल्लका जम्मा ३० एकाङ्की नाटकहरू प्रकाशित भइसकेका देखिन्छन् । यिनै एकाङ्कीहरूको अध्ययन गरेर विजय मल्लका मूल प्रवृत्तिहरू निम्नअनुसार भेटिन्छन् ।

### ३.२ मनोविश्लेषणात्मक प्रवृत्ति

मनोवैज्ञानिक प्रभावलाई आफ्ना एकाङ्की नाटकहरूमा देखाउन अत्यन्त खप्पिस देखिन्छन् । यिनका एकाङकी नाटकहरू प्रायः सबैमा मनोविज्ञानको गहिरो प्रभाव परेको देखिन्छ । मनोविज्ञानका क्षेत्रभित्रका अनेक शाखा प्रशाखाहरूमा यिनका एकाङ्कीहरूले

कलात्मक स्वरूप प्रस्तुत गरिरहेका हुन्छन् । यसर्थ मनोविज्ञानका अनेक फाँट प्रतिफाँटभित्र विचरण गर्दै हिँड्ने मल्लले मूल नाट्यप्रवृत्ति मनोवैज्ञानिक सिद्धान्तहरूलाई आफ्ना नाटकको मूल प्रयोग क्षेत्र बनाएका छन् भने यिनका अनेक मनोविश्लेषणात्मक प्रवृत्तिहरूभित्र बालमनोविज्ञान, अपराधमनोविज्ञान, परामनोविज्ञान, फ्रायडीय यौन मनोविज्ञान, विकृतिमूलक मानसिकताको मनोविज्ञानजस्ता विविध मनोविज्ञानहरूलाई नाटकीय कलात्मक प्रयोगको कलाभित्र कुँदेर यिनी एकपछि अर्को उत्कृष्ट मनोवैज्ञानिक नाट्यकृतिहरू सिर्जना गर्न पुग्छन् र नेपाली नाट्यएकाङ्कीका क्षेत्रमा प्रवृत्तिगत हिसाबका मूल, प्रमुख तथा केन्द्रीय मनोवैज्ञानिक नाट्यएकाङ्कीकार हुन पुग्दछन् । मानवीय आवेग संयमित प्रयोग मल्लका एकाङ्कीहरूमा पाइन्छ । कतै तत्कालीन सामाजिक परिवेशले व्यक्तिको मानसिकतामा परेको गम्भीर प्रभाव र अबोध बालमानसमा अभिभावकहीनताले पारेको असरलाई स्पष्ट पारेका छन् । यस्तै यिनका एकाङ्कीहरूलाई अझ नियाल्दै जाँदा बाल अपराध, मानसिक कुण्ठा जिजीविषा र स्वार्थी मनोवृत्तिलाई छर्लङ्ग पारेका छन् । परम्परागत संस्कार र मृत्यु नजिक पुगेका मानवको रुग्ण मनस्थितिलाई अत्यन्त कलात्मक रूपमा प्रष्ट्याएका छन् र विभिन्न सामाजिक र राजनीतिक वातावरणले नारीहरूको मनस्थितिमा पारेको प्रभाव, व्यक्तिको अन्तरमनको चित्रण, मनमस्तिष्कका अन्तरतरङ्गहरू मानसिक कुण्ठा, यौनावेगको चित्रण, आवेगमनका आवाजहरूको चित्रण आदि मनोवैज्ञानिक प्रवृत्तिहरू विजय मल्लका एकाङ्कीहरूमा भेटिन्छन् ।[34] यिनका प्रत्येक एकाङ्कीहरूमा मानवीय जीवनका घातप्रतिघात यौनावेग, कामवासना, नारी र पुरुषका मनोग्रन्थिको चित्रण गरेको पाइन्छ । कतै हीनताग्रन्थि सक्रिय हुन्छन् भने कतै उच्चताग्रन्थि सक्रिय भएर आएका हुन्छन् । अचेतन र अवचेतनको तहमा पुगेर हेर्दा मानव कस्तो देखिन्छ भन्ने मनोवैज्ञानिक प्रयोग यिनका एकाङ्कीमा देखिन्छन् । मनोविज्ञानबाट अझ पर परामनोविज्ञानसम्म पुगेर मल्लले मान्छेको अवलोकन गरेका छन् । कतै बालमस्तिष्कको अध्ययन गर्दछन् । भने कतै रुग्ण मानवीय मनको अध्ययन गर्दै उनको अभिष्टलाई चियाउन पुग्दछन् । **अन्तर्द्वन्द्व** एकाङ्कीमा त लोग्ने मान्छे एक्लै रुग्ण र जर्जर अवस्थामा भूतभुताइरहेको देखिन्छ । "यसरी भाउ लाउनु पर्दैन । मलाई थाहा छ । तिम्रो प्रेम म मा कहिल्यै थिएन, खाली लोकलाज बचाउन व्यावहार गरेकी थियौ । सत्य बोल, यसमा अब लाज र असजिलो मान्ने कुरा नै छैन, किनकि अब म तिमीमाथि अत्याचार गर्न सक्दिनँ । मेरो दुनियाँ नै बदलिसकेको छ । मलाइ त अब सडकमा हिंड्न हुँदैन थुक्छन्, ढुङ्गाले हान्छन्, हाहा  गर्दछन् । म पहिलेको सी.आई.डी.राणाको नोकर चाकर ?"[35] विजय मल्ल सामान्य र असामान्य दुबै मनस्थितिका पात्रहरूलाई समायोजन गर्दै नारी मनस्थितिलाई स्थान दिई नारीहरूको विविध मनोवैज्ञानिक समस्यालाई सफल रूपमा आफ्ना एकाङ्कीहरूमा चित्रण गर्दछन् । मल्ल नारी मनस्थितिका साथै पुरुषमनको पनि गम्भीर चित्रण गर्न पुग्दछन् । विजय मल्लले मनोविज्ञानलाई मूल प्रवाह बनाएर लेखिएका एकाङ्कीहरूमा **अन्तर्द्वन्द्व, सपनाको देशमा, अपराध, बहुला कहिँको, कोसँग जुधौं,**

[34] डा. केशवप्रसाद उपाध्याय, एकाङ्कीकार विजय मल्ल, (**गरिमा,** वर्ष १६, अङ्क १६, चैत्र २०५४, काठमाडौँ : साझा प्रकाशन) पृ. २७ ।

[35] विजय मल्ल, **अन्तर्द्वन्द्व, पत्थरको कथा,** (काठमाडौँ : साझा प्रकाशन, २०२८) पृ. १६३ ।

**बहुला काजीको सपना, दोसाँध, पाहुना बालबालिकाको अवसर हाम्रो दायित्त्व, उद्घाटन, प्रतिबिम्ब, सृष्टि रोकिँदैन** आदि पर्दछन् ।

मनोविश्लेषणात्मक एकाङकीकार विजय मल्लका एकाङ्कीहरूमा क्रियाशील पात्र सामान्य र असामान्य वा स्वस्थ अस्वस्थ दुबै प्रकारका छन् । यी र यस्ता पात्रमा कोही मनोरोग र कोही शारीरिक रोगले ग्रस्त छन् । मनोरोगीहरूमा मनस्ताप, अवसाद, उन्माद, चित्तभ्रम, दुश्चिन्ता, असङ्गत, भय आदि छन् । शारीरिक रोग लागेकामा कोही रक्तचापले र कोही ट्युमरले ग्रस्त छन् भने कोही अपाङ्ग पनि छन् ।[36] समस्या उत्पन्न गर्ने वा समस्याद्वारा पीडित हुने पात्र प्रायः व्याक्तिवादी छन् र आत्ममुग्ध छन् । केही पात्र सामाजिक छन्, केही पात्र प्रबुद्ध र विश्वमानवजस्ता छन् । प्रमुख पात्रमा कुनै न कुनै किसिमको अतिवादिता हुन्छ । कसैमा आदर्शात्मक लक्ष्यप्रति अति मोह छ, कसैमा दुश्प्राप्य अभिष्टप्रति अतिमोह छ, कसैमा अति स्वप्नदर्शिता छ, कसैमा अतिशय भावुकता र संवेदनशीलता छ । अनि कसैमा अतिन्द्रीय चेतना पनि छ तर जे जस्ता भए पनि मल्लका एकाङ्कीहरूमा मूल प्रवाहका रूपमा मनोविज्ञान नै आउने भएकाले मल्ल एक सशक्त मनोविश्लेषणात्मक एकाङ्कीकार हुन् भन्न सकिन्छ ।

## ३.३ सामाजिक यथार्थता

विजय मल्लको अर्को प्रवृत्ति सामाजिक यथार्थता रहेको देखिन्छ । उनका एकाङ्कीहरूमा तत्कालीन समाज र यसले पात्रहरूमा पारेको प्रभाव साथै त्यहाँ मान्छेले पाएको भूमिका यथार्थरूपमा देखिन्छ । समाजमा देखिएको पुस्तागत द्वन्द्व र यसले पात्रमा पारेको असरबारे सफल रूपमा चित्रण गर्दछन् । पुरानो पुस्ताको परम्परागत सोचाइकोसामु नयाँ पुस्तालाई जीवन बिताउन गाह्रो भएको कुराका साथै सामाजिक उत्तरदायित्त्व, कर्तव्यबोध, राष्ट्रियताजस्ता सकारात्मक प्रवृत्ति भएका पात्रहरू एकातिर छन् भने दुराचारी, हत्या, हिंसा र अन्याय गरेर क्षणिक स्वार्थ पूर्ति गर्ने पात्रहरू पनि अर्कातिर देखिन्छन् । त्यस्तै मल्ल एकातिर राजनीतिक पृष्ठभूमिमा रहेको मानव समाजको राष्ट्रप्रेम र कर्तव्य बोधको दायित्त्व देखाउँछन् भने अर्कोतर्फ मानवीय जीवनलाई पिरोलिरहेको वस्तुतथ्य पनि प्रस्टयाउँछन् । यान्त्रिक समयमा गुज्रेका मानव जीवनको साथै सामाजिक शोषण हत्या, हिंसा जस्ता अमानवीय प्रवृत्तिहरू पनि यिनका एकाङ्कीहरूमा पाइन्छन् ।

विजय मल्ल आफ्ना एकाङ्कीहरूमा परम्परागत समाज दिनानुदिन पतन भइरहेको तर मानवमा सोचमा परिर्वतन आउन नसकेको वस्तुतथ्य आफ्ना एकाङ्कीहरूमा देखाउँदै आफू बसेको समाज अनि यसले मानव जीवनमा पारेको गम्भीर प्रभावको सरल चित्रण प्रस्तुत गर्ने एक प्रभावशाली सामाजिक यथार्थवादी एकाङ्कीकार हुन् ।[37] यिनका **राधा मान्दिन, अपराध, बहुला कहिँका, सत्ताको खोजमा, जीवनबीमा, पुरानो घर, उद्घाटन, हिमाल पग्लोस्, यो किताब नच्यातियोस्, अन्धाको पनि आँखा खुलेको हुन्छ, शीलाको बंगला,**

---

[36] केशवप्रसाद उपाध्याय, **गरिमा,** पूर्ववत्, पृ. २६ ।

[37] ऐजन्, पृ. २५ ।

**भीमसेनको मुद्धा, श्री ५ वडामाहाराजा पृथ्वीनारायण शाह, सृष्टि रोकिँदैन** आदि एकाङ्कीहरू सामाजिक यथार्थवादी एकाङ्की हुनाले परम्पराधर्मी छन् ।

## ३.४ प्रतीकात्मकता

प्रतीकलाई दृश्यवस्तुका माध्यमबाट अदृश्यवस्तुको वर्णन गर्ने कला मानिन्छ । यिनका प्रायजसो एकाङ्कीहरूमा प्रतीकको प्रयोग गरेको देखिन्छ । यिनले शीर्षक विधान, पात्र विधान, परिवेश विधान आदिमा प्रतीकको प्रयोग गरेका छन् । मल्ल वस्तुगत यथार्थ र त्यसका प्रभावबाट उत्पन्न मनोगत अवस्थाको प्रकाशनमा रुचि लिने नाटककार हुन् र यिनी नाटयवस्तुअन्तर्गत पुराकथात्मक आदिबिम्ब, मान्छेका अवचेतनमा उदाउने विविध मनोबिम्ब तथा विविध प्रतीकहरूको समायोजन गर्न अत्यन्त सफल देखिन्छन् । **पत्थरको कथा** एकाङ्कीको शीर्षक प्रतिनिधिमूलक र प्रतीकात्मक देखिन्छ । पत्थर भनेको जड या संज्ञाहीन वस्तु हो । त्यसमा चेतना हुँदैन तर यस कृतिको शीर्षक **पत्थरको कथा** राखेर एकाङ्की तयार गरेका भए पनि एकाङ्की भरी नै पत्थरको कथा कहीँ पाइँदैन । प्रतीकात्मक रूपमा पत्थर जस्तै निर्जीव संज्ञाहीन मानवको कथा यहाँ पाइन्छ ।

त्यसैगरी **पुराणको हराएको पाना** एकाङ्कीमा पुराणको पाना वास्तवमा नै हराएको नभएर पुराणमा गंगाका मातृत्त्वको भूमिका लुकाएको प्रतीकात्मक संकेत यहाँ पाइन्छ । गंगाको मातृत्त्व चिच्याइरहेको छ । ऊ बारम्बार आग्रह र अनुरोध गर्दछ कि सात-सात सन्तानको जघन्य अपराध गरेकाले मृत्युदण्ड दिइयोस् तर यो कुरा पुराण मान्दैन । यसै प्रसङ्गमा गंगा भन्छे -

> "एउटी आमालाई आफ्ना सन्तानहरूको हत्या गर्न लगाउनु कस्तो सराप हो ? या कस्तो दण्ड हो ? कुन चाहिँ आमाले आफ्नो सन्तानको हत्या गर्न सक्छे ? मबाट त्यही गराइयो । ........
>
> शान्त : हो यिनले मेरा सात छोराहरूलाई यसैगरी नदीमा सेलाइ दिइसकिन् । म सर्तअनुसार यिनलाई रोक्न पनि सक्दिन .......=
>
> गंगा : हैन हैन, म हत्यारा नै हुँ मलाई दण्ड मिलोस्, मृत्युदण्ड ।[३८]

त्यसैगरी **दोभान** एकाङ्कीका पात्रहरू जीवनलाई रोज्ने कि मृत्युलाई रोज्ने भन्ने अनिर्णयमा अल्झिएका देखिन्छन् । आफूलाई पौराणिकपात्र पनि भन्न सक्दैनन् र अन्य पात्र पनि भन्न सक्दैनन् । यसैको बीचमा के हो र के होइन भन्ने कुरामा रुमल्लिएका हुनाले शीर्षक प्रतीकात्मक देखिन्छ । आजको मान्छेको यथार्थ जीवनको प्रतीकात्मक तस्वीर पनि यहाँ बिम्बित भएको छ । जस्तै :

> अर्जुन : म न पौराणिक कथाको पात्र हुन सकें न दन्त्य कथाको ? केवल अर्जुन भएँ, अर्जुन कुमार हुनसकेँ । अभिनय गर्ने । तर महाभारतको अर्जुन भए पनि

[३८] ऐजन् , पृ. १२२ ।

> सहजै अभिनय गरिदन्थिँ तर त्यो पनि हुन सकिन र जीवन भेट्टाउन नसकेर दोभानमा अल्झिएको अर्जुन मात्र भएँ ।[39]

त्यस्तै **यो कस्तो दन्त्यकथा** ? एकाङ्कीमा कुनै दन्त्यकथा पाइँदैन । दन्त्यकथाको मिथकलाई लिए पनि यसको माध्यमबाट आजको मुखुण्डोधारी राक्षसधारी समाजको मान्छे प्रतीक बनेर आएको छ । विजय मल्लले पात्रपात्राहरूमा पनि प्रतीकको प्रयोग गरेका छन् । **पत्थरको कथा** एकाङ्कीको विपिन देवको शोषणको चरम रूप  यस एकाङ्कीमा पाइन्छ । विपिनदेवको नोकर र रघुवीरसिंहको संवादमा –

> "....... तपाईं रातमा लम्फाको अगाडि किताब पढ्दै हुनुहुन्थ्यो । मैले पछाडिबाट वार गरेँ– तपाइँ ठहरै हुनुभयो । अहो ! कस्तो दृश्य थियो, तपाईंको पिठ्युँबाट रगतको फोहरा छुटेको थियो । मैले तुरुन्तै तपाइँलाई उठाएर जमिनमुनि गाडिदिएँ ।[40]

त्यस्तै ऊ भन्दै जान्छ :

> "हो ज्वालारानी म तपाइँसुतेको कोठामा पुगेँ । मुखमा कपडा कोचेँ ।  मालिक एक कुनाबाट हेरिरहनु भएको थियो । कस्तो क्रुर अनुहार थियो  त्यो ! बन्चरो, काठ चिर्न राखेको बन्चरो, त्यसमा मेरो आँखा पुग्यो । मैले आँखा चिम्लेर उठाएँ- तपाइँमाथि ।"[41]

**पुराणको हराएको पाना**मा बढार्दै गरेकी आइमाई एक न्यायधीसकी प्रतीक हुन् भने कुचो आणविक हतियारको प्रतीक बनेको छ त्यस्तै फोहर वर्तमान मानिसका मानसिक रोगको प्रतीक बनेको छ । यसै एकाङ्कीको सूर्य उज्यालोको प्रतीक हो भने गंगा निष्कलङ्कको प्रतीक हो । शान्तनु शान्तिको प्रतीक बनेको देखिन्छ भने चेतना ज्ञान विवेकको प्रतीक बनेर सशक्त रूपमा आएको देखिन्छ । **यो कस्तो दन्त्य कथा** ? का पात्रहरू राक्षस हत्याहिंसा र मृत्युको प्रतीक बनेको छ भने गोविन्द निरिहताको प्रतीक बनेका छन् । विजय मल्लका प्रतीकात्मक प्रवृत्ति बोकेका वा प्रतीक मुख्यरूपमा आएका एकाङ्कीहरूमा **पत्थरको कथा, पुराणको हराएको पाना, नाम नभएको मानिस, दोभान, यो कस्तो दन्त्यकथा ? पर्खालभित्र पुरानो घर, दोसाँध भोलि के हुन्छ** आदि पर्दछन् ।

## ३.५ दृश्यात्मकता

विजय मल्लका एकाङ्कीहरूमा पाइने अर्को प्रवृत्ति दृश्यात्मकता हो । प्रकाश व्यवस्थालाई अत्यधिकरूपमा उपयोग गर्ने नाट्यप्रवृत्तिलाई दृश्यात्मक प्रवृत्ति भनिन्छ । असहज परिस्थितिका कारण पनि कुनैकुनै कुराहरू जस्तै नदी बगेको, नदीको आवाज, हावा बहेको हावाको आवाज, चरा र चराको आवाज अन्य त्यस्ता धेरै कुराहरूलाई प्रकाश

---

[39] ljho dNn, **दोभान**, (काठमाडौँ : ने.रा.प्र.प्र.२०३४), पृ.४ ।

[40] विजय मल्ल, **पत्थरको कथा**, पूर्ववत्, पृ.४ ।

[41] ऐजन्, पृ. ६ ।

व्यवस्थाका माध्यमबाट नाटकमा सहज रूपमा प्रयोग गरिन्छन् भने ती दृश्यव्यवस्थालाई मध्यनजर गरेर गरिएका हुन्छन् र प्रकाश व्यवस्थाकै सहयोगबाट ती कुराहरूलाई देखाइन्छ ।

विजय मल्लका प्रायः सबै एकाङ्कीहरूमा दृश्यात्मकता पाइन्छ । **पुराणको हराएको पाना** एकाङ्कीमा दृश्यात्मकता प्रयोग यत्रतत्र देखिन्छ । नाटकको रङ्गनिर्देशनमा नै प्रकाश व्यवस्थालाई विशेष रूपमा व्यवस्थित गरिएको छ । प्रकाशको उचित व्यवस्थाको प्रयोग गर्दा मञ्चमा सजाएका तस्वीरहरू, फूल, पुस्तकका ठेलीहरूलाई आकर्षक तुल्याइएको छ । पात्रको इसारा कार्यव्यापारमा पनि दृश्य सहयोगी देखिन्छ । जस्तैः

शान्ता : (बस्दै) मैले चाहेको कुरा पुग्छ ?

गंगा : (तर्सेर भाग्न खोज्दै) उहाँले चाहेको कुरा पुग्छ ?- अहो !

मन : (समाउँदै) किन तर्सनुभएको ? सबैले चाहेको कुरा पुग्छ, यदि त्यो चाहना उचित हो भने (एउटी आइमाई सर्वत लिएर पस्छिन्) लौ पिउनुहोस् सर्वत दिन थाल्दछिन्) । [52]

माथिको संवादमा दृश्यको माध्यमद्वारा ती पात्रहरूले गरेको अभिनयलाई प्रभावकारी बनाइएको छ । मल्लले यसै नाटकमा मञ्चभित्रै अर्को मञ्चको नवीन प्रयोग गरेका छन् पर्दा बन्द गरेर पुनः मञ्च सृजना गर्ने परम्परा विपरीत त्यही ठाँउ र तिनै मान्छेहरू अर्को भूमिकामा प्रस्तुत भएका छन् । यस पुनर्मञ्चीय व्यवस्थामा दृश्यको समुचित संयोजनले अहम् भूमिका खेलेको पाइन्छ ।

**पत्थरको कथा** एकाङ्कीमा पनि प्रकाशको विशेष व्यवस्था देखिन्छ । जसको प्रयोगले पात्रहरूको इसारा हाउभाउमा पनि देखिन्छ । वर्तमान नाटकमा दृश्यलाई शक्तिशाली तत्त्वका रूपमा लिइएको पाइन्छ । मञ्चमा दृश्यलाई प्रभावकारी र रोचक बनाउँदा नै नाटक सफल हुने हुनाले पनि यसको प्रयोगमा जोड दिइएको देखिन्छ जसको प्रयोग मल्लले सफल रूपमा गरेका छन् । अभिनयलाई अझ व्यवस्थित पार्ने उद्देश्यको अवस्थालाई **पत्थरको कथा** एकाङ्कीकै एक प्रसङ्गबाट स्पष्ट हुन सकिन्छ :

तीनै जना : (रघुवीरसिंह - तीनै जना एक डल्लो भएर उठ्छन्) ।[53]

विपिन : रघुवीर लै आ ! (विपिन हात उठाउन खोज्छ, उठ्तैन, खुट्टा चलाउन खोज्छ, चल्दैन) के भो मलाई श्रीकान्त मेरा हात गोडा नै चल्दैनन् ।[54]

कृष्णा : श्रीकान्त बोल्नोस्, म पत्थर हुन्छु । (श्रीकान्त बोल्दैन पत्थर भइसक्छ) अहो ! म पनि पत्थर हुन्छु । सबजना पत्थर भइसके म के गरूँ अब भाग्न

---

[52] विजय मल्ल, **पुराणको हराएको पाना र सात एकाङ्की,** पूर्ववत्, पृ, ११४ ।

[53] विजय मल्ल, **पत्थरको कथा,** पूर्ववत्, पृ. २ ।

[54] ऐजन्, पृ. १६ ।

कोसिस गर्छे, दौडन्छे, लोट्छे, चिच्याउछे, कराउछे, घोप्टिन्छे, पत्थर हुन्छे )[45] ।

विजय मल्लका एकाङ्कीमा प्रकाश व्यवस्थाकै कुरा गर्दा सम्पूर्ण एकाङ्कीहरूमा प्रकाश व्यवस्थाको उचित व्यवस्थापन गरेको देखिन्छ । कतै यिनका एकाङ्कीहरूमा पात्रहरू आफैँ अगाडि सरेर नाटक निर्देशनको खोजी गर्ने नवीन प्रयोगको कार्य गरेका देखिन्छ भने कतै जङ्गली जनावर, चराचुरुङ्गीका आवाज आदिलाई प्रकाश व्यवस्थाको उचित व्यवस्था गरेर देखाइएको हुन्छ । दलिन सर्ने, भित्ता हिँड्ने जस्ता दृश्यलाई पात्रका हाउभाउ इसारा आदिजस्ता आन्तरिक अभिनयलाई पनि दृश्यका माध्यमबाट अझ स्पष्ट बनाउने प्रयास विजय मल्लका एकाङ्कीहरूमा देखिन्छन् । जस्तै :

ज्योति : (हाँसेर) रोग ? जस्तो तपाइँको नाम छैन, त्यस्तै त्यो रोगको पनि नाम छैन । अर्थात् तपाईलाई कुनै रोग लाग्या छैन ।

मानिस : (बसेको ठाउँबाट उठेर) ठीक डाक्टर, ठीक ! मलाईकुनै रोग लागेको छैन । (पाकेटबाट नोट झिक्दै) तपाइँको फिस लिनोस्, डाक्टर साहेब, मलाई कुनै रोग लागेको छैन ।

ज्योति : ठीक भन्नुभो, त्यसो भए दिनोस् ।

मानिस : लिनोस् । नोट डाक्टरको हातमा दिन्छ, उठेर निस्कन खोज्दै) तर तपाईलाई अहिले मलाई भोग्दै गरेका अनुभवहरू बताएँ भने, डाक्टर, तपाई मलाई निरोगी भन्न सक्नुहुन्न ।[46]

त्यस्तै नाटकको अन्त्यतिर सुलोचना भन्दै जान्छे :

भो भो, सुनिता !

सुनिता रोएर पछारिन्छिन् सबै जना तिनलाई घेर्न पुग्छन् । स्टेज अँध्यारो हुन्छ, ज्योति मात्र देखापर्छ अगाडि भागमा । [47]

यसरी माथि दिइएका सम्पूर्ण नाट्यांशहरूले विजय मल्लका एकाङ्कीहरूमा दृश्ययोजनालाई उचित ढङ्गले प्रयोग गर्ने गरेको पाइन्छ भन्न सकिन्छ । त्यसैले दृश्यात्मकता पनि यिनको मूल प्रवृत्ति मानिन्छ ।

## ३.६ प्रयोगधर्मिता

---

[45] ऐजन् पृ. १७ ।

[46] विजय मल्ल, **नाम नभएको मानिस, भित्ते घडी**, (काठमाडौं : साझा प्रकाशन, २०४१) पृ. ४ ।

[47] ऐजन्, पृ. २१ ।

एकाङ्कीकार विजय मल्ल प्रयोगवादी एकाङ्कीकार पनि हुन् । उनले नेपाली एकाङ्की नाटकलाई यथार्थको घेराबाट उम्काउन ठूलो प्रयत्न गरेका छन् । वास्तवमा मान्छेको जीवन लम्बाइ र चौडाइको नापोभित्र मात्र अड्ने चिज होइन, बाह्य यथार्थभन्दा भित्री यथार्थ मानव जीवनको झन् शास्वत पक्ष हो । यसैले समय र स्थानको सीमाको आक्रमण गर्दै मानव जीवनको आन्तरिक यथार्थलाई प्रकट गर्नु हो । यी कुराहरू पाश्चात्य परम्परामा स्यामुअल बेकेटबाट, सुरु भएको प्रयोगवादी धाराका केही विशेषता मानिन्छन् । मल्लले यस्तो प्रवृत्तिलाई आत्मसात गरी लेखेका केही एकाङ्कीहरू **कङ्काल**, **पत्थरको कथा, पुराणको हराएको पाना**, **नाम नभएको मानिस, प्रतिबिम्ब, यो कस्तो दन्त्यकथा** ?, स्वैरकल्पनामूलक प्रयोगवादी प्रवृत्तिका छन् । यीबाहेक **नेपाल संस्कृतिको भण्डार, पाहुना, दोभान, भित्ते घडी** आदि कतिपय एकाङ्कीहरूमा आंशिक प्रयोगवादी प्रवृत्ति पाइन्छन् ।

विजय मल्लको पहिलो प्रयोगवादी एकाङ्की **कङ्काल** स्वप्न नाटकको रूपमा लेखिएको हो । यसमा शरीर विज्ञानको पृष्ठभूमिमा बाल-विधवाका यौनमनोविज्ञानको विश्लेषण गरिएको छ ।[१६] यस्तै मल्लको प्रयोगवादी एकाङ्की **पुराणको हराएको पाना**मा पौराणिक उपाख्यान र मिथकलाई पुन : प्रयोग गरिएको छ र पौराणिक कालदेखि आजसम्मको तीन/चार हजार वर्ष लामो परम्परालाई गंगा र अष्टवसुको मिथकका सहायताले आधुनिक व्याख्याका साथ नाटकीकृत गर्दै उक्त परम्परा उल्लङ्घन गरी पात्र योजना राखिएको छ । परम्परागत नाट्यप्रवृत्तिका आधारमा हेर्दा यस्ता नाटक निरर्थक लाग्न सक्छन् । परन्तु यसमा नाटककारले बिचित्रताको पाठक वा दर्शकलाई झुक्याएर उसको वैचारिक चेतनालाई खोतल्ने जुन प्रयास गरेका छन् त्यसले आन्तरिक यथार्थलाई प्रकट गर्न मद्दत पुऱ्याएको देखिन्छ ।

विजय मल्लको अर्को प्रयोगवादी प्रयोगएकाङ्की **पत्थरको कथा** हो । यसमा सामन्ती जीवनका पृष्ठभूमिमा पारिवारिक तथा सामाजिक जीवनमा घटित हिंसा र हत्याको दुःखद् र त्रासद् घटनालाई प्रस्तुत गरिएको छ । यसमा पात्र विधान विशिष्ट परिवेशमा गरिएको छ । हामी बोल्दा बोल्दै जड भयौं भने त्यसको परिणाम के हुन सक्ला ? भन्ने चिन्तनलाई व्यक्त गरिएको छ । सामाजिक घटनालाई नघटाइ स्वैरकल्पनाको प्रयोगद्वारा विजय मल्लले **पत्थरको कथा**द्वारा एक विद्रूपात्मक त्रासदीको स्वरूप प्रस्तुत गरेका छन् । त्यस्तै यिनको अर्को प्रयोगवादी एकाङ्की **नाम नभएको मानिस** हो । यसमा नारी समस्यालाई देखाइएको छ । यसको विषयवस्तु हास्यास्पद तथा अस्वभाविक एवं असंभवजस्तो पनि लाग्दछ तर यसमा अर्न्तनिहित विचारधाराले समाजका विभिन्न तहमा व्यष्टि र समष्टिका बीचमा हुने अन्तर्द्वन्द्वलाई सशक्त रूपमा अभिव्यक्त गरेको पाइन्छ । यसमा एउटा पात्र छ जसलाई आफ्नो नामसँग उपेक्षा छ । किनभने ऊ सोच्दछ "प्रत्येक नामले कुनै देश, कुनै जाति कुनै धर्म वा सम्प्रदायलाई बोकी रहेको हुन्छ ।"[१७] त्यसैले ऊ नामहीन हुन चाहन्छ । अर्को दृष्टिबाट हेर्दा आजका मानिस सबै नामहीन हुन् । जसको कुनै वैयक्तिक पहिचान सम्भव छैन । त्यस्तै अर्को प्रयोगवादी एकाङ्की **प्रतिबिम्ब**मा स्त्री र पुरुषको सम्बन्धको जटिलता

---

[१६] केशवप्रसाद उपाध्याय, पुर्ववत्, पृ.२३ ।

[१७] विजय मल्ल **नाम नभएको मानिस, भित्ते घडी** , (काठमाडौं : साझा प्रकाशन, २०४०) पृ. ३ ।

देखाइएको छ । **यो कस्तो दन्त्यकथा ?** मा एक भयानक राक्षसको प्रतीकात्मक प्रयोगको कथा प्रस्तुत छ भने **दोभान**मा अर्जुन, सत्यवान र सावित्राको मिथकलाई आधुनिक सन्दर्भमा आधुनिक व्याख्याका साथ प्रस्तुत गरिएको छ । भने **भित्ते घडी**मा आतङ्कवादको विषय प्रस्तुत गरिएको छ भने **अपराध**मा पुरुषका दुराचारको विषय प्रस्तुत गरिएको छ । त्यस्तै **अन्तर्द्वन्द्वमा** एकल पात्र मात्रै भूतभुताइरहेको, एक्लै कराइरहेको, चिच्याइरहेको रिसाइरहेको दृश्य देखाई नाटक हेर्ने दर्शकलाई अनौठो चर्तिकला देखाई नवीन प्रयोगशीलताको प्रयोग गरेका छन् ।

यस प्रकार मल्लले आफ्ना केही नाटकमा प्रयोगवादी धारालाई अघि बढाउने प्रयास गरेका छन् । वास्तवमा उनी आफ्ना हरेक नाटकमा एउटा असामान्य विचार स्थिति र दृष्टिकोण प्रस्तुत गरिरहेका हुन्छन् । नित्य नयाँ समाजको खोजी र प्रवृत्तिको पहिचान मल्लको विशेषता नै देखिन्छ । यिनै कुराहरूले गर्दा पनि विजय मल्ल प्रयोगवादी नाटककार हुन् भनेर स्पष्ट पार्न सकिन्छ ।

## ३.८ समस्यामूलकता

विजय मल्लको अर्को प्रवृत्ति समस्यामूलक एकाङ्की लेखन हो । मल्ल आफ्ना एकाङ्कीहरूमा  समाजमा भएका समस्याहरूलाई औँल्याइरहेका हुन्छन् ।

विजय मल्लका एकाङ्कीहरूमा समस्यामूलक प्रयोग पनि भेटिन्छन् । यस्ता समस्यामूलक एकाङ्कीहरूमा कतै व्यक्तिमनको समस्या र कतै सामाजिक समस्याका परम्परित मान्यता र नयाँ मान्यता बीचको समस्या एवं नयाँ चेतना सहितको नवीन समस्याजस्ता समस्यामूलक प्रवृत्तिहरू संस्लिष्ट रूपमा संयोजित हुन पुगेको भेटिन्छ । कतै नारी समस्यामूलकताले नेपाली समाज ग्रस्त भएको देखाउँछन् भने कतै समाजका मुख्य तथा सामान्य समस्याका परम्परित मान्यता र नयाँ मान्यताबीचको समस्या एवं नयाँ चेतना सहितको नवीन समस्या जस्ता समस्यामूलक प्रवृत्तिहरू संस्लिष्ट रूपमा संयोजित हुन पुगेको भेटिन्छ । कतै नारी समस्यामूलकताले नेपाली समाज ग्रस्त भएको देखाउँछन भने कतै समाजका मुख्य तथा सामान्य समस्या जस्ता विविध समस्याका स्वरूपले यिनका नाटकहरूमा समस्यामूलक प्रवृत्ति अँगाल्नपुगेका भेटिन्छन । यस्तो समस्यामूलक एकाङ्की सिर्जना गर्ने क्रममा एकाङ्कीभित्र समाजको रुग्णता व्यक्तिमनको रुग्णता र वैचारिकताले गर्दा पात्रीय नयाँ पुस्तागत रुग्णताका समस्यामूलकता टड्कारिएका भेटिन्छन् । यिनको **अन्तर्द्वन्द्व** एकाङ्की यस्तै समस्यामूलक एकाङ्की हो । यस एकाङ्कीमा एकजना लोग्ने मानिस एक्लै छटपटाइरहेको देखिन्छ । ऊ आफ्नो श्रीमतीसँग अनेकौकिसिमको उपशंका भिकेर उसलाई गाली गरिरहेको देखिन्छ । त्यसैगरी **बालबालिकाको अवसर हाम्रो दायित्त्व** एकाङ्कीमा बाँच्न र खानका लागि संघर्ष गरिरहेका सडक छाप केटाकेटीहरूप्रतीको समस्या देखाएका छन् । समस्यामूलक एकाङ्कीकै चर्चा गर्ने क्रममा **नाम नभएको मानिस**, उत्कृष्ट एकाङ्की बनेर देखापर्दछ । यस एकाङ्कीमा रोग, शोक र भोकले पिल्सिएका थिचिएका नारी तथा पुरुष पात्रहरूको रुग्ण मानसिकताको चित्रण गरिएको छ । जस्तै :

मानिस : हो यसरी आफूलाई जीवनभर ठग्दै जानोस् र भ्रान्तधारणाको निमित्त बली हुनेको राम्रो उदाहरण बन्नोस् ।

सुनिता : तपाईं नीच हो  नीच पतित ।

मानिस : म सिँगान, राल, खकार हुँ । थुक्नोस मलाई तैपनि म बाँच्न सक्छु, सत्य कुरा बोलेर नामहीन भएर ।

ज्योति :  भो भो भो  सुनिता.........साथी चुप लाग्नोस् ।

सुनिता : (रिसले उत्तेजित भएर) क्षुद्र, नीच, पतित ।

मानिस : म आइमाइको तिरस्कार, घृणा सब लिएर बाँच्न सक्छु ।

सुनिता : (रिसले टेबिलमा भएका किताबहरू टिप्दै उसलाई हान्दै) म यस्तो लामखुट्टेलाई हानेर मारिदिन्छु ।

ज्योति : (सुनितालाई छेक्तै ) भो भो सुनिता, भो नरिसाऊ ।

मानिस : म असहिष्णुता, निरंकुशता, पराधीनताको माझमा पनि निरपेक्ष भएर बाँच्न सक्छु ।

सुनिता : मारिदिन्छु यस्तो घीनलाग्दो कीरालाई, फट्याङ्ग्रालाई उपियाँलाई । (टेबिलमा भएका अरू किताबहरूले  हान्दै जान्छिन्)

मानिस : नामहीन भएर पनि म मर्न सक्छु । [५०]

त्यस्तै **सत्ताको खोजमा** एकाङ्की नारी समस्यालाई मूलरूपमा लिएर सामाजिक रुढी संस्कार प्रेतात्मा कानुन आदिलाई यथार्थरूपमा प्रस्तुत गरी समाजले नारीप्रति गरेको व्यावहार र समाजमा व्याप्त कुरीति आदिको भण्डाफोर गर्ने काम गरिएको छ । त्यसैगरी **दोसाँध** एकाङ्कीमा पात्रीय मनोदसामूलक समस्याको चित्रण गरिएको छ भने **पाहुना** एकाङ्कीमा पुस्तागत द्वन्द्व देखाइएको छ । **बन्द ढोका**मा सामाजिक समस्याको चित्रण गरिएको छ भने **पर्खाल भित्र** एकाङ्कीमा तस्करीको कार्य गरी राष्ट्र, राष्ट्रियता र नेपाली नारीको अस्तित्व खतरामा पर्न लागेको समस्या देखाइएको छ । **पुरानो घर** एकाङ्कीमा पुस्तागत समस्या, आडम्बरी समस्या देखाइएको छ । **कोसँग जुधौं** ? एकाङ्कीमा विक्रम पात्रको मरणासन्न अवस्थाको परिस्थितिलाई देखाइएको छ । यिनै विभिन्न नाटकलाई आधार मानेर विजय मल्ललाई एक समस्यामूलक एकाङ्कीकार हुन भनेर भन्न सकिन्छ ।

## ३.९ निष्कर्ष

एकाङ्कीकार विजय मल्ल परम्पराधर्मी सामाजिक यथार्थवादी नाट्यएकाङ्कीकारका श्रेणीबाट माथि उठ्दै मनोवैज्ञानिक र त्यसबाट पनि अझमाथि उठ्दै प्रयोगवादी नाटककारका रूपमा चिनिन्छन् । यिनका एकाङ्कीहरूमा देशभित्रका नयाँ समस्या, सडेगलेका र कुहिएका समस्या, उच्च र निम्नवर्गका धर्मका  मनोविज्ञान चेतना भएका बालक तथा नारी र पुरुषका विविध मनोग्रन्थिमूलक समस्यालाई देशीय तथा अन्तर्देशीय भावभूमिमा रही विजय मल्लले नाट्यसृजना गर्ने प्रवृत्ति अँगालेको  देखिन्छ । उन्का नाट्य एकाङ्कीहरूमा विसङ्गतिबोधले किचिएका आधुनिक मानिसको सन्त्रस्त मनस्थिति प्रकट

---

[५०] विजय मल्ल **नाम नभएको मानिस, भित्ते घडी** ,**पूर्ववत्** पृ. १३ .

भएको छ । मल्लले नाटकमा दु:खद् स्थिति र समस्याको चित्रण गरेका छन् । आजको प्राज्ञिक समाजमा समस्याको गम्भीरता र जटिलता, परिवर्तित जीवनमूल्य, चिन्तनशील प्रवृत्ति, बढ्दो सामाजिक समस्या उन्का नाटकमा टड्कारो रूपमा आएका छन् । विजय मल्लका एकाङ्की जगत्का स्त्री र पुरुषपात्र विभिन्न पुरुषका सामाजिक रुढी कुरीति र वर्जनाका शिकार भएर पिडित छन् भने आर्थिक कारणबाट पनि पीडित छन् । यसरी पीडित हुनेहरूमा शिक्षक, कलाकार, वैज्ञानिक, कवि छन् भने नारी र बालक पनि छन् । छोटो कथावस्तु प्राय तीन अङ्कको प्रयोगशीलता, दृश्यात्मकता प्रतीकात्मकता, विद्रूपात्मकता, सामाजिक, मानसिक बौद्धिक संवाद, वर्तमानको सन्त्रास र जटिलताको चित्रण असमान्य सामान्य स्वप्न बाल-मनोविश्लेषण, मानसिक विकृति र विसङ्गतिको प्रकटीकरण, प्रतीकवादी, यथार्थवादी, मानवतावादी, विसङ्गतिवादी, अस्तित्ववादी चेतनाको सन्तुलित प्रयोग समसामयिक युगका राष्ट्रिय-अन्तरराष्ट्रिय विभिन्न समस्याहरूप्रति व्यङ्ग्यात्मक अभिव्यक्ति, समतामूलक प्रजातान्त्रिक समाजको स्थापना, मानवीय रहस्यको उद्घाटन, गतिमय नाट्चशैली जस्ता कुराहरूभित्र रहेर विजय मल्लका एकाङ्कीहरू अगाडि आएका छन् ।

# अध्याय - चार

# एकाङ्की तत्त्वका आधारमा 'भित्ते घडी' एकाङ्की सङ्ग्रहको अध्ययन

नेपाली साहित्यका एक सुपरिचित सर्जक विजय मल्ल हुन् । उनले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । साहित्यका विविध विधामध्ये मल्लको उत्कृष्ट विधा नाटक हो । **भित्ते घडी** एकाङ्की सङ्ग्रह (वि.सं.२०४०) साझा प्रकाशनबाट प्रकाशित छ । यो मल्लको चौथो एकाङ्की सङ्ग्रह हो । यस एकाङ्की सङ्ग्रहभित्र विविध भाव र प्रसङ्ग बोकेका नौवटा एकाङ्कीहरू रहेका छन् । **भित्ते घडी** एकाङ्की सङ्ग्रहका एकाङ्कीहरू प्रायः प्रतीकात्मक छन् । कुनै विशिष्ट समस्याहरू अथवा निर्दिष्ट कथ्यलाई असाधारण वातावरणमा हुर्काएर, असामान्य चरित्र, मनस्थिति र घटनाहरूको प्रतीकात्मक समायोजनद्वारा प्रतिबिम्बित गर्ने शैलीका एकाङ्कीहरू यस एकाङ्की सङ्ग्रहमा सङ्ग्रहित छन् ।

## ४.१ परिचय

यस अध्यायमा विजय मल्लको **भित्ते घडी** एकाङ्की सङ्ग्रहको विधातात्त्विक कृतिपरक अध्ययन गरिएको छ । यस एकाङ्की सङ्ग्रहभित्र नौवटा एकाङ्कीहरू रहेका छन् । नौवटा एकाङ्कीहरूलाई अलग-अलग शीर्षकमा अध्ययन गरिएको छ । साथै यस एकाङ्की सङ्ग्रहको अध्ययनका आधारमा एकाङ्कीकार विजय मल्लको एकाङ्कीगत प्रवृत्ति समेत औंल्याउने प्रयास गरिएको छ ।

## ४.२ 'नाम नभएको मानिस' एकाङ्कीको विश्लेषण

**नाम नभएको मानिस** विजय मल्लको **भित्ते घडी** एकाङ्की सङग्रहभित्रको पहिलो एकाङ्की हो । यस एकाङ्कीको माध्यमबाट मल्लले आजको मानवजीवनका विविध विकृतिको पर्दाफास गरेका छन् ।

### ४.२.१ कथावस्तु

**नाम नभएको मानिस** एकाङ्कीमा कथाहीन कथावस्तु देखिन्छ । पानै पिच्छेका कथा यहाँ देखिन्छन् । ती प्रत्येक कथानकलाई जोड्ने कथानक यहाँ छैनन् । बरू खण्डीकृत कथानक देखिन्छ । आदि, मध्य र अन्त्यको पालना नगरिएको प्रस्तुत एकाङ्कीमा डाक्टर, मानिस, सुनिता, आगन्तुक, सुलोचना, सोनाम आदि पात्रहरू रहेका छन् । बाह्य आवरणिक रूपमा हेर्दा हाँस्यास्पद, हावादारी र असम्भवजस्तो कथावस्तु देखिए पनि त्यसको वैचारिक बौद्धिक पक्ष भने प्रभावकारी देखिन्छ । डाक्टर र मानिसको संवादबाट कथावस्तु अगाडि बढेको पाइन्छ । प्रस्तुत एकाङ्कीमा कुनै पनि कथावस्तुको आरम्भ देखिँदैन । निरर्थक निरुद्देश्यपूर्ण र विसङ्गतिपूर्ण संवादबाट नाटक गतिशील बनेको छ । एकाङ्कीको अन्त्य पनि विसङ्गत अवस्थामा पुगेर टुङ्गिएको छ । सबै पात्रहरू (डाक्टर, मानिस, आगन्तुक, सुनिता) पागल वा मनोरोगले ग्रस्त छन् । लाग्छ विजय मल्लले तिनै पागलहरूको भेला गराई नाटक सिर्जना गरेजस्तो देखिन्छ र यस एकाङ्कीमा मल्लले यही अति स्वैरकल्पनात्मक परामा अतियर्थाथको सामान्य उद्घाटन पनि गरेका छन् । एउटाले सोधेको कुराको उत्तर पनि अर्कोले सही तरिकाले दिँदैन । प्रसङ्ग पनि फरक-फरक देखिन्छ ।

सुनिताको संवादमा कथावस्तुको गुण पाइँदैन । बरू ऊ आफैं समस्याग्रस्त बनेर त्यसैमा हराएकी छे । सामाजिक र नैतिक समस्याले किचिएकी सुनिता निकासको लागि सोनामको सहयोग चाहन्छे तर सोनाम आफैं प्रेतात्मा बनेर देखापरेको छ । त्यस्तै अर्को पात्र आगन्तुकले पनि कथानकलाई अगाडि बढाउन सहयोग गर्नुभन्दा काल्पनिक संसारमा सैर गर्न चाहन्छ । कुनै पनि पात्र शृङ्खलित वार्तालाप समेत गर्दैनन् । आ-आफ्नै कथाहरू बोकेका यी पात्रहरू असङ्गतिपूर्ण बनेका छन् । कसैलाई कसैको जीवन, गति र प्रवाहसँग अपेक्षा छैन । तर पनि समग्रमा हेर्दा भने यसको अर्थ भेट्न सकिन्छ । यस एकाङ्कीको कथावस्तुले असङ्गतिभित्र सङ्गति खोजेको देखिन्छ । अलग-अलग पक्षको चर्चा नगरी समग्र कथावस्तु केलाउने हो भने नाटक सहज बन्दै गएको देखिन्छ ।

प्रस्तुत एकाङ्कीको कथावस्तुमा मल्लले टुनामुना धामीझाँक्री प्रणालीप्रति आस्था प्रकट गरी परम्परालाई प्रश्रय दिनखोज्दा मानव सृष्टिमाथि नै हाक दिन खोजेको कथावस्तु पनि देखिन्छ भने अन्तर्जातीय प्रेमलाई पनि जोड दिएको देखिन्छ । दृश्य र सूच्य पात्रको उचित संयोजन भएको प्रस्तुत एकाङ्कीमा पात्रपात्राहरूको बाह्य तथा आन्तरिक द्वन्द्वलाई नाटककारले तीव्रता दिएका देखिन्छन् ।

यसरी तारतम्यहीन कथावस्तु देखिएको यस एकाङ्कीको लक्ष्य पनि परम्पराको वर्णन गर्दै नवीन बाटो कोर्नु रहेको देखिन्छ । जसको परिणामस्वरूप कथानकहीन र विशृङ्खलित कथावस्तु यस एकाङ्कीको कथ्य हुन पुगेको छ ।

### ४.२.२ चरित्रचित्रण

नाटकमा चरित्रचित्रणलाई मूलभूत तत्त्वको रूपमा लिइन्छ । एकाङ्कीमा  चरित्रको मुख्य भूमिका रहन्छ । नाटकमा पात्रहरूले प्रयोग गर्ने अभिनय र संवादले नै विशिष्ट  हुन्छ । नाटकमा संवाद सजीव प्राण हो र पात्रविना नाटक सबल बन्न सक्दैन । यस एकाङ्कीमा मानिस, ज्योतिप्रसाद, आगन्तुक, सुनिता, सुलोचना, सोनाम आदि नाम गरेका पात्रहरू छन् भने मानिस, ज्योतिप्रसाद, आगन्तुक, सुनिता र सुलोचना मानसिक रूपले रुग्ण, पागल र मनोरोगीजस्ता रहेका छन् । मानिस, ज्योतिप्रसाद, आगन्तुक र सोनाम पुरुष पात्र हुन् । सुनिता, सुलोचना स्त्रीपात्र हुन् । मानिस, ज्योतिप्रसाद, आगन्तुक र  सुनिता यी चार पात्रहरू यस एकाङ्कीमा समान महत्त्व बोकी प्रमुख भूमिकामा देखिएका पात्र हुन् । यिनीहरूका चरित्रचित्रण संक्षेपमा यसप्रकार छन् :

## ४.२.२.१ मानिस

मानिस यस एकाङ्कीको मुख्य पात्र हो । ऊ नामहीन छ र आफ्नो नामप्रति घृणा देखाउँछ । नाममा कुनै न कुनै दासता लुकेको ठान्ने  नाम नभएको मानिस प्रत्येक समय नै भयावह र डरलाग्दो देख्दा विशृङ्खलरूप बोकेको नामहीन पात्र स्वयम् असामान्य बनेको देखिन्छ । मानिस व्यक्तिगत अनुकूल पात्र हो । मानिस मञ्चीय पात्र भई व्यक्ति विशेषबाट सामान्य व्यक्तिमा रूपान्तरण हुन चाहने वस्तु सत्यभन्दा काल्पनिक सत्यको नजिक पुग्दै बिरामी जाँच्न बसेको डाक्टरलाई नै कुष्ठरोगी भन्ने पात्र हो । आफू बसिरहेको ठाउँबाट उठेर भित्ताले किच्न आँट्यो भन्दै बचाउनको लागि आग्रह गर्ने तर डाक्टरले केही भएको छैन भन्दा यथार्थ संसारमा जीवितै रहन खोजे पनि आफ्नो अस्तित्वबोधले लखेटिरहने, व्यावहारिक सत्यले थिचिरहने, सत्य र कल्पनाको दोसाँधमा अल्झिएको पात्रको रूपमा बाँचिरहने पात्र हो । मानसिक सन्तुलन गुमाए पनि तार्किक र बौद्धिक पात्रका रूपमा देखिएको नामहीन मानिस पात्र विसङ्गतिभित्र  सङ्गति देख्ने पात्र हो । यस पात्रले आजका वस्तु सत्यप्रतिको धारणालाई प्रतिनिधित्व गर्दै वर्तमान यथार्थलाई चिन्न नसक्ने  स्वैरकाल्पनिक मनोलोकको पछि लाग्ने मानिसप्रति तीव्र व्यङ्ग्य गर्ने पात्र हो ।  नाम नभएको मानिस मञ्चीय पात्र हो । मानवले मानवलाई चिन्न नसकेको ठम्याइ राख्ने पात्र हो र यस एकाङ्कीको मुख्य पात्रका रूपमा देखा पर्ने पात्र हो ।

## ४.२.२.२ डा.ज्योतिप्रसाद

प्रस्तुत एकाङ्कीमा डा.ज्योतिप्रसाद नाम ज्योति भए पनि ऊ आफैं बहुलाएको पात्र हो । उसको जीवन नै अँध्यारो छ । ऊ प्रत्येक पात्रसँग राम्रो व्यवहार गर्न खोज्दछ । ऊ अध्ययनशील देखिए पनि उसको जीवनको लक्ष्य केही देखिँदैन । डाक्टर पात्रले आजभोलिका डाक्टरहरूको नाङ्गोरूप प्रकाश पारेको छ । डाक्टरजस्तो गम्भीर पेशालाई पनि सामान्य रूपमा लिने प्रवृत्तिप्रति तीव्रब्यङ्ग्य डा.ज्योतिप्रसादद्वारा गरिएको पाइन्छ । डाक्टर गम्भीर र निष्ठावान् हुनुपर्नेमा बहुलाएको देखाएर नाटककारले समकालीन स्वास्थ्य पेशाप्रतिको उदाङ्गो चरित्र देखाएका छन् । डाक्टर आफूलाई नामहीन पात्रले नाक नभएको, कान नभएको, एक कुष्ठरोगीभन्दा पनि स्वीकार गर्ने मञ्चीय पुरुष पात्र हो  ।

डाक्टर एकाङ्कीमा सबैसँग संवाद गर्ने र आफू मनोरोगी (पागल) भए पनि चिकित्सकको काम गर्ने पात्र हो । नाटकमा यसको भूमिका सुरुदेखि अन्त्यसम्म देखिएकाले मुख्य पात्रका रूपमा देखा पर्ने पात्र हो ।

## ४.२.२.३ सुनिता

प्रस्तुत एकाङ्कीमा कथानकलाई गति प्रदान गर्न एकाङ्कीको बीचमा आई एकाङ्कीको अन्त्यसम्म रहने स्त्री पात्र हो । उसको संवादमा कुनै तुक छैन । ऊ मनोरोगले ग्रस्त छे । आफ्नो दाजु भाउजूको चाहनाअनुसार विवाह गर्नु पर्नेमा भोटे केटाको एकाङ्गी प्रेममा पसेर अविवाहित रूपमा विकृत मनस्थिति लिएर देखापर्दछे । मनोचिकित्सकको कक्षमा राखिएकी सुनिता डाक्टर ज्योतिको क्लिनिकमा आएर डाक्टरकी श्रीमती सुलोचनासँग भेट्न पुग्छे । ऊ कामभ्रमबाट मनोविकृत भएकी नारीपात्र हो । द्रौपदी विवाहको बहुपतिप्रथा थाम्ने भोटे समाजको कान्छो भाइ सोनामलाई सुनिता विवाह गर्न चाहन्छे तर सोनामलाई पनि आफ्नो परम्पराअनुरूप पतिको रूपमा दाबी गर्ने बूढी नारी बीचमा तगारो बनिदिनाले पनि सोनामलाई सुनिताको प्रेम स्वीकार गर्न अप्ठ्यारो परेको  छ । त्यसैले आत्महत्या गर्ने निहुँमा सोनाम नदीमा चिप्लिएर मरेको छ तर सोनाम प्रेतात्मा बनेर सुनितासामु सोनाम आउँदा उसलाई जे पायो त्यहीले हान्दछे र आफैं मुर्छित बन्दछे  ।

सुनिताको पनि यस एकाङ्कीमा जीवनको कुनै लक्ष्य देखिँदैन यसोगर्छु र उसोगर्छु भन्दाभन्दै बूढी भएकी उक्तपात्र आफूले मनपराएको व्यक्ति प्रेतात्मा भएपछि निराश हुन  पुग्दछे । प्रेतात्मालाई जीवनमा स्विकार्न तयार भएकी सुनिता सोनामले वास्ता नगरेपछि जीवनलाई अर्थहीन र निरुद्देश्य देखेर रून थाल्दछे । असामान्य अवस्थामा नै ऊ घरको पाँचतलाबाट हामफालेर उड्नेजस्ता कार्यव्यपार गर्ने पात्र हो ।

## ४.२.२.४ आगन्तुक

प्रस्तुत एकाङ्कीमा आगन्तुक पात्र धामीझाँक्री टुनामुनामा विश्वास राखी बोक्सीलाई जगाउने र यसप्रति विश्वास राख्ने पुरुष पात्र हो । ऊ आफ्नो मनोविकृतिले गर्दा बाँदर, मुसो, बिरालो, कुकुर जे पनि हुनसक्नेमा विश्वास गर्दछ । मन्त्र जपेर फुड प्रोब्लम समाधान गर्ने, मानिसको आयु घटाउने जस्ता प्रसङ्ग निकाली विभिन्न समस्याले मानिस ग्रस्त रहेको अभिव्यक्ति बोल्ने आगन्तुक पात्रमा मान्छे भएर बाँच्न नसकेको पीडा एकातिर छ भने अर्कोतिर मान्छेले माान्छेप्रति व्यङ्ग्य गरेको भाव व्यक्त गर्दछ । यसरी विशृङ्खल, विसङ्गतिपूर्ण मनस्थितिले बाँचेको पात्रको प्रतिनिधित्व गर्ने चरित्र आगन्तुक पात्रमा देखिन्छ ।

## ४.२.२.५ सुलोचना

सुलोचना डाक्टर ज्योतिप्रसादकी श्रीमती हो । जो सुनितालाई सेवा सेवा दिन बसेकी छे । एकाङ्कीको बीचमा केही छिन देखापर्ने केहीछिनमा हराउने पात्र हो भने नाटकमा थोरै भूमिका बहन गर्ने पात्र हो । सुनिता झ्यालबाट हाम्फालेर भाग्दाको खबर हडबडाउँदै आएरसुनाउँने र ऊ हामफालेर झरेको ठाउँमा जान नसक्ने डरपोक पात्रका रूपमा देखापरेकी छे । सोनाम प्रेतात्मा बनेर आउँदा डराउने पात्र हो । सुलोचनाको एकाङ्कीमा थोरै मात्र भूमिका छ र नाटकलाई गति दिनका लागि कुनै काम पनि छैन र निकाल्न पनि नमिल्ने खालको पात्रका रूपमा देखिएको छ ।

## ४.२.२.६ सोनाम

सोनाम प्रस्तुत एकाङ्कीमा द्रौपदीका पति पाण्डवजस्तै गरी बहुपतिमध्येको एकपति हो । उसकी श्रीमती पुगनपुग ५० वर्ष भएकी र ऊ २५/३० को उमेरको भनेर सुनिताद्वारा भनिएको पात्र हो । सोनाम सूच्य पात्रका रूपमा आएको तर पछि प्रेतात्माका रूपमा दृष्य पात्र पनि बनेर देखिएको छ । नाटकका अन्त्यमा आफू सुनिताको प्रेममा फसेर नमरेको र घरका सदस्यले खर्चबर्चका लागि पैसा नदिने भएपछि नाटक गरेर अरुलाई तर्साउन खोज्दा नदीमा खसेर मरेको भनेर भन्ने पुरुष पात्र हो । पैसा भए तिमीजस्ती दसवटी केटी विहे गर्थें भन्ने सोच राख्ने प्रेतात्मा सोनाम भोटे जातको युवक हो । जसले नाटकको अन्त्यमा आएर कुतूहलता पैदा गराई नाटकको समापन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

## ४.२.३ द्वन्द्व

द्वन्द नाटकलाई जिउँदोजाग्दो, जीवन्त र प्रभावकारी तुल्याउने तत्त्व हो । द्वन्द नाटकको प्राण हो । द्वन्द्वविना नाटक जीवन्त बन्न सक्दैन, यसर्थ नाटकमा द्वन्द्व अपरिहार्य छ । यस दृष्टिले **नाम नभएको मानिस** एकाङ्कीलाई हेर्दा द्वन्द्वविधानको उत्कृष्टता पाउन सकिन्छ । कथानकहीन कथानक र प्रयोगवादी एकाङ्की भएकाले यसमा द्वन्द्व समग्रतामा मात्र भेटाइन्छ । यसमा पात्रभित्र रहेको आन्तरिक द्वन्द्व र पात्र पात्रका बीचमा रहेको बाह्य द्वन्द्व दुबै उत्तिकै प्रभावशाली रूपमा देखापर्दछ । यसमा प्रयुक्त सबै पात्र विसङ्गत देखिन्छन् । जीवनप्रति कसैको मोह छैन । ज्योतिप्रसाद र नामहीन मानिसबीच नामको विषयमा द्वन्द्व देखिन्छ । नामहीन मानिस नामको विशिष्टताबाट सामान्यतातिर गई नामलाई त्यति महत्त्व दिँदैन बरू नामअनुसारको काम गर्नुपर्छ भन्दछ । त्यस्तै आगन्तुकमा धामीझाँक्री जगाउने कुराको वकालत गरी परम्परावादी सोच र आधुनिकताप्रतिको द्वन्द्व देख्न सकिन्छ । सुनितामा प्रेमको द्वन्द्व प्रबल देखिन्छ । यसरी यस **नाम नभएको मानिस** एकाङ्कीमा आन्तरिक र बाह्य पात्रअनुरूपको द्वन्द्व गराई एकाङ्कीलाई द्वन्द्वले उत्कृष्ट बनाएको देखिन्छ । यस एकाङ्कीमा जातीय द्वन्द्व सोनामको चरित्रमा पाइन्छ ।

## ४.२.४ परिवेश

प्रस्तुत एकाङ्कीको परिवेश डाक्टरको क्लिनिक रहेको देखिन्छ । परिवेशका दृष्टिले क्लिनिकमा डाक्टर र रोगीबीच संवादमा वर्तमानिक यर्थाथलाई विसङ्गतिपूर्ण शैलीमा व्यक्त गरिएको देखिन्छ । डाक्टर स्वयंको मनस्थिति बिग्रेको छ । चिकित्सा पेशामा संलग्न डाक्टरहरूको विसङ्गति व्यक्त गर्न डा.ज्योतिको अवस्थालाई प्रतिनिधित्व गर्ने समसामयिक परिस्थिति र उनीहरूको वास्तविक अवस्थालाई यस एकाङ्कीले व्यक्त गरी आधुनिक समयको परिवेश र अवस्थालाई यहाँ व्यक्त गरिएको छ । त्यस्तै नाम नभएको मानिसको अवस्थाले विसङ्गतिलाई देखाई अहिलेका मानिसको अवस्था व्यक्त गरिएको छ । समय र परिस्थितिको दोसाँधमा परेका मानिस कसरी विशृङ्खलित र विसङ्गति छन् सोको स्पष्ट खाका यस एकाङ्कीमा अभिव्यक्त भएकाले समसामयिक परिवेशको मानव अवस्था, पेशागत अमर्यादित चरित्र एवं विसङ्गति र विशृङ्खलतापूर्ण वर्तमान अवस्थाको परिवेश उतार्न प्रस्तुत एकाङ्की सफल देखिन्छ ।

## ४.२.५ संवाद

विवेच्य **नाम नभएको मानिस** एकाङ्कीमा प्रयुक्त संवाद सरल, सहज, मार्मिक, आकर्षक र प्रभावोन्मुख किसिमको रहेको छ । नाटकमा सबै पात्रहरू रुग्ण मनस्थितिका भएर होला कुनै शृङ्खलित वार्तालाप देखिँदैन । आ-आफ्नै कथाव्यथा मात्र व्यक्त गर्न हतारिइरहेका देखिन्छन् । पात्रहरूका बीचमा भएका संवादमा सवालअनुसारको जवाफ छैन । मानिसको र डाक्टरको दुबैको मानसिक अवस्था असामान्य छ । त्यसैको प्रभाव संवादमा देखिन्छ । अर्थहीन र विसङ्गत संवादको प्रयोग एकाङ्कीभर यत्रतत्र देखिन्छ । त्यस्तै अर्को पात्र सुनिताको संवाद पनि त्यस्तै रहेको छ । संवाद प्रयोगमा एकरूपता देखिँदैन । एकशब्ददेखि पन्ध्र/सोह्र वाक्यसम्मका संवाद बोलेको देखिन्छ ।

# ४.२.६ भाषाशैली

प्रस्तुत एकाङ्कीको भाषाशैली सरल, सहज, मार्मिक र व्यङ्ग्यपूर्ण देखिन्छ । विसङ्गति पूर्ण चरित्र, परिवेशको उद्घाटन गर्ने भाषा सरल नै भए पनि विशृङ्खल वार्तालापमा केन्द्रीत छ । संवाद एक शब्ददेखि पन्ध्र/सोह्र वाक्यसम्मका संवाद बोलेका पात्रका कथन विसङ्गति र विशृङ्खल देखिन्छन् । संवाद प्रयोगमा एकरूपता देखिँदैन । ग्राम्यदोषयुक्त वा जुगुप्सा पैदा गराउने पीप, लास, सिनोजस्ता शब्दहरू भएका वाक्य पनि एकाङ्कीको संवादमा राखिएका छन् ।

भाषिक प्रयोगमा एकरूपता देखिँदैन संवादमा प्रयोग गरिएका भाषाहरूले नेपाली भाषाका तीनवटै स्रोत (तत्सम्, तद्भव र आगन्तुक) का शब्द प्रयोग गरिएको छ । ठाँउठाँउमा अंग्रेजी भाषालाई जस्ताको तस्तै अंग्रेजी वर्ण नै लेखिएका देखिन्छन् । (जस्तै : एबचबउकथअजययिनथ, ँयमउचयदभि, ञ्भतकयचउजयकष्क० संवाद प्रयोगमा के, कहाँ, किनजस्ता प्रश्न सोधिएका छन् र तिनीहरूको ठोस उत्तर कुनै संवाद प्रयोगकर्ताका मुखबाट सुनिँदैन । कतिपय कथ्यभाषाका शब्दहरू जस्ताको त्यस्तै लेखिएका देखिन्छन् । धामीझाँक्री, टुनामुनाजस्ता परम्परावादी रुढी प्रयोग पनि यहाँ व्यक्त भएको छ । पात्रका संवादले असङ्गतिलाई कायम नगरी विशृङ्खल वार्ता, संवाद, र अवस्था व्यक्त गर्ने शैलीले विसङ्गतप्रतिको वर्तमानको अवस्थालाई व्यक्त गर्न यस एकाङ्कीको भाषाशैली उत्कृष्ट मान्नु पर्ने देखिन्छ । लेखकले ठाउँठाउँमा …… चिन्हको प्रयोग गरेर पाठकलाई नाटक पढ्न उत्सुकता देखाएका छन् । तर जे भए पनि नाटकमा संवाद प्रयोग सरल, सहज र उत्कृष्ट पाइन्छ ।

# ४.२.७ उद्देश्य

साहित्य सिर्जना कुनै प्रयोजनका लागि रचना गरिन्छ । त्यही प्रयोजनलाई नै उद्देश्य भनिन्छ । उद्देश्यविनाको साहित्य रचना नै हुँदैन । निश्चित प्रयोजनका लागि रचनाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस **नाम नभएको मानिस** एकाङ्की पनि निश्चित उद्देश्यका लागि रचना गरिएको हो । एकाङ्कीकारले यस एकाङ्कीमार्फत् समाजमा भएका विकृति विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गर्दै मानवीय जीवनदृष्टि प्रस्तुत गरेका छन् । समाज निरर्थक छ । यहाँ हरेक प्रकारका मानिसहरू बसोबास गर्दछन् । ती हरेक किसिमबाट केही पात्रहरू खडागरी उद्देश्य प्रदान गरेका छन् । एकाङ्कीमा प्रयुक्त सबै पात्र रुग्ण मनस्थितिका छन् । मानसिक सन्तुलन गुमाएका छन् । एकाङ्कीमा प्रयुक्त डाक्टर पात्रका माध्यमबाट आजभोलिका डाक्टरहरूको नाङ्गो रूप देखिन्छ । डाक्टरजस्तो गम्भीर पेशालाई सामान्य रूपमा लिने, आफ्नो पेशाप्रति निष्ठावान् हुनुपर्नेमा बहुलाएको देखाई समकालीन स्वास्थ्य पेशाप्रतिको उदाङ्गो रूप प्रस्तुत गरी त्यसबाट सचेत रहन आग्रह गरेका छन् भने नामहीन पात्रका माध्यमबाट आजका मान्छे नामका पछि कुद्छन् तर नामअनुसारको काम गर्न भने पछि पर्दछन् भन्ने उद्देश्य देखिन्छ । त्यस्तै सुनिताका माध्यमबाट एकाङ्गी प्रेममा मानिस कति अन्धो हुन्छ भन्ने कुरा देखाइएको छ । त्यस्तै आगन्तुकका माध्यमबाट मानिस अझै पनि धामीझाँक्री, बोक्सीजस्ता परम्परावादी सोचले आजको समाज मुक्त हुन नसकेको देखाई यसबाट मुक्त हुन सक्नुपर्ने उद्देश्य पनि यस एकाङ्कीमा रहेको देखिन्छ । यस्ता समाजका विकृत्तिदेखाई त्यसबाट एकाङ्कीकार सजग रहनु पर्ने प्रति ध्यानाकर्षण गराउन पुग्दछन् । त्यस्तै एकाङ्कीकार एकाङ्कीभित्र जातपातको कुरा गर्दछन् भने कतै प्रेमी प्रेमिकाको कुरा गर्दछन् र छुवाछुतको भेदभावको कुरा गर्दछन् । त्यसबाट सजग रहन सल्लाह पनि दिन्छन् । यो समाज भनेको विसङ्गतै विसङ्गतले जेलिएको छ । हरेक मान्छे विसङ्गत सूच्यतर्फ लम्किएको छ । कसैप्रति वास्ता छैन । पढेलेखेका बौद्धिकहरू विचारहीन, दीनहीन बन्दै गइरहेका छन् । त्यसबाट सबैले सचेत रहनुपर्ने मुख्य उद्देश्य **नाम नभएको मानिस** एकाङ्कीबाट स्पष्ट पारिएको छ ।

# ४.२.८ शीर्षक सार्थकता

**नाम नभएको मानिस** एकाङ्की शीर्षक तीनवटा शब्दद्वारा बनेको छ । ती तिनवटा शब्दहरूको अर्थ खोज्दा कुनै मानिस छ जसको नाम छैन अथवा नामहीन मानिस भन्ने हुन्छ । यस नाटकमा पनि मुख्य पात्र नामहीन छ, जसलाई आफ्नो नामदेखि घृणा पैदा हुन्छ । यो पात्र अध्ययनशील, बौद्धिक छ तर जीवनको लक्ष्य देदिँन । अनौठो मानिस छ । उसकै केन्द्रीयतामा एकाङ्की घुमेको छ । मानिस सुरुदेखि अन्त्यसम्म देखापर्ने सबैसँग नामकै बारेमा विवाद गर्ने पात्र हो । विसङ्गतिवादी दृष्टिकोण प्रस्तुत गर्ने उद्देश्यका साथै प्रयोगवादी नाटक भएकोले पात्रको नाम नै नराखी एकाङ्की तयार गरिएको छ । त्यस्तै आगन्तुक नामको अर्को पात्र पनि निकै समयसम्म संवाद गर्छ तर उसको नाम कहीं कतै देखिदैँन । हरेक ठाउँमा आगन्तुक मात्र प्रयोग गरिएको छ । ऊ पनि रुग्ण र विसङ्गत जीवनदृष्टि बोकेको पात्र हो । यसका आधारमा पनि प्रस्तुत कृतिको शीर्षक उपयुक्त देखिन आउँछ ।

नामहीन मानिस नामअनुसारको काम गर्नु पर्छ भनेर विद्रोह गर्छ । वास्तविक नाम भएको पात्रको ठाउँमा ऊ वा त्योजस्ता साङ्केतिक नामले सम्बोधन गरिएको छ । उसलाई नामसँग मात्र नभएर समग्र मानवजीवन र उसले बाँचेको युगसँग घृणा गरी

नाममा कुनै न कुनै दासता लुकेको ठान्ने नाम नभएको मानिसका लागि प्रत्येक समय नै डरलाग्दो र भयावह बनेको देखिन्छ । विशृङ्खल मनस्थिति बोकेको नामहीन पात्र स्वयं असामान्य बनेको देखिन्छ । यसै पात्रका माध्यमबाट नाटक प्रभावशाली बनेको हुँदा **नाम नभएको मानिस** शीर्षक सार्थक देखिन्छ ।

## ४.३ 'पुरानो घर' एकाङ्कीको विश्लेषण

यो एकाङ्की **भित्ते घडी** एकाङ्की सङ्ग्रहमा सङ्ग्रहित दोस्रो एकाङ्की नाटक हो । यस एकाङ्कीमा मल्लले सामाजिक यथार्थलाई प्रतीकात्मक रूपमा पुरानो घरको माध्यमबाट नयाँ र पुरानो पुस्ताको द्वन्द्वलाई देखाएका छन् ।

### ४.३.१ कथानक

प्रस्तुत एकाङ्कीको सामाजिक यर्थाथलाई प्रकट गर्ने प्रतीकात्मक रूपमा पुरानो घरको जीर्णता र विचारलाई यहाँ पुरानो घरको परिवेशमा पुराना रुढी जीर्ण विचार बोक्ने र नयाँ विचारका पात्रबीच संयोजन गरी एकाङ्की रचिएको देखिन्छ ।

प्रस्तुत एकाङकीमा पाहुनाका रूपमा आएकी दिवाका लागि कोठा खोल्ने क्रममा सो कोठा कैलाशकी श्रीमती अर्थात् आफ्नी बुहारीका लागि मात्र खुलोस् भन्ने कैलाशकी स्वर्गीय आमाको अन्तिम इच्छा भएको रहस्य जमुनाले खोलेकी छ । दिवा कैलाशप्रति पहिला आदर भाव प्रकट गर्दछे । जमुनालाई दिवाले कैलाश आफ्नो साथी हो भन्दछे । यसैबीच सुभद्राको प्रवेशले उसको पागलपनको भावमा दिवालाई देवी भन्दै उसलाई त्यही घरमा राख्ने चाहना व्यक्त गर्दछे । कैलाश र उसको बुबा अखण्डबीच संवाद भएपछि एकाङ्कीले वैचारिक द्वन्द्व प्रकट गर्दछ ।

अखण्डले गाउँ गएर आएपछि कैलाशलाई आफ्नो चाहना विपरित नचल्न उसको विवाहको कुरा शम्भुराजकी एक्ली छोरीसँग गर्ने र शम्भुराजको सम्पत्ति लिई विराटनगर बस्ने सुवर्णमौका आएको जानकारी गराउँछ । कैलाशले बाबुका कुरा सुन्छ तर केही महत्त्व दिदैंन । अखण्डले दिवालाई कैलाशबारे सोधपुछ गरेपछि कैलाशलाई महारोग लागेको छ भन्दछ । यही कुराले दिवा कैलाशप्रति अनुराग देखाउँछे । त्यो रोग निको नभई नजाने कुरा गरेपछि द्वन्द्व चरम अवस्थामा पुग्दछ । अखण्डको विचारलाई कैलाशले मेरो काल्पनिक रोगसँग जुध्न मलाई आत्मादेखि विश्वास गर्ने आइमाईको आवश्यकता छ, न कि सम्पत्तिको भन्दै दिवालाई लिएर हिँड्दछ । यसरी अखण्डको पुरानो विचारलाई त्यागी नयाँ विचार आत्मैदेखि माया गर्ने दिवालाई अँगाल्नुले एकाङ्कीको प्रतीकात्मक शीर्षकको कथानकलाई स्पष्ट पारेको देखिन्छ ।

### ४.३.२ चरित्रचित्रण

प्रस्तुत एकाङ्कीमा प्रयुक्त चरित्र विधानमा मूलपात्र कैलाशबाबु र दिवा छन् भने सहायक पात्र जमुना, अखण्ड रहेका छन् र सुभद्रा गौण पात्रका रूपमा देख्न सकिन्छ । यिनीहरूको चरित्रचित्रण संक्षेपमा यसरी गर्न सकिन्छ :

#### ४.३.२.१ कैलाशबाबु

प्रस्तुत एकाङ्की **पुरानो घर**का नायकका रूपमा देखापर्ने कैलाशकै सेरोफेरोमा  एकाङ्कीले उत्कर्षता प्राप्त गरेको छ । कैलाश गतिशील पात्रका रूपमा देखापरेको छ । कैलाश मञ्चीय पात्र हो । ऊ शिक्षित पात्र पनि हो । कैलाश इञ्जिनियर भई पहाडमा झोलुङ्गे पुल बनाउन गएको छ । कैलाशको पारिवारिक जीवनमा केही परम्परागत धारणाले  उसलाई सधैं पिरोलेको छ । त्यसमा उसको विचार नभएको आधुनिक युगका पात्रको प्रतिनिधित्व गर्ने पात्र हो । कैलाशले आफ्नो बाबुको आदर गर्छ तर बाबुको विचारमा ऊ नचल्ने सम्पत्तिभन्दा आफूलाई आत्मैदेखि विश्वास गर्ने जीवनसाथीको आवश्यकता भएकोले ऊ दिवालाई विहे गर्न चाहन्छ । कैलाश भौतिक वस्तुभन्दा आत्मिक कुरालाई सकार्ने पात्रका रूपमा एकाङ्कीमा देखा परेको छ । कैलाश यस एकाङ्कीको बद्ध पात्रका रूपमा उपस्थित छ । कैलाश यस एकाङ्कीमा प्रमुख पात्र, नायकका रूपमा गतिशील, मञ्चीयपात्रका रूपमा देखा परेको छ ।

#### ४.३.२.२ दिवा

दिवा प्रस्तुत एकाङ्कीको प्रमुख पात्र तथा नायिकाको रूपमा देखापरेकी नारी पात्र हो । कैलाशसँग गाउँबाट विराटनगरसम्म पुग्ने साथीका रूपमा मात्र आएकी दिवा पछि  कैलाशसँग विहे गर्ने कुराले एकाङ्कीमा गतिशील पात्रका रूपमा देखापरेकी पात्र हो । दिवा एकाङ्कीमा मञ्चीय पात्र हो । उनकै परिधिमा कैलाश र उसका परिवारका सदस्यहरू मञ्चित भएका छन्

। दिवा गाउँकी पात्र भए पनि शिक्षाका लागि सहर आएकी शिक्षित पात्रका रूपमा देखापरेकी छ । दिवा आफैं निर्णय लिने पात्रका रूपमा यस एकाङ्कीमा देखा पर्दछे । कैलाश र उसका परिवार सबै बुझेपछि पहिला साथी कैलाशप्रति आदर प्रकट गर्दछे । पछि उसप्रति अनुराग बढ्दछ र उसको रोग निको नहुने बेलासम्म यहीँ बस्ने सङ्कल्प गर्दछे । यसोगर्दा उसमा रहेको नायकप्रतिको रागात्मक अनुराग प्रेमीका रूपमा बदलिएको देखिन्छ ।

यसरी दिवा **पुरानो घर** एकाङ्कीमा प्रमुख पात्र, गतिशील पात्र, मञ्चीय पात्र नायिकाको रूपमा देखा परेकी पात्र हो ।

## ४.३.२.३ जमुना

प्रस्तुत एकाङ्कीमा जमुना सहायक पात्रका रूपमा देखा पर्दछे । कैलाशकी आमाको मृत्युपछि कैलाशलाई हुर्काउने बढाउनेदेखि लिएर घरको सम्पूर्णता यिनैमाथि चलेको देखिन्छ । जमुना यस एकाङ्कीमा कैलाशकी आमा समान भए पनि यिनको चरित्र सहायक रहेको छ । कैलाश र उसको परिवारलाई यिनैको सहायताले अघि बढाएको छ । जमुना यस एकाङ्कीमा गति दिएर मुख्य भूमिकाका रूपमा देखा पर्दछिन् । जमुना यस एकाङ्कीमा पुरानो विचारको प्रतिनिधित्व गर्ने घरायसी महिलाका रूपमा प्रस्तुत छे । घर गृहस्थीका सम्पूर्ण कुरा जमुनाद्वारा चलेको छ । एकाङ्कीबाट जमुनालाई निकालिदिए एकाङ्की निरस हुनजाने भएकोले जमुनालाई बद्ध पात्रका रूपमा यस एकाङ्कीमा देख्न सकिन्छ ।

यसरी जमुना **पुरानो घर** एकाङ्कीमा सहायक पात्रका रूपमा गतिशील, मञ्चीय, बद्ध र पुरानो जीर्णताको संरक्षण गर्दै अघिबढ्ने पात्रका रूपमा उभिएकी देख्न सकिन्छे ।

## ४.३.२.४ अखण्ड

प्रस्तुत एकाङ्की **पुरानो घर**मा अखण्ड सहायक पात्रका रूपमा देखापरेको छ । कैलाशको पिताका रूपमा देखापरेको अखण्ड पुरानो घरको पुरानो विचारको पात्र हो । उसको जीवनलक्ष्य भन्नु नै सम्पत्तिप्रतिको मोह हो । यसका लागि कैलाशको विहे सम्पन्न परिवारकी एक्ली छोरीसँग गर्ने निर्णय समेत कैलाशलाई सुनाउँछ तर कैलाश बाबुको पुरानो विचारलाई अस्वीकार गरी आत्मादेखि माया गर्ने आइमाईको आवश्यकता छ, न कि सम्पतिको भन्दै अखण्डको विचारसँग असहमति जनाएकोले अखण्डले पराजय महसुस गर्दछ । यही पुरानो विचार र कैलाशबीच द्वन्द्व भएकोले अखण्ड प्रतिकूल पात्रका रूपमा देखा पर्छ । एकाङ्कीमा अखण्डको उपस्थितिले नयाँ मोड लिएको देखिन्छ । अखण्ड मञ्चीय पात्र हो । अखण्ड पुरानो घरको प्रतीकात्मक रूपमा अर्थ प्रक्षेपण गर्ने पुरानो विचारको जीर्णताको द्योतक प्रतिकूल र मञ्चीय पात्र हो ।

## ४.३.५ परिवेश

प्रस्तुत **पुरानो घर** एकाङ्कीको परिवेश पुरानो घरको परिवेशमा मञ्चित देखिन्छ । **पुरानो घर** सहरको हो । जहाँ कैलाश र उसका परिवार बस्छन् । कैलाश गाउँ गएको घटनाले मात्र गाउँको चर्चा गरिएको छ । एकाङ्की एउटा पुरानो घरकै परिवेशमा खेलेको छ । कैलाश इञ्जिनियर भए पनि उसका पिता पुराना विचारका छन् । सम्पत्तिको लागि छोरालाई दबाब दिन्छन् तर कैलाश आधुनिक विचार लिएको पात्र भएकोले अस्वीकार गर्छ । सहरको परिवेश क्षणिक छ । एउटा सहरको पुरानो घरमा केन्द्रित परिवेशले पुरानो विचार, सम्पत्तिको लालच, सुभद्राको पागलपन, जमुनाको पुरानो घरको पुरानो चरित्र आदिले सहरको पुरानै अवस्था प्रकट गरेको छ । धार्मिक पूजा, टुनामुनामा विश्वास राख्ने सुभद्रा, जीवनको लक्ष्य सम्पत्ति देख्ने अखण्ड, पुरानो घर त्याग गर्न नसक्ने जमुनाले यसको परिवेशलाई साँगुरो बाटोमै हराएका छन् । धरान, विराटनगर र गाँउको चर्चा मात्र यहाँ देखिन्छ । त्यसैले शीर्षकअनुरूप पुरानो घरको पुरानो विचारलाई परिवेशले स्पष्ट पारेको छ ।

यसप्रकार **पुरानो घर** अनुरूप पुरानो घरको परिवेश, दृश्य र चरित्रलाई यस एकाङ्कीले जीर्णताको प्रतीकका रूपमा उभ्याई परिवेशलाई स्पष्ट रूपमा व्यक्त गरेको देखिन्छ ।

## ४.३.६ द्वन्द्व

प्रस्तुत एकाङ्की **पुरानो घर**मा मूल रूपमा पुरानो विचार र आधुनिक विचार बीचको द्वन्द्व देख्न सकिन्छ । कैलाश आधुनिक विचार भएको पात्र र अखण्ड पुरानो विचार भएको पात्रका बीचको द्वन्द्व यस एकाङ्कीको केन्द्रीय विषय हो । यी दुईबीच द्वन्द्व गराई एकाङ्कीकारले नयाँ विचारको जित देखाएका छन् । त्यस्तै जमुना सुभद्रा पनि पुराना विचारका पात्र हुन् । एकाङ्कीकारको उद्देश्यअनुरूप यस एकाङ्कीमा पुरानो र नयाँ विचारको द्वन्द्व बीच नयाँ विचारको जित हुने उद्देश्य देखाइएको छ ।

## ४.३.७ भाषाशैली

प्रस्तुत एकाङ्कीमा साधारण बोलचालको भाषा प्रयोग गरिएको छ । एक वाक्यदेखि लिएर अनुछेदात्मक संवाद भएको भाषा यस एकाङ्कीमा देख्न पाइन्छ । सम्बोधनमा आदरार्थी प्रयोग देखिन्छ भने संवादमा सामान्य स्तरीय भाषा प्रयोग गरिएको पाइन्छ ।

## ४.३.८ उद्देश्य

प्रस्तुत एकाङ्की **पुरानो घर** शीर्षकको तात्पर्य पुरानो विचार भन्ने उद्देश्यमा केन्द्रित देखिन्छ । पुरानो घर अनुरूप पुरानो विचार त्यागी नयाँ विचार अँगाल्ने मुख्य उद्देश्य रहेको यस एकाङ्कीको नायक कैलाशले आफ्नो बाबुको विचार त्यागी दिवासँग विवाह गर्नुले पुरानो स्वार्थी विचार छोडी नयाँ विचार अँगाल्ने उद्देश्य यस पुरानो घर एकाङ्कीले स्पष्ट गरेको छ ।

## ४.३.७ शीर्षक सार्थकता

प्रस्तुत **पुरानो घर** एकाङ्कीको मञ्चन स्थान पुरानो घर हो । जुन बडेमानको ठूलो  र डरलाग्दो घर छ । यही पुरानो घरको सफाइ जमुनाले गर्न थालेपछि कथानक सुरु भएको छ । यही घरकै परिवेशमा एकाङ्कीका सम्पूर्ण घटना घटेकोले पुरानो विचार जीर्णताको प्रतीकात्मक आधारमा पुरानो घर नामकरण सार्थक देखिन्छ ।

## ४.४ 'प्रतिबिम्ब' एकाङ्कीको विश्लेषण

**प्रतिबिम्ब** साहित्यकार विजय मल्लको एकाङ्की सङ्ग्रह **भित्ते घडी**मा सङ्ग्रहित तेस्रो एकाङ्की हो । यस एकाङ्कीमा मल्लले सामाजिक समस्याको उठान गरेका छन् । उक्त एकाङ्कीमा हस्पिटलको परिवेशमा नारी र पुरुषका बीचको सम्बन्ध र त्यसमा शङ्कालु नारी मानसिकताको स्थिति तथा त्यसबाट समाजमा पर्ने असरहरूको बारेमा स्पष्ट पारेका छन् ।

## ४.४.१ कथानक

प्रस्तुत एकाङ्कीमा विजय मल्लले नारी मनोविज्ञानमा पर्ने प्रभावको चित्रण गरेका छन् । हस्पिटलको परिवेशमा डा.जमुना विश्राम कक्षमा आराम गरिरहेका बेला मृत स्वास्नीमानिसको छाँया उभ्याएर पुरुषप्रति नारीको भावना उद्घाटित गरिएको छ । उक्त छाँया स्वास्नीमानिसले जमुनासँग कुरा गर्दै नारीमनोविज्ञानमा पुरुषप्रतिको भावना व्यक्त गरेको पाइन्छ । स्वास्नीमानिसले जमुनाको श्रीमान्लाई उसको पूर्वप्रेमिकाले फँसाई जमुनाविरुद्ध षड्यन्त्र हुन सक्छ भन्ने रहस्य खोलेपछि जमुनालाई मानसिक उथलपुथल भएको देखिन्छ । जमुनाको मानसिक तनाव उद्घाटित गरी पुरुषप्रतिको भावना र नारीप्रतिको भावनालाई कुसलतापूर्वक यस एकाङ्कीमा व्यक्त गरिएको छ ।

स्वास्नीमानिस मृत प्रतिबिम्ब रूपमा प्रकट भए पनि उसको आफ्नै पतिले गरेको प्रेमले दु:खी देखिन्छे । नारी मातृत्व सफल पार्न चाहन्छे तर पुरुषको भोगवादी प्रवृत्तिले हृदयरोग लागेका कारण सन्तान पाउनु नहुने भनी स्वास्नीमानिसको मृत्यु भएको छ । स्वास्नीमानिसले आफूले भोगेको पुरुषको भोगवादी र जमुनामा घट्न सक्ने घटनाका केन्द्रीयतामा मल्लले नारी मनोविश्लेषण प्रस्तुत गरेका छन् ।

यसरी प्रस्तुत एकाङ्कीमा प्रतिबिम्ब छायाँ रूपमा देखाई नारीका कथाव्यथा व्यक्त गरिएको पाइन्छ । स्वास्नीमानिसको छायाँ र जमुनाको संवादमा उक्त घटना घटाएर नारी मनोविज्ञानमा पुरुषप्रतिको भावना र नारीले नारीप्रति गर्ने व्यवाहार सफल उद्घाटन यस  एकाङ्कीको कथानकले स्पष्ट गरेको देखिन्छ ।

## ४.४.२ चरित्रचित्रण

प्रस्तुत एकाङ्कीमा डा.जमुना मुख्य पात्रका रूपमा देखिन्छे । सहायक पात्रका रूपमा स्वास्नी मानिस देखिन्छे र गौण पात्रका रूपमा नर्स, मञ्जु, भोग्य देखिन्छन् । यिनीहरूलाई संक्षेपमा यसरी चित्रण गर्न सकिन्छ :

## ४.४.२.१ डा.जमुना

**प्रतिबिम्ब**मा डा.जमुनाको चरित्र मुख्य पात्रका रूपमा रहेको छ । हस्पिटलको डाक्टर विश्राम घरमा सुतिरहेको बेला प्रतिबिम्बको रूपमा स्वास्नीमानिस आएर उनको मनस्थिति डगमगाइ दिन्छिन् । उनी आफ्नो पतिप्रति विश्वस्त हुँदाहुँदै उनको मानसिक सन्तुलनलाई स्वास्नीमानिसको कुराले मञ्जुप्रति नकरात्मक सोच उत्पन्न भएको कुराले मुख्य पात्रको माध्यमले प्रतिनिधित्व गर्ने सबै स्वास्नीमानिसको मनस्थितिको चरित्राङ्कन् यस एकाङ्कीमा पाइन्छ । जमुनालाई यस एकाङ्कीको गतिशील पात्रका रूपमा कथानकको सुरुबाट अन्तसम्म चित्रण गरिएको छ । मञ्चीय पात्रका रूपमा पनि जमुनाको उपस्थिति यहाँ देखिन्छ । एकाङ्कीको मञ्चमा जमुनाले गरेको प्रदर्शन उनकै केन्द्रीयतामा अघि बढेको, विकास भएको र विश्राम लिएको देखिन्छ । प्रस्तुत एकाङ्कीमा

जमुना बद्धपात्र हुन् । यसरी **प्रतिबिम्ब** एकाङ्कीमा जमुनाको चरित्राङ्कन मुख्य पात्रका रूपमा, गतिशील चरित्र, मञ्चीय र बद्ध पात्रका रूपमा देख्न सकिन्छ ।

## ४.४.२.२ स्वास्नीमानिस

स्वास्नीमानिस मरिसकेको प्रेतात्माका रूपमा देखा पर्ने चरित्र हो । स्वास्नीमानिसको चरित्र सहायक पात्रका रूपमा मुख्य पात्रलाई झस्क्याउन, मनोवैज्ञानिक यथार्थ प्रकट गर्न प्रस्तुत भएको देखिन्छ । स्वास्नीमानिसको उपस्थिति गतिशील छ । एकाङ्कीको आद्योपान्त चरित्र प्रतिबिम्ब कै रूपमा जमुनालाई मानसिक रूपमा चलायमान गराउन एवं गति प्रदान गर्न सक्ने चरित्र हो । स्वास्नीमानिसको मञ्चमा उपस्थिति सेतो कपडा लगाएको आकृतिविहीन छायाँरूप एवं प्रेतात्माका रूपमा एकाङ्कीको संरचनामा बद्धरूपमा रहेको चरित्र हो । यस प्रकार स्वास्नीमानिस प्रतिबिम्ब शीर्षकको सार्थकताका लागि प्रेतात्मा रूपमा चरित्राङ्कन भए पनि सहायक भूमिकाले गतिशीलता प्रदान गरेकी बद्धपात्र हो ।

## ४.४.२.३ नर्स, मञ्जु र भोग्य

प्रस्तुत एकाङ्कीमा नर्स गौण पात्रका रूपमा, देखा परेकी छे । त्यस्तै एकाङ्कीमा गति नदिने हुनाले उनलाई गतिहीन, पात्रका रूपमा उभ्याइएको देखिन्छ । एकाङ्कीको अन्त्यमा जमुनाको बोलाइले मञ्चमा उभिन सहयोग गरेकाले क्षणिक र मञ्चीय पात्रका रूपमा छे भने उनको चरित्र मुक्त देखिन्छ ।

मञ्जु यस एकाङ्कीमा गौण पात्रका रूपमा नाम मात्रको चर्चाले मुख्य पात्रलाई मानसिक द्वन्द्व उत्पन्न गराउने नेपथ्यमा उभिएकी पात्र हो । स्वास्नीमानिसले मञ्जुको चरित्रलाई पृष्ठपोषण गरी जमुनालाई मानसिक विक्षिप्त अवस्थामा पुऱ्याउन सहयोग गरेको देखिन्छ । एकाङ्की उसकै नाममा गतिशील छ भने ऊ यहाँ मञ्चीय चरित्र नभई गतिहीनताका रूपमा देखापर्ने सूच्य र मुक्त पात्र हो ।

भोग्य यस एकाङ्कीको मुख्य पात्र जमुनाको श्रीमान् हो । उसको यहाँ चर्चा मात्र छ । स्वास्नी मानिसले मञ्जुसँग उसको लसपस भएको शङ्का जमुनालाई सुनाएपछि जमुनामा पत्याउन नसक्ने विश्वास उसप्रति रहेको देखिन्छ । एकाङ्कीमा गौण पात्रका रूपमै उसको चर्चा छ । भोग्य यस एकाङ्कीमा कुनै पनि गतिशीलता नलिई नेपथ्य मै मुक्त रूपमा रहेको पात्रको भूमिकामा देखिन्छ ।

## ४.४.३ परिवेश

**प्रतिबिम्ब** एकाङ्की परिवेशका दृष्टिले हस्पिटल देखापर्छ । हस्पिटलकै परिवेशमा एकाङ्कीको सुरु र अन्त्य भएको छ । डाक्टर, नर्स, रोगी, बेडजस्ता प्रसङ्गले, बिरामी, डाक्टर र हस्पिटलको परिवेशलाई यहाँ प्रकट गर्न खोजिएको अवस्थाले नारी डाक्टर, नर्स र नारी बिरामीबीच भएका घटनाले नारी मानसिकताको परिवेशलाई स्पष्ट्याएको छ । प्रतिबिम्बका रूपमा स्वास्नीमानिसले डा.जमुनाको मनस्थिति बिगारी एउटा घटना उद्घाटित गरेकोले प्रतिनिधि पात्रको परिवेशमा समस्त नारी मानसिकतालाई यस एकाङ्कीमा विजय मल्लले देखाउन खोजेको प्रस्ट हुन्छ ।

## ४.४.४ द्वन्द्व

प्रस्तुत **प्रतिबिम्ब** एकाङ्कीमा आन्तरिक द्वन्द्व प्रबल रहेको देखिन्छ । मुख्य पात्र जमुनाको आन्तरिक द्वन्द्व, नारीसुलभ इर्ष्या नारीप्रतिको आन्तरिक शंकास्पद विचार आदिले प्रतिबिम्बका रूपमा छायाँपात्रको कल्पनाले उसमा आन्तरिक द्वन्द्व चरम रहेको देखिन्छ । नारीले नारीप्रति गर्ने शङ्का, इर्ष्याले नै स्वास्नीमानिसको प्रेतात्माको कल्पना गरी उसैका माध्यमबाट मञ्जु र आफ्नो श्रीमान् भोग्यबीच सम्बन्ध रहेको शङ्का र मञ्जुप्रति इर्ष्या प्रकट गरेको घटनाले डा.जमुनाको मानसिक चिन्तन आन्तरिक रूपमा भित्रभित्रै पाकेर, छायाँ रूपमा स्वास्नीमानिसको उपस्थिति हुनपुग्दछ र उसकै कथनले पिरोलिन पुग्दछे । उक्त प्रेतात्माबाट जमुनाको मानसिकतालाई खल्बल्याउन सहयोग पुग्छ । यसरी डा.जमुनाको मानसिकतामा आफ्नै विरूद्ध कुनै बेला पनि मञ्जुले षड्यन्त्र गर्न सक्छे भने मानसिक समस्यालाई प्रस्तुत एकाङ्कीमा उजागर गरी नारीभित्रको आन्तरिक द्वन्द्वलाई यहाँ विजय मल्लले स्पष्ट पारिदिएका छन् ।

## ४.४.५ भाषाशैली

प्रस्तुत एकाङ्कीमा भाषिक रूप सामान्य स्तरीय रूपमा हस्पिटलको परिवेशमा, डाक्टर, नर्स, बेड, रोगजस्ता भाषाको प्रयोग गरिएको छ भने रोगीहरूको अवस्था दर्शाउन, हृदयरोग, दमरोग, मुटुरोग, गर्भवतीजस्ता रोगको चर्चा पनि देखिन्छ । डाक्टरी भाषामा प्रयोग हुने कोल्याप्स्, स्लिपिङग् टेब्लेट, पेसेन्ट शब्दको प्रयोग छ । नारीका आन्तरिक मानसिक क्रियाकलापलाई एकाङ्कीमा दर्शाई नारी मनमा उब्जने विभिन्न समस्यालाई निकै नाटकीय शैलीमा आन्तरिक, मानसिक, उथलपुथललाई यहाँ विजय मल्लले प्रस्तुत गरेका छन् ।

## ४.४.६ उद्देश्य

**प्रतिबिम्ब** एकाङ्कीमा विजय मल्लले नारीको मानसिक समस्यालाई केन्द्रित गरी  पुरुषप्रति नारी भावनाको उद्‍घाटन गर्ने उद्देश्य राखेका छन् र एकाङ्कीलाई नाटकीय रूपमा अगाडि ल्याएका छन् । नारी मनको अध्ययन नारीले नारीप्रति राख्ने धारणा, क्रोध इर्ष्या मानसिक अवस्था उजागर गर्न मल्लले यस नाटकको उद्देश्यमा नाटकीयता प्रदान गरेका छन् । नारी आफ्नो जीवन दिएर भए पनि मातृत्व र पुरुषको भावनाप्रति सधै सजग रहने चेष्टाले नारीको आन्तरिक घटना प्रष्ट्याउने उद्देश्यले यस एकाङ्कीको रचना भएको हो भन्न सकिन्छ ।

## ४.४.७ शीर्षक सार्थकता

प्रस्तुत एकाङ्की **प्रतिबिम्ब**  शीर्षकले छायाँ भनी अर्थ प्रकट गरेको छ । यस एकाङ्कीमा बेड नं.४२ को एक रोगीको प्रतिबिम्ब आई डा.जमुनासँग संवाद गरी उनको मानसिक अवस्था खलबल्याई दिएको घटनाले प्रतिबिम्ब शीर्षक सार्थक देखिन्छ । तर कुनै स्वरूप नभई छायाँ वा प्रेतात्मा रूपमा प्रकट भई सम्पूर्ण नाटकीय घटना घटेका अवस्थाले पनि प्रतिबिम्ब शीर्षक सार्थक देखिन्छ । यस एकाङ्कीमा नारीको मानसिक अवस्था प्रतिबिम्बित गरेकाले पनि नाटकीय स्वरूप वरण गरेको छ भने नारीको मानसिक स्वरूपको प्रत्याङ्कन गर्नाले र घटनाको चरित्राङ्कन, आन्तरिक रूपमा छायाँ प्रेतात्मा आदिले शीर्षकको भूमिका कथानकमा गरेको हुनाले शीर्षक सार्थक नै देखिन्छ ।

## ४.५ 'उद्‍घाटन' एकाङ्कीको विश्लेषण

विजय मल्लद्वारा लिखित **भित्ते घडी** एकाङ्कीमा सङ्ग्रहित **उद्‍घाटन** चौथो एकाङ्की हो । यस एकाङ्की नाटकमा मल्लले हवाईदुर्घटनाको परिवेशमा नेपाली संस्कृति र त्यसले नेपाली समाजमा नारीको स्थिति र त्यसको असरलाई  मनोविश्लेषण गरेर देखाउने प्रयास गरेका छन् ।

## ४.५.१ कथानक

प्रस्तुत एकाङ्कीमा विजय मल्लले हवाई दुर्घटनाको परिवेश सिर्जना गरी नारीमनोविज्ञानलाई केलाउने प्रयास गरेका छन् । हवाईदुर्घटनामा एयरहोस्टेज प्रमिलाको मृत्यु भइसकेको छ । उक्त दुर्घटनापछि उसका दुई बहिनी शान्ता र ललिताको चरित्रले दिदीको मायाप्रेमभन्दा सम्पतिप्रतिको लोभ प्रकट गरेको छ । सम्पतिको सामु नाता र मानवीयसम्बन्ध पनि तोडिने र नारीको आक्रामक चरित्रले पुरुष आहत भएको घटना देखाई नारी मनोविज्ञानलाई यस एकाङ्कीमा सफल रूपमा व्यक्त गरिएको छ ।

यसरी विजय मल्लले हवाई दुर्घटनाको परिवेश देखाई नारी मानसिकता र पुरुष प्रतिको धारणा, सम्पत्तिका लागि सबै तुच्छ रहने कथ्य यस एकाङ्कीमा कथानकका रूपमा अभिव्यक्त गरेका छन् ।

## ४.५.२ चरित्रचित्रण

प्रस्तुत एकाङ्की **उद्‍घाटन**मा मुख्य पात्र शान्ता र जीवन देखा पर्छन् । सहायक पात्रमा, ललिता र गौण पात्रमा कान्छी देखापरेकी छ । यी पात्रहरूको चरित्रचित्रण   क्रमशः यसरी गर्न सकिन्छ ।

## ४.५.२.१ शान्ता

शान्ता प्रस्तुत एकाङ्कीमा आद्योपान्त रहेकी र उसकै चरित्रमा एकाङ्कीले गति लिएको छ । नारी मानसिकतामा आउन सक्ने स्वार्थीपनलाई प्रतिनिधित्व गर्ने चरित्र शान्ताको रहेको छ । उसकै मुख्य भूमिका देखाई चरित्राङ्कन गरिएकोले मुख्य पात्र हो । दिदीको मृत्युको खबरले दिदीको सम्पत्ति हडप्ने सोच राखेकी तर दुःखको अनुभूति कम स्वार्थको बढी चरित्र उसले यहाँ देखाएकी छ । मञ्चमा उपस्थिति सुरुदेखि अन्तसम्म रहेकाले ऊ मञ्चीय पात्र हो भने एकाङ्कीमा उसको चरित्र अन्तिम कथानकसम्म बाँधिएको छ, त्यसैले शान्ता बद्ध पात्र पनि हो ।

## ४.५.२.२ जीवन

प्रस्तुत एकाङ्कीमा जीवन एक प्रेमीका रूपमा रहेको छ । उसले प्रेम गरेकी प्रमिलाको हवाइ दुर्घटनामा मृत्यु भएको घटनाले विह्वल देखिन्छ । एकाङ्कीमा जीवन शान्ताको इर्ष्याको पात्र बन्न गएको छ । किनभने शान्ताले दिदीको मृत्युपश्चात् उसको सम्पत्तिको हकदार जीवन हुने कुराले शान्तालाई पिरोल्ने पात्रका रूपमा रहेको छ । तर सम्पत्तिभन्दा प्रेमलाई ठूलो महत्त्व दिई, दुर्घटना बीमा जलाइदिनाले निस्वार्थी प्रेमीका रूपमा स्थापित भएको देखिन्छ । जीवन यस एकाङ्कीमा मुख्य पात्रका रूपमा छ भन्ने कुरा उसको निस्वार्थी प्रेमीको चरित्रले स्पष्ट्याउछ । जीवनको चरित्र गतिशील छ । मञ्चमा उपस्थित भएको तथा उसकै केन्द्रीयतामा एकाङ्कीको उद्देश्य प्रकट भएकोले मञ्चीय बद्ध पात्रका रूपमा यस एकाङ्कीमा जीवनको चरित्र देख्न सकिन्छ ।

## ४.५.२.३ मदनमान

प्रस्तुत एकाङ्कीमा मदनमानको चरित्र सहायक पात्रका रूपमा देखिन्छ । मुख्य पात्र शान्तालाई सहयोग गर्न मात्र उसको चरित्र केन्द्रित छ । दुर्घटनामा प्रमिलाको मृत्युको खबर उसैले दिन आई उसको सम्पत्तिको हकदार सम्पत्तिको लोभी ऊ र शान्तालाई विभिन्न तर्क दिँदै सम्पत्ति प्राप्त गर्ने कपटता प्रकट गरेको देखिन्छ । एकाङ्कीमा शान्तालाई सहयोग गरी सम्पत्ति जति ब्यागमा हालेर हिँडदछ । यति नै यसको चरित्र हो । यसैले मदनमान गतिहीन देखिन्छ । एकाङ्कीको प्रस्तुतिमा मदनमान मञ्चमा आई शान्तालाई उचाल्ने प्रवृत्ति देखाएकाले मञ्चीय पात्र हो । एकाङ्कीको कथानकमा मदनमानको उपस्थिति बद्ध नभई मुक्त रूपमा रहेको देखिन्छ ।

## ४.५.२.४ ललिता

प्रस्तुत एकाङ्कीमा ललिताको चरित्र सहायक पात्रको रूपमा देखिन्छ । शान्ता र प्रमिलाकी बहिनी मदनको प्रेमिकाका रूपमा देखापरेकी छे । प्रमिलाको मृत्युले दुःखी भए पनि मदनका कुराले शान्तालाई सहयोग गरेको र कपडा गहना बोकी हिड्न सक्ने दुःखभन्दा स्वार्थ धेरै रहेकी पात्रका रूपमा चरित्राङ्कन देखिन्छे । मञ्चमा उपस्थित भई शान्तालाई सहयोग गर्न आएकीले मञ्चीय पात्र हो भने नाटकीय चरित्रमा मुक्त रूपमा उसको चरित्राङ्कन गरिएको छ ।

## ४.५.३ परिवेश

प्रस्तुत एकाङ्कीमा प्रमिलाको हवाइदुर्घटनाबाट बहिनीहरू र प्रेमीमा दुःखद् परिस्थितिको सिर्जना भएको देखिन्छ । नाटकीय कथानकमा हवाईदुर्घटनाको खतरनाक परिवेशले राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाइ यात्रासम्बन्धी जोखिमलाई प्रतिबिम्बित गरेको बुझिन्छ । सम्पत्तिप्रतिको लोभले आफन्तमा पर्ने प्रभाव र त्यसको परिणाम यहाँ शान्ताको चरित्रले स्वार्थीपनको सिर्जना गरेको देखिन्छ । जीवनबीमा कम्पनी, यात्रीहरूको नाम साटफेरले सरकारी कार्यालयीय अव्यवस्था र दिदीको मृत्युको दुःखभन्दा उसको सम्पत्तिप्रतिको स्वार्थ परिवेशले बाह्य तथा आन्तरिक चरित्रको सफल परिवेश निर्माण भएको देखिन्छ ।

## ४.५.४.द्वन्द्व

प्रस्तुत एकाङ्कीमा द्वन्द्वको सिर्जना बाह्य तथा आन्तरिक दुबै रूपमा देखाइएको छ । सर्वप्रथम प्रमिलाको हवाई दुर्घटना भएको वा नभएको द्वन्द्वले कथावस्तु अगाडि बढेको देखिन्छ । मदनको तर्क र शान्ताको चरित्रले स्वार्थ सिद्ध गर्ने आन्तरिक द्वन्द्वले नाटकीय कार्यव्यापार गरेको देखिन्छ । आन्तरिक द्वन्द्व, लोभले सृजना गरेको छ । मृत्युको घटनामा दुःख व्यक्त हुने स्थानमा लोभ स्वार्थ जागेको देखिन्छ । ललितालाई दिदीको मृत्युको घटनाले दुःखी बनाए पनि प्रेमी मदनको कुराले उसको मानसिक द्वन्द्व कम भएको देखिन्छ तर उसले स्वार्थी आन्तरिक चरित्रलाई प्रकट गरेकी छे । शान्ताको पनि सम्पत्तिप्रतिको लोभले आन्तरिक द्वन्द्वलाई विकास दिएको र आन्तरिक द्वन्द्वमै रमी नाटकीय घटना र उद्देश्य प्रकट यस एकाङ्कीमा गरिएको देखिन्छ ।

## ४.५.४ भाषाशैली

प्रस्तुत एकाङ्कीमा सामान्य, स्तरीय भाषाको प्रयोग गरिएको देखिन्छ । एक वाक्यदेखि २०-२५ वाक्यसम्मका कथन व्यक्त गरेका पात्रहरूको संयोजनअनुरूप भाषिक सम्प्रेषणलाई आन्तरिक भावनात्मक शैलीमा दुर्घटनाको पीडा र प्रेमपीडा स्वार्थ निस्वार्थलाई खुब रोचकताका साथ व्यक्त गरिएको छ । एयर होस्टेज, प्लेन, अफिसियली, कम्पनीजस्ता अंग्रेजी शब्दहरूको नेपालीपनका साथ प्रयोग गरिएको देखिन्छ । पीडाको समाचारदेखि मानवीय संवेदनाका आन्तरिक बाह्य प्रस्तुतिलाई पछ्याउने खालको भाषाशैलीले एकाङ्कीलाई स्वभाविक बनाएको छ ।

## ४.५.६ उद्देश्य

प्रस्तुत **उद्घाटन** नामक एकाङ्कीको अर्थ प्रतीकात्मक रूपमा व्यक्त भएको छ । धनसम्पत्तिको लोभले, मृत्युको पीडासमेत बोध नहुने नारी मानसिकताको उद्घाटन गरेको देखिन्छ । नारीभित्र रहने अहङ्कारलाई मूल विषय बनाई सम्पत्तिको सामु नाता र मानवीयसम्बन्ध पनि नरहने र नारीको आक्रामक चरित्रबाट पुरुष आहत हुने मुख्य उद्देश्य यस एकाङ्कीले व्यक्त गरेको छ ।

## ४.५.७ शीर्षक सार्थकता

प्रस्तुत एकाङ्कीको शीर्षक प्रतीकात्मक रूपमा व्यक्त भएको छ । यसबाट लोभ र स्वार्थले कुन हद पार गर्न सक्छ भन्ने चरित्रको उद्घाटन गरिएको छ । प्रेमको भावात्मक स्वरूपभित्र धनको महत्त्व र स्वार्थ अन्धता दुबैको चरित्रलाई सङ्केतित गर्ने कथानकसँग शीर्षकीय समीकरण रहेकोले शीर्षक वस्तुचरित्रद्वारा प्रकट भएकाले सार्थक छ ।

## ४.६ 'पर्खालभित्र' एकाङ्कीको विश्लेषण

**भित्ते घडी** एकाङ्की सङ्ग्रहभित्र संकलित यो एकाङ्की विजय मल्लको २०४० मा प्रकाशित एकाङ्की हो । **पर्खालभित्र** एकाङ्कीमा नेपाली समाजमा भित्रभित्रै हुनेगरेको तस्करी र चेलीबेटी बेचविखनले नारी अस्तित्वखतरामा परेको रहस्योद्घाटन गरिएको छ ।

## ४.६.१ कथानक

प्रस्तुत एकाङ्कीमा विजय मल्लले सामाजिक यथार्थको कथानक प्रस्तुत गरी तस्करीको काम गरी राष्ट्, राष्ट्रियता र नेपाली नारीको अस्तित्वखतरामा परेको घटना कथ्यका रूपमा यस एकाङ्कीमा प्रस्तुत गरेका छन् । पर्खालभित्र रहेर तस्करी गर्ने शमशेर गैरकानुनी गर्ने व्यापारी हो । उसको कार्य बहुमूल्य प्राचीन मूर्तिहरूको विदेश निकासा गर्ने र अबोध नेपाली युवतीलाई जागिर दिने निहुँमा गैरकानुनी काममा फसाउँने गर्छ । वीरबहादुर शमशेरकै पाले हो । उसकी छोरी शान्ति अवैध सामान ओसारपसार गर्दा मारिएकी छे । यसैको खोजी गरी जानकारी दिन शमशेरलाई वीरबहादुरले आग्रह गर्छ तर शमशेर केही नबताउने भएपछि वीरबहादुरले शमशेरको प्रतिशोधले प्रेरित भई उसैको ज्यानलिन तम्सिन्छ । शमशेरले उसकी छोरी मारिएको सुनाएपछि वीरबहादुरले शमशेरको हातबाट पेस्तोल फाली अब तिम्रो मर्ने पालो भनी आक्रमण गर्न पुग्छ । यही घटनालाई कथ्य बनाई यस एकाङ्कीले देशप्रेम र राष्ट्रियताको भावना दर्शाएको छ । शमशेर तस्करी गर्ने व्यापारी राष्ट्को कलङ्क हो । वीरबहादुरजस्ता राष्ट्रवादी चरित्रका माध्यमले अति भएपछि आफ्नै नोकरले मालिकको सर्वनाश गर्छ भन्ने विश्वजनीन सत्यलाई यस एकाङ्कीको कथानकले प्रस्ट पारेको छ ।

शमशेर पर्खालभित्र रहेर अवैध कारोबार गर्ने व्यापारी हो । गैर कानुनी समानको तस्कर गर्ने र राष्ट्रका बहुमूल्य सम्पतिको चोरी निकासी गरी सम्पति कमाउने दलाल हो । शमशेरले शोभा र मायाजस्ता युवतीलाई जागिरको बहानामा अवैध सामान ओसारपसार गराउँछ । यस्तै वीरबहादुरकी आफ्नै छोरी सामान ओसारपसार गर्दा मारिएकी हुन्छे । यसको यथार्थबोध भएपछि वीरबहादुरले शमशेरलाई मार्न पुग्दछ । वीरबहादुरलाई प्रतिशोधले राष्ट्रवादी बनाएको छ ।

यसरी विजय मल्लद्वारा **पर्खालभित्र** एकाङ्कीमा देशका ठूला दलालहरू कसरी राष्ट्रविरोधी व्यापार र दलाली गर्छन् भन्ने कथ्यलाई स्पष्ट पारिदिएका छन् । यसै कथानकद्वारा शमशेरजस्ता दलालीलाई चरित्राङ्कन गरी खुलासा गरिदिएका छन् ।

## ४.६.२ चरिचचित्रण

प्रस्तुत एकाङ्कीमा मुख्य पात्रका रूपमा शमशेर र वीरबहादुर देखिन्छन् । सहायक पात्रहरू माया, शोभा हुन् भने गौण पात्रका रूपमा श्यामकृष्ण, रामेश्वर देखिन्छन् ।

### ४.६.२.१ शमशेर

प्रस्तुत एकाङ्कीमा शमशेरको चरित्र राष्ट्, राष्ट्रियता र नेपाली नारीका अस्तित्व खतरामा पार्ने दुश्चरित्रका रूपमा उजागर गरिएको छ । शमशेर पुराना मूर्तिहरूको र नारी बेचबिखन गर्ने खल पात्र हो । उसको चरित्र एकाङ्कीमा गतिशील छ । उसको मञ्चीय उपस्थितिले राष्ट्का पुराना कलात्मक मूर्ति, नेपाली नारीको अस्तित्व बेच्नेजस्ता अवैध कार्य गरेको पात्रका रूपमा देखिने चरित्र हो । यस एकाङ्कीमा शमशेर बद्ध पात्रका रूपमा अवैध कारोबार गर्ने चरित्र निर्वाह गरेको देखिन्छ खल वा प्रतिकूल चरित्र भएर पनि ऊ मुख्य पात्रका रूपमा रहेको छ ।

### ४.६.२.२ वीरबहादुर

प्रस्तुत एकाङ्कीमा वीरबहादुरको चरित्र सामन्ती, दलाल, शमशेरको काम गर्ने पात्रका रूपमा चरित्राङ्कन गरे पनि उसको वास्तविक चरित्र शमशेरको विरुद्ध खडा भएको पात्रका रूपमा छ । जब वीरबहादुरलाई आफ्नी छोरी शान्तिको खबर केही पनि शमशेरले दिँदैन, तब वीरबहादुर अड्डी टेकेर यसको खबर नलिई नजाने अठोट गर्छ र शमशेरसँग द्वन्द्व हुन पुग्दछ । शमशेरले तँलाई जति पैसा चाहिए पनि लैजा तर अहिले जाभन्दा उसले अस्वीकार गरी शमशेरलाई चेतावनी दिँदै अब तेरो मर्ने पालो भनी उसमाथि जाइलाग्छ । यसरी वीरबहादुरको चरित्र मुख्य पात्रका रूपमा गतिशील भई सामन्ती पर्खालभित्रको पोल खोल्ने, उसको भण्डाफोर गरी सत्पात्रका रूपमा मुख्य भूमिका लिएर मञ्चमा बद्ध रूपमा रहेको देखिन्छ ।

## ४.६.२.३ माया

प्रस्तुत एकाङ्कीमा मायाको चरित्र सहायक रहेको देखिन्छ । शमशेरको कार्य गर्ने, र उसकै आज्ञामा चल्ने पात्रका रूपमा माया देखिएर वीरबहादुरलाई उसकी छोरीको बारमा पत्ता लगाउने बाचा गरेकी सकारात्मक पात्रका रूपमा चरित्राङ्कन भए पनि शमशेरकै कठपुतलीका रूपमा कार्यव्यापार गरेकी छे । ऊ बिवश छे, सामन्ती सेवाका लागि तत्पर छे । विदेश जान तयार छे तर उसलाई शमशेरको गोप्य कुरा थाहा छैन । मञ्चमा उपस्थित सहायक पात्र भए पनि नारीको प्रतिनिधित्व गर्ने पात्र हो । ऊ बिवश, सामन्ती चक्रमा फसेकी तर सचेत भए पनि बद्ध पात्र र निस्क्रिय पात्रका रूपमा यस एकाङ्कीमा प्रस्तुत भएकी छे ।

## ४.६.२.४ शोभा

प्रस्तुत एकाङ्कीमा शोभाको चरित्र मायाकै बराबर भए पनि माया पछि उसको चरित्र यहाँ सामन्ती शमशेरको कार्य सहायक पात्र हो । उसको चरित्र गतिहीन छ । तापनि माया शान्तिभैंँ शमशेरको काम गर्ने विदेशी पाहुना, दलाल, सामन्तीलाई खुसी पार्ने पात्रका रूपमा मञ्चमा उपस्थित देखिन्छे । उसको एकाङ्कीमा आद्योपान्त रहने चरित्रका रूपमा नदेखाई क्षणिक पात्रका रूपमा उभ्याइएको देख्न सकिन्छ ।

## ४.६.२.५ श्यामकृष्ण र रामेश्वर गुप्ता

प्रस्तुत एकाङ्कीमा श्यामकृष्णको चरित्र गौण पात्रका रूपमा छ । ऊ शमशेर दलालको कार्य गर्ने, उसकै इसारामा चल्ने पात्र हो । श्यामकृष्णको चरित्र गतिहीन छ । ऊ एकाङ्कीको बीचमा शमशेरलाई सहयोग गर्न मात्र आएको देखिन्छ । मञ्चमा उसको उपस्थिति देखिए पनि मुक्त पात्र हो ।

प्रस्तुत एकाङ्कीमा रामेश्वर गुप्ता शमशेरजस्तै दलाल गौण पात्रको रूपमा रहेको देखिन्छ । उसको चरित्र गतिहीन भए पनि शमशेरसँग मञ्चमा गोप्य कुरा गर्न दलाली नाइकेको चम्चाका रूपमा यस एकाङ्कीमा गुप्ताको चरित्राङ्कन गरिएको देखिन्छ ।

## ४.६.३ परिवेश

प्रस्तुत एकाङ्कीमा परिवेशका दृष्टिले सामन्ती चरित्रको उजागर गर्दै शमशेरको दरबारभित्र हुने कुकृत्यलाई स्पष्ट पारिएको देखिन्छ । हङ्कङ् सिङगापुर, जापानजस्ता देशमा नेपालका पुराना कलात्मक मूर्ति र नेपाली नारीको अस्तित्वबेच्ने दलालजस्ता चरित्रलाई देखाउँदै उसका अवैध कारोबारको परिवेशलाई एकाङ्कीको विषयवस्तुका रूपमा समावेश गरी शहर, देशविदेश, अवैध कारोबार, सामन्ती प्रवृत्तिका अवैधधन्दा सञ्चालन गर्ने परिवेशको सिर्जना गरिएको छ । यिनै परिवेशमा सक्रिय शमशेरजस्ता सामन्तीको चरित्र शान्तिजस्ती नेपाली नारी बेचिएर मरेकी र वीरबहादुरजस्ता बफादार पात्रहरूको चरित्रले परिवेश सुहाउँदो देखिन्छ ।

## ४.६.४ द्वन्द्व

प्रस्तुत एकाङ्कीमा वीरबहादुर र शमशेरबीच द्वन्द्व देखिन्छ । वीरबहादुरमा आन्तरिक र बाह्य दुबै द्वन्द्व छ भने शमशेरमा बाह्य द्वन्द्व देखिन्छ । वीरबहादुरकी छोरी शमशेरले सिङ्गापुर् पठाइदिएपछि कुनै खबर नदिएकोले वीरबहादुरमा छोरीप्रतिको मायाले आन्तरिक द्वन्द्व प्रकट गरेको छ । त्यसैले ऊ चिन्तित र दुःखी छ । जब शमशेरसँग छोरीकाबारे सोधपुछ गर्छ शमशेरले केही जानकारी दिँदैन तब वीरबहादुरमा बाह्य द्वन्द्व प्रवल भई शमशेरसँग कुनै हालतमा पनि खबर नलिई नछाड्ने अठोट गर्छ र यही मुख्य द्वन्द्वमा एकाङकी केन्द्रित भएको देखिन्छ । विजय मल्लले यसरी शमशेर र वीरबहादुरको द्वन्द्व गराई एकाङ्कीको अन्त्यतिर वीरबहादुरमा राष्ट्र र राष्ट्रियताको भावना ल्याएर अति भएपछि आफ्नै नोकरले मालिकको सर्वनास देख्न चाहन्छन् भन्ने विश्वजनीन सत्यलाई एकाङ्कीमा स्पष्ट पारेका छन् ।

## ४.६.५ भाषाशैली

प्रस्तुत एकाङ्कीको भाषा स्तरीय छ । पात्र अनुकूल भाषाको प्रयोग यस एकाङ्कीको विशेषता हो । शैलीका दृष्टिले पात्र अनुकूल सामान्य एवं आवेशात्मक परिस्थितिलाई, व्यापारिक गोप्यजस्ता कुरालाई संवादात्मक शैलीमा प्रस्तुत गरिएको छ । एक वाक्यदेखि अनुछेदसम्म लामा संवाद देखिएका छन् तर पनि पात्रले वहन गर्न सक्षम छन् । ट्रङ्कल, हयाण्डब्याग, ड्रेसिङ, वल्ड ट्र्याभल, मिसेज कन्ट्रिजजस्ता अंग्रेजी शब्द एवम् थ्याङ्क्यु, हाउ वण्डरफुल, यु लुकजस्ता पदावलीको प्रयोगले देशविदेश, व्यापारिक, सामन्ती पात्र अनुकूल शब्दावली प्रयोगात्मक रूपमा देखा परेको छ । क्युरियोहरू सब डेस्टिनेसनमा पुगेको खबर........, कमिशन जम्मा छ, हङ्कङ् बैंङ्कजस्ता वाक्यले व्यापारिक शब्दावली समेत प्रयोग भएको देखिन्छ ।

प्रस्तुत एकाङ्कीमा नाटकीय भाव प्रकट गर्ने संवाद देखिन्छ । मनोरञ्जनात्मक र आवेशात्मक संवाद पनि देखिन्छ । यसरी पात्र र परिवेश अनुकूल चरित्रले वहन गर्ने खालका संवादहरू यस एकाङ्कीमा रहेका छन् ।

## ४.६.६ उद्देश्य

यस एकाङ्कीमा पर्खालभित्र रहेर तस्करीको काम गरी राष्ट्, राष्ट्रियता र नेपाली नारीको अस्तित्व खतरामा पार्ने सामन्ती तस्करहरूको रहस्यलाई स्पष्ट पार्ने उद्देश्य राखएको देखिन्छ । शमशेर गैर कानुनी सामानको तस्करी गर्ने पर्खालभित्रको व्यापारी हो । पुराना मूर्तिको निकासी विदेश गर्ने, अबोध नेपाली नारीलाई जागिर दिने बहानामा बेचिदिने, कानुनमा फसाइदिनेजस्ता कुकृत्यको पर्दाफास गर्ने उद्देश्य राखी यस एकाङ्कीको रचना भएको देखिन्छ । यस एकाङ्कीले राष्ट्रविरोधी नकरात्मक कार्य रोक्ने उद्देश्य राखी समाजमा सचेतता जगाउने उद्देश्य रहेको छ ।

## ४.६.७ शीर्षक सार्थकता

प्रस्तुत एकाङ्कीको शीर्षक प्रतीकात्मक छ । पर्खालभित्र हुने दलाल सामन्त तस्करहरूको पर्दाफास गर्ने वस्तुतथ्य व्यक्त भएको यस एकाङ्कीको शीर्षकअनुरूप पर्खालभित्रको रहस्यलाई प्रकट गरी शीर्षकीय प्रतीकात्मक अर्थ व्यक्त भएको छ । यही प्रतीकात्मक अर्थभित्र हुने चरित्र वस्तुले शीर्षक सार्थक र उद्देश्यपूर्ण देखिन्छ ।

## ४.७ 'यो कस्तो दन्त्यकथा ?' एकाङ्कीको विश्लेषण

विजय मल्लद्वारा लिखित **भित्ते घडी** एकाङ्की सङ्ग्रहमा सङ्कलित **यो कस्तो दन्त्यकथा** ? छैठौं एकाङ्की हो । यस एकाङ्कीमा एकाङ्कीकारले मिथकको प्रयोग गरी आजको नरसंहार गर्नसक्ने आणविक आविष्कारलाई राक्षससँग तुलना गरी त्यसलाई रोक्नसक्ने मानवको आह्वान गरेका छन् । **यो कस्तो दन्त्यकथा** ? मा आजका मानवलाई सचेत हुन सन्देश दिने कथानक प्रस्तुत छ ।

## ४.७.१ कथानक

प्रस्तुत **यो कस्तो दन्त्यकथा** ? एकाङ्कीलाई विजय मल्लले दन्त्यकथासम्बन्धी मिथकको प्रयोग गरी आजको नरसंहार गर्नसक्ने आणविक आविष्कारलाई राक्षससँग तुलना गरी राधाजस्तै आत्म बलिदान हुने व्याक्तिको आह्वान गरिएको कथावस्तु प्रस्तुत छ । प्रस्तुत एकाङ्कीमा गोविन्दलाई राक्षसले धर्मपुत्रका रूपमा जङ्गलमा राखेको छ । गोविन्दलाई खोज्न राधा, गोपाल, ग्वारा, रत्ना आदि ८/१० जना ठूला र साना बालबालिका डरलाग्दो जङ्गलमा गएका छन्  र उनीहरू गफ गरिरहेकाबखत त्यही जङ्गलमा गोविन्द आइपुग्दछ  गोविन्द हराएको ८/१० दिन भएको हुन्छ । गोविन्दले आफूलाई राक्षसले धर्मपुत्र बनाएर राखेको कुरा भन्दछ । गोविन्द मन नमानीनमानी बाँकी गाँउले र गाउँलाई सुरक्षित राख्ने सर्तमा धर्मपुत्र बस्दछ । गोविन्द मान्छेको मासुखानु परे पनि स्वीकार गर्दै राक्षसजस्तै बन्न पुगेको छ भने ती ८/१० जना केटाकेटी डराउँदै गफ गरिरहेका ठाउँमा गोविन्द    आइपुग्छ । आफू स्वयम् राक्षसको धर्मपुत्र बनेको र मान्छेको मासु खानुपर्ने बाध्यतामा परेर समाज गाउँ र मानव हितको लागि यस्तो बाध्यतामा परेको बताउँछ । राक्षसले गोविन्दकासामु कुनै आइमाईलाई मारेर उसको टाउकाको मासु खानुपर्ने अवस्था सिर्जना गरेर राक्षस पुन शिकार खेल्न गएको छ । राक्षसले मारेर ल्याएको त्यो आइमाईको टाउकोमा गोविन्द राधाको प्रतिछायाँ देख्छ । राधा नै जस्तो लाग्छ भन्नेकुरा केटाकेटीलाई सुनाएपछि केटाकेटीहरू राक्षसको मुखबाट गोविन्दलाई बचाउन अनेकौ उपाय सोच्दछन् । अन्त्यमा राक्षसले रोपेको विष वृक्षको बोक्रा मुखमा च्यापेर राधाले राक्षससँग निहु खोज्दछे । राक्षसले राधालाई मार्न खोज्दा उक्त विषको वृक्षको बोक्राको प्रभावले राधा र राक्षस दुबै मर्दछन् र कथानकको अन्त्य यहीँ हुन्छ । यस एकाङ्कीमा आजका मान्छेका इच्छा आकाङ्क्षा त्यसैखेर गइरहेका छन् । भन्ने कुराहरूलाई दन्त्यकथाको मिथककद्वारा स्पष्ट पारिएको छ । यिनै कुराहरूलाई नै एकाङ्कीमा कथावस्तुको स्थान दिइएको छ ।

प्रस्तुत कथानकमा विजय मल्लले वर्तमानको आणविक त्रासका रूपमा राक्षसलाई उभ्याइ गोविन्दजस्ता निरीह पात्रको बाध्यतालाई व्यक्त गरी राधाजस्तो आत्मबलीदानी पात्रको आह्वानको उद्देश्य यस एकाङ्कीमा गरेका छन् । वर्तमानको मिथकीय

प्रस्तुतिले प्रस्तुत एकाङ्की प्रयोगशील देखिन्छ । मिथकमाजस्तो राक्षस वर्तमानमा पनि विभिन्न रूपमा रहेको कथ्य यस एकाङ्कीले व्यक्त गरेको देखिन्छ ।

## ४.७.२.चरित्रचित्रण

यस एकाङ्कीमा निम्न पात्रहरू रहेका छन् : राधा, गोपाल, ग्वारा, गोविन्द ठूला व्यक्ति हुन् भने रमा, श्यामा, विनोद, रत्ना आदि बालपात्र रहेका छन् । यस एकाङ्कीमा राधा, गोविन्द, राक्षस मुख्य पात्र रहेका छन् ।

## ४.७.२.१ गोविन्द

प्रस्तुत एकाङ्कीमा गोविन्द एकाङ्कीको कथावस्तुलाई गतिशील बनाउने पात्र हो । ऊ राक्षसको धर्मपुत्रका रूपमा देखिएको छ । गोविन्द मानवीय पात्र हुँदाहुँदै पनि राक्षसको बन्धनमा रहेको छ । राक्षसले उसलाई धर्मपुत्रका रूपमा राखेर राक्षसी धर्म सिकाउने प्रयास गरेको छ । गोविन्द निरीह र लाचारबनी राक्षसले जे भन्छ उही कुरालाई पत्याएर कुनै प्रतिकारको सोच नराखीकन पछि हट्न चाहने पात्रका रूपमा देखिएको छ । राक्षसले आफूले भनेको कुरा नमाने ऊ र गाउँले सबैलाई सखाप पार्ने राक्षसको धम्कीले डराएर विवश भई राक्षसी धर्म स्विकार्न बाध्य देखिन्छ । गोविन्द एकाङ्कीको सुरुदेखि अन्तसम्म रहेकाले मुख्य पात्र हो । गोविन्द गाउँबाट हराएको छ र उसको खोजीमा जङ्गलमा गएका उसका साथी भाइबहिनीसँग उसले आफ्नो अवस्था बताएपछि एकाङ्कीमा मूल कथ्य **यो कस्तो दन्त्यकथा** ? को उजागर भएको छ । गोविन्दकै केन्द्रीयतामा एकाङ्कीले गति प्राप्त गरेको हुँदा अनुकूल, गतिशील, मञ्चीय र मुख्य भूमिका गोविन्दको देखिन्छ ।

## ४.७.२.२ राधा

प्रस्तुत एकाङ्कीमा राधा स्त्री पात्र हो र उसको चरित्र मुख्य पात्रकारूपमा यस एकाङ्कीमा देखिन्छ । राधा अन्य पात्रभन्दा बढी नै बौद्धिक पात्र हो । गोविन्दको खोजीमा जङ्गलमा साथीहरूसँग गएकी छे । गोविन्द राक्षसको बन्धनमा परेको थाहा पाएपछि राधाले गोविन्दलाई राक्षसी धर्म नमान्न प्रेरित गरेर साहस देखाएकी छ । राक्षसबाट गोविन्द लगायत सबै गाउँलेको हितको लागि राक्षसको विनास गर्ने उपाय खोज्ने क्रममा सहास गरेर आफ्नो ज्यानको पर्वाह नगरी राक्षसको बध गरेर सहासी पात्रको परिचय दिएकी पात्र हो । राधाले ओठमा राक्षसले रोपेको विषालु रुखको बोक्रा च्यापेर राक्षससँगको लडाइँमा राक्षसलाई मार्न सफल भएकी छ । आफू मरेर भए पनि राक्षसी प्रवृत्ति विरुद्ध कोमलता र संवेदनाको जित देखाएकी छ । नारी पात्र भए पनि एकाङ्कीमा ठूलो साहसका साथ गोविन्दको खोजीमा जङ्गल जानुका साथै राक्षस विरुद्ध लडी विजय प्राप्त गर्ने पात्र हो ।

यस एकाङ्कीमा राधाको चरित्र मुख्य भूमिकाका साथै गतिशील, मञ्चीय, अनुकूल र बद्धपात्रका रूपमा चित्रित छ ।

## ४.७.२.३ राक्षस

प्रस्तुत एकाङ्कीमा राक्षस मानवेत्तर पात्रका रूपमा दन्त्यकथाको जस्तो राक्षसी चरित्र हो । राक्षस वर्तमानको आणविक त्रासको प्रतिनिधित्व गर्ने प्रतीकात्मक पात्र पनि हो । आजको वैज्ञानिक आविष्कारबाट नरसंहार गर्ने प्रतीकात्मक रूपमा यस एकाङ्कीमा राक्षस रहेको छ । गोविन्दलाई राक्षसी धर्मको परम्परा थाम्न धर्मपुत्रको रूपमा राखेको छ । ऊ जङ्लमा रहेर गाउका मानिसलाई सिकार गरी खान रुचाउने भएकोले प्रतिकूल चरित्रका रूपमा देखिन्छ । राक्षसले गोविन्दलाई मान्छेको मासु खान दवाव दिएर राक्षसी प्रवृत्तिमा ल्याउने प्रयास गरेको छ । यस एकाङ्कीमा राक्षसको अन्त्य देखाएर मल्लले आणविक सन्त्रासद्वारा गरिने मानवसंहारलाई देखाई मानवीयताको रक्षा र राक्षसी प्रवृत्ति विरुद्ध मानवीय कोमलता संवेदनाको विजय देखाएका छन् ।

## ४.७.३ परिवेश

प्रस्तुत एकाङ्कीको परिवेश जङ्गलको रहेको देखिन्छ । गोविन्दको खोजीमा गएका पात्रहरूले जङ्गलमा गोविन्दलाई भेटेका छन् । जहाँ गोविन्द राक्षसको फन्दामा परेको छ । जङ्गलको परिवेशमा केन्द्रित यस एकाङ्कीमा राक्षसी प्रवृत्ति देखाउन मिथकको प्रयोग गरी दन्त्यकथाको प्रयोग गरिएको छ । प्रतीकात्मक रूपमा आजको आणविक होड र त्यसबाट जन्मिएको मानवीय त्रासलाई यस एकाङ्कीमा देखाइएको छ । जङ्गलको नजिकै गाउँ रहेको छ । त्यहीको गोविन्द पात्रलाई राक्षसी प्रवृत्तिमा ल्याउने परिवेश यहाँ देखिन्छ । गोविन्द मानव पात्र हो । राक्षस मानवेत्तर पात्र भई अहिलेको वर्तमान स्थितिमा मानवलाई मानवीयतादेखि पर अमानवीय व्यवहार गर्न राक्षसको प्रतीकमार्फत मल्लले वर्तमानिक विश्व परिवेशलाई देखाउने प्रयास गरेका छन् । दन्त्यकथाको मिथकले वर्तमानिक आणविक, त्रासमय, मानवीय र मानवेत्तर प्रवृत्तिको परिवेश मल्लले सृजना गरी एकाङ्कीमा आजको विश्वपरिवेशको चित्रण गरेका छन् ।

### ४.७.४ द्वन्द्व

प्रस्तुत एकाङ्कीमा आन्तरिक र बाह्य दुबै द्वन्द्वको संयोजन देखिए पनि आन्तरिक भन्दा बाह्य द्वन्द्व प्रबल रहेको छ । यस एकाङ्कीमा गोविन्दमा आन्तरिक द्वन्द्व रहेको देखिन्छ राक्षसले गोविन्दलाई मान्छेको मासु खान बाध्य बनाँउदा उसमा मान्छेको मासु खाऊँ कि नखाऊँको द्वन्द्व रहेको छ बाह्य द्वन्द्व यस एकाङ्कीमा आदिदेखि अन्त्यसम्म प्रवलरूपमा रहेको छ । यस एकाङ्कीमा राक्षस र राधाको द्वन्द्व मुख्यरूपमा रहेको छ । राधाले राक्षसको प्रतिशोधलिने र मानवताको रक्षाका लागि मुखमा विष च्यापेर राक्षससँग ओठ जोड्न पुग्छे र राक्षसको विनाश गर्दछे । यसरी आणविक हतियार विरुद्ध मानवताको विजय देखाइ बाह्य द्वन्द्वलाई मल्लले प्रकट गरेका छन् ।

## ४.७.५ भाषाशैली

प्रस्तुत एकाङ्कीको भाषा सामान्य बोलचालको देखिन्छ । एकाङ्कीको मूलकथ्यलाई व्यक्तगर्न प्रतीकात्मक मिथकीय प्रयोग गरी सरल सहज भाषा व्यक्त भएको देखिन्छ एक वाक्यदेखि बीस-पच्चीस वाक्यसम्मका संवादकोप्रयोग यस एकाङ्कीमा देखिन्छ । डरलाग्दो घटना, कातरपन र साहसी स्वभाव प्रकट गर्ने पात्र अनुकूलको संवाद देखिन्छ । यस एकाङ्कीको कथ्यशैली प्रतीकात्मक र मिथकीय रहेको छ ।

## ४.७.६ उद्देश्य

प्रस्तुत एकाङ्कीमा विजय मल्लले दन्त्यकथासम्बन्धी मिथकको प्रयोग गरी आजको नरसंहार गर्न सक्ने आणविक आविष्कारलाई राक्षससँग तुलना गरी राधाजस्तै आत्म बलिदानी हुने व्यक्तिको आह्वान गरेका छन् । यस एकाङ्कीमा राक्षसी नरसंहार विरुद्ध नारी पात्र राधालाई उभ्याएर कोमलता, संवेदनशीलताजस्ता मानवीय भावनाहरूद्वारा विजयको कामना गर्ने उद्देश्य मल्लले व्यक्त गरेका छन् ।

## ४.७.७ शीर्षक सार्थकता

प्रस्तुत एकाङ्कीको शीर्षक **यो कस्तो दन्त्यकथा** ? प्रतीकात्मक र मिथकीय दुबै दृष्टिले उपयुक्त रहेको छ । दन्त्यकथामाजस्तो राक्षसी चरित्र उभ्याई प्रतीकात्मक रूपमा एकाङ्कीको मूल कथ्य व्यक्त गरेकाले शीर्षक सार्थक देखिन्छ । प्रतीकात्मक रूपमा अहिलेको आणविक आविष्कारलाई राक्षससँग तुलना गरी दन्त्यकथामा जस्तै राक्षसी चरित्रलाई देखाइएकाले वस्तुअनुरूप शीर्षक सार्थक रहेको छ ।

## ४.८ 'एक संभ्रान्त परिवारको कथा' एकाङ्कीको विश्लेषण

विजय मल्लद्वारा लेखिइएको एकाङ्की सङ्ग्रह **भित्ते घडी**मा रहेको सातौं एकाङ्की हो । यस एकाङ्कीमा संभ्रान्त परिवार र उनीहरूका बीचमा रहेको चिसोपनको उद्घाटन गरिएको छ ।

## ४.८.१ कथानक

प्रस्तुत एकाङ्की **एक संभ्रान्त परिवारको कथा** एकाङ्कीमा पैसा कमाउने धुनमा लागेका एक संभ्रान्त परिवारका सदस्यहरूको भित्रीरूप कसरी खोक्रिएको हुन्छ भन्ने तथ्यलाई यस एकाङ्कीमार्फत् मल्लले उजागर गरेका छन् । उद्योगपति लोकेन्द्रले निकै मेहनतसाथ स्थापना गरेको बिस्कुट फ्याक्ट्रीको पैसाबाट कान्छा छोरा गजेन्द्रले रातारात धन कमाउने र विदेशबाट सुन ल्याउने कालो धन्दा गरेको छ । यसका माध्यमबाट समाजमारहेको कालो धन्दा र कालो बजारी प्रवृत्तिको पर्दाफास यस एकाङ्कीमा गरिएको छ । संभ्रान्त परिवारको आन्तरिक कालो बजारीको कथ्यलाई उजागर गर्दै यस एकाङ्कीको कथानकलाई गजेन्द्रले कालो धन्दाका रूपमा सञ्चालन गरेको सुनको व्यापारमा पक्राउ परी सबै धन डुबेपछि तीन वर्षदेखि एन्.आइ.डी.सी. को ऋण तिरिएको हुँदैन । उक्त कुरा गजेन्द्रका दाजुहरू भोगेन्द्र र योगेन्द्र कुनैले थाहा पाएका हुदैन् । यसले संभ्रान्त परिवारका सदस्यहरूका बीचको सम्बन्ध खुलस्त र स्वच्छ हुँदैन भन्ने देखाएको छ । अन्त्यमा ऋण दिने संस्थाले तालाबन्दी गरेपछि सबैको आँखा खुल्छ । ताला लागेपछि परिवारको इज्जतमा धक्का लागेको सम्झेर बूढोबाबु लोकेन्द्रको अचानक हृदयगति रोकिएर मृत्यु हुन्छ र अन्य परिवारका सदस्यहरूको जीवन अस्तव्यस्त हुन्छ ।

प्रस्तुत एकाङ्कीमा मल्लले सामाजिक समस्यालाई यथार्थ रूपमा उद्घाटन गरेका छन् । वास्तविक समाजमा रहेका संभ्रान्त परिवारको कथालाई यस एकाङ्कीमा कुशलतापूर्वक नाटकीयरूप दिइएको देखिन्छ । सम्भ्रान्त परिवारभित्र रहेका गलत विचारलाई यस एकाङ्कीमा मुख्य वस्तुका रूपमा यस कथानकमार्फत मल्लले स्पष्ट राखेका छन् ।

यसरी सामाजिक यथार्थपरक समस्यालाई एउटा संभ्रान्त परिवारको आन्तरिक खोक्रोपनालाई कथ्य बनाई सामाजिक समस्यालाई यथार्थमा प्रस्तुत गरी विकृति र गलत विचारप्रति सजग हुन मल्लले यस एकाङ्कीको रचना गरेका बुझिन्छ ।

## ४.८.२ चरित्रचित्रण

प्रस्तुत एकाङ्कीमा पात्रको उपस्थिति धेरै नै देखिन्छ । एकाङ्कीमा साधना, रमेश रमिला, योगेन्द्र कृष्णप्रसाद, शत्रुधन, भोगेद्र, रुद्रमान, लेखापाल, गजेन्द्र, लोकेन्द्र आदि नामगरेका पात्रहरू छन् । यी पात्रहरूमध्ये एउटा संभ्रान्त परिवारको आन्तरिक र बाह्य आडम्बर प्रकट गर्ने भोगेन्द्र, लोकेन्द्र र गजेन्द्रको चरित्रलाई यहाँ चित्रण गरिन्छ ।

### ४.८.२.१ लोकेन्द्र

पाण्डे परिवारको पिता लोकेन्द्र यस एकाङ्कीमा अभिभावक छ । उसैको मेहनतले फ्याक्ट्री खोलिएको छ तर यसको जिम्मा छोराहरूलाई लगाइदिएको छ । एकाङ्कीको अन्त्यमा मात्र लोकेन्द्रको उपस्थिति छ । जब एन् आइ.डि.सी. ले फ्याक्ट्रीमा ताला लगाइसकेपछि भोगेन्द्र, गजेन्द्र, रमिला मेनेजर आदिले फ्याक्ट्रीका बारे कुरा गर्छन्, ती सबै लोकेन्द्रले थाहा पाउँछ र आफ्नो इज्जतमा दाग लाग्ने भएर हृदयगती अचानक रोकिन्छ र मर्दछ । यस एकाङ्कीमा पिताको भूमिका निर्वाह गरे पनि संभ्रान्त परिवारको मूल खम्बा  हो । यसको मञ्चीय उपस्थिति कम देखिए पनि आडम्बरयुक्त संभ्रान्त पारिवारिक स्थितिको प्रतिनिधि पात्र हो ।

### ४.८.२.२ भोगेन्द

लोकेन्द्रको ज्येष्ठ पुत्र भोगेन्द्र हो । ऊ बिस्कुट फ्याक्ट्रीको चेयरम्यान हो । तर फ्याक्ट्री हेर्ने जिम्मा भाइ गजेन्द्रलाई छ । जब  म्यानेजरले खबर गरेपछि भोगेन्द्र के, किन, कसरी भयो भन्ने कुराले उसको आँखा खुल्दछ र चिन्तित् भएर म्यानेजरसँग खबर गर्न किन ढिलो गरेको भन्दछ । ऊ निस्क्रिय देखिन्छ र गजेन्द्र पूर्व जानकारी दिनुपर्ने कुरा गर्छ तर समय ढिलो भइसकेको छैन भन्दछ र मूलखाता कसरी रित्तियो भनेर यसमा आश्चर्य प्रकट गर्छ । समग्रमा यस एकाङ्कीको सकरात्मक पात्र भोगेन्द्र भए पनि ऊ निस्क्रिय नै देखिन्छ ।

### ४.८.२.३ गजेन्द्र

प्रस्तुत एकाङ्कीमा गजेन्द्रको चरित्र अन्त्यमा मात्र देखिन्छ तर यसैको चरित्रले नै एकाङ्कीको मूल रहस्यलाई उजागर गरेको छ । ऊ अबैध कारोवार गरी रातारात धनी हुने लोभमा फ्याक्ट्रीको सबै धन सुन व्यापारमा लगाउछ र पक्राऊ परेर सबै सुन गुमाउँछ । फ्याक्ट्रीको धन सकिएपछि एन्.आइ.डि.सी. को ऋण नतिरेका कारण फ्याक्ट्री बन्द हुन्छ । उक्त घटनाको प्रमुख दोषीका रूपमा गजेन्द्र देखिन्छ । संभ्रान्त पविारको आन्तरिक चरित्रलाई गजेन्द्रको चरित्रले स्पष्ट पारेको छ । ऊ रातारात धनी हुने लोभमा अबैध कारोबार गर्ने चरित्र हो । उसैका कारण फ्याक्ट्री बन्द भएको छ र बाबुको हृदयगति रोकिएर मृत्यु भएको छ । उसैको केन्द्रीयतामा एकाङ्कीले पूर्णता पाएकाले गजेन्द्र यस एकाङ्कीको मुख्य पात्र हो । उसको चरित्र प्रतिकूलका साथै ऊ गतिशील पात्रका रूपमा मञ्चमा  देखिन्छ ।

## ४.८.३.परिवेश

प्रस्तुत एकाङ्कीको परिवेश सहरिया रहेको छ । एउटा संभ्रान्त परिवारको पारिवारिक वातावरणमा एकाङ्कीले गति पाएको छ । फ्याक्ट्रीसम्बन्धी कुराले विकासशील र सहरिया स्थानको चर्चा यहाँ देखिन्छ । एन.आइ.डी.सी.जस्तो बैङ्किङ् संस्थाले ऋण नतिरेको कारण फ्याक्ट्रीमा तालाबन्दी गरेको चर्चा यहाँ छ । पाण्डे परिवारका सबै सदस्य शिक्षित र उद्योगशील छन् । ठूलाबडा भनाउँदा परिवार भित्रभित्रै बिग्रिरहेको सामाजिक यर्थाथको परिवेशलाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ । मल्लले नेपाली सामाजिक पारिवारिक अवस्थाको वास्तविक परिवेशको सिर्जना गरेको देखिन्छ । यसप्रकार सहरिया ठूलाबडा भनाउँदाको खोक्रोपना अबैध कारोबार, इज्जत आदिको परिवेशले नेपाली समाजको यथार्थ चित्रण गर्न प्रस्तुत एकाङ्की सफल रहेको छ ।

## ४.८.४ द्वन्द्व

प्रस्तुत एकाङ्की **एक संभ्रान्त परिवारको कथा**मा आन्तरिक र बाह्य दुवै द्वन्द्व देख्नसकिन्छ । आन्तरिक द्वन्द्वमा बृद्ध उद्योगपति लोकेन्द्रमा सामाजिक इज्जत प्रतिष्ठा र खोक्रोपनबीचको द्वन्द्व छ । जसको कारण उसको मृत्यु हुनपुगेको छ । उधोगपति लोकेन्द्र सामाजिक प्रतिष्ठालाई बचाएर राख्न चाहन्छ तर उसको कान्छा छोरा गजेन्द्रले कालो धन्दा गरी रातारात धन कमाउन चाहन्छ । यसरी यहाँ सामाजिक प्रतिष्ठा र धन कमाउने चाहनाबीचको द्वन्द्व देख्न सकिन्छ । बाबु लोकेन्द्रको इज्जत कमाउने चाहना र

छोरा गजेन्द्रको धन कमाउने चाहना दुई विपरीत विचारबीचको द्वन्द्व प्रबल रहेको छ । यसप्रकार लोकेन्द्रको आन्तरिक र छोरा गजेन्द्रको बाह्य द्वन्द्व यस एकाङ्कीमा प्रस्तुत भएको छ मल्लले मनोविश्लेषणात्मक यथार्थबाट सामाजिक यर्थाथ प्रस्तुत गरी नाटकीय द्वन्द्व सृजना गरेका देखिन्छन् ।

## ४.८.५ भाषाशैली

प्रस्तुत एकाङकीमा मल्लले सामान्य, सरल, सहज किसिमको भाषाको प्रयोग गरेका छन् । सहरी संभ्रान्त परिवारमा प्रयोग हुने पात्रअनुकूलको भाषा यस एकाङ्कीमा देख्न सकिन्छ । एक वाक्यदेखि पन्ध्र-बीस वाक्यसम्मका छोटा छरिता संवादको प्रयोग गरेका छन् । संवादमा कतिपय ठाउँमा सिरियस, एन्.आइ.डी.सी., इन्डस्ट्रीजस्ता अंग्रेजी भाषाको प्रयोग पनि देख्न सकिन्छ । कथ्यबोली र भाषिकाको निम्न प्रयोग पनि देख्न सकिन्छ । जिन्दगी चलाउन बहुत मुश्किल परिजान्छ । चकाचौध भयो । सोचिलिन पऱ्यो जस्ता सिराहा लाहान तिरका तराईवासीले बोल्ने स्थानीय भाषिकाको पनि प्रयोग गरिएको पाइन्छ । यस प्रकारले मल्लले यस एकाङ्कीमा सामान्य र सरल कथ्यशैली, शिक्षितपात्रले गर्ने संवादशैलीलाई प्रयोग गरेको देखिन्छ ।

## ४.८.६ उद्देश्य

प्रस्तुत एकाङ्कीमा मल्लले संभ्रान्त परिवारको भित्री खोक्रोपनालाई देखाई सामाजिक यर्थाथलाई उद्घाटन गर्ने उद्देश्य राखेका छन् । संभ्रान्त परिवारको इज्जत प्रतिष्ठाको मोह र रातारात धन कमाउने गैरकानुनी कार्यको भण्डाफोर गरी संभ्रान्त परिवारको आडम्बरलाई यस एकाङ्कीमार्फत देखाउने उद्देश्य राखेका छन् । ठूलाबडा भनाउँदाहरू परिवार भित्रभित्रै बिग्रिरहेको वस्तुसत्य यहाँ मल्लले देखाएका छन् । यसरी मल्लले सामाजिक यथार्थलाई प्रकट गर्न संभ्रान्त परिवारको चित्रण गरी उनीहरूको भित्री खोक्रोपना, गैरकानुनी धन्दा, आडम्बर युक्त जीवनशैलीलाई नङ्याउने उद्देश्य राखेका छन् ।

## ४.८.७ शीर्षक सार्थकता

प्रस्तुत **एक संभ्रान्त परिवारको कथा**मा शीर्षकअनुरूप कथ्य आएको छ । एक संभ्रान्त परिवारको पारिवारिक सेरोफेरोमा यस एकाङ्कीले पूर्णता पाएकाले शीर्षक सार्थक देखिन्छ । मल्लबाट यस एकाङ्कीमा सहरिया संभ्रान्त परिवारको पृष्ठभूमि देखाई तदनुकूल परिवारको चित्रण र उनीहरूको आडम्बरपूर्ण खोक्रोपनयुक्त जीवनशैली र इज्जत प्रतिष्ठाको कथालाई व्यक्त गरिएकाले शीर्षक उपयुक्त र सार्थक देखिन्छ ।

## ४.९. 'बन्द ढोका एकाङ्की'को विश्लेषण

प्रस्तुत एकाङ्की विजय मल्लको **भित्ते घडी** एकाङ्की सङ्ग्रहमा संकलित आठौं एकाङ्की हो । यसमा मल्लले नेपाली समाजको विविध सामाजिक समस्याहरूलाई देखाएका छन ।

## ४.९.१ कथानक

प्रस्तुत एकाङ्की **बन्द ढोका**मा सामाजिक समस्यालाई केन्द्रित गरी एउटा पालेलाई पृष्ठभूमिमा राखी विभिन्न सामाजिक समस्याहरू खडा गरिएको छ । पालेले विशाल घरको पर्खाल छिर्न कसैलाई पनि दिँदैन । पालेले सानी पसल्नीलाई पर्खालको छेउछाउमा बस्न नदिई अन्यत्र जान भन्दछ । रामबहादुरलाई पनि त्यहाँ छेउछाउ बस्न दिँदैन । यसैबीच पालेको छोरा मानबहादुर किताब बोकेर बत्तीको प्रकाशमा पढ्न आएकोलाई समेत पालेले त्यहा बस्न नदिने कुरा गर्दछ । चार वर्षे बालक हराएको खोजीमा पुलिसहरू त्यहाँ आइपुग्दछन् । बन्द ढोकाको पर्खाल बाहिर पसल्नी, रामबहादुर र पुलिसहरूलाई उभ्याई आ-आफ्ना गुनासाहरू पोख्ने अवसर दिइएको छ । सबैको पृष्ठभूमिमा पाले रहेको छ र ऊ कसैलाई पनि त्यहाँ बन्दढोका बाहिर नै राखि भित्र जान दिँदैन । पाले एकोहोरिएको छ कसैलाई पनि बन्द ढोका भित्र जान नदिने भनी अडिग रहेको छ । उसकी आफ्नी बहिनी मायाको छोरा हराएकोले त्यसभित्र रहेको हुनुपर्छ भनी ढोका खोलाउन चाहँदा पनि उसले दिँदैन र उसलाई समेत नचिनेको अभिनय गर्छ । मायाको छोरा यहीभित्र छ भन्ने आशङ्कामा मानबहादुरले ढोका खोल्न आग्रह गर्छ तर पालेले भने खोल्न दिँदै दिँदैन र अन्त्यमा मानबहादुरले तपाइँ खोल्नुहुन्न भने म खोलिदिन्छु भन्दै पालेको हातबाट साँचो खोसेर ताल्चा खोलिदीन्छ । पालेले तँ मेरो छोरा हुनै सक्दैनस् फटाहा होस् भन्दै कराउछ । माया, मानबहादुर,तारा भित्र पस्छन् । पालेले सपनाको अनुभव गर्दै आफूलाई विक्षिप्त जस्तो ठान्दछ र कथानकको त्यही अन्त्य हुन्छ ।

यो एकाङ्कीमा बन्द ढोकाको प्रतीकबाट पुरानो विचार र अन्धधारणालाई जोगाइ राख्ने पाले बूढो पुस्ताको प्रतिनिधि पात्र हो । पुरानो विचारधाराको रखवारी पालेले गरेको छ । त्यसलाई भत्काउन चाहने नयाँ पुस्ता उसकै छोरा मानबहादुर हो । यस प्रकार मल्लले यस एकाङ्कीमार्फत पुरानो रुढी र सामन्ती संस्कारको प्रतीक बन्द ढोका लाई आधुनिकता र उदार सोचाई भएका नयाँ

पुस्ताले ताल्चा खोसेर भए पनि ढोका खोलिएको छ । यसरी पुस्तागत द्वन्द्वमा नयाँ पुस्ताको विजय गराई बन्द ढोका उघारी दिइएकाले यसको प्रतीकात्मकतालाई यस एकाङ्कीले स्पष्ट पारेको छ ।

## ४.९.२ चरित्रचित्रण

यस एकाङ्कीमा पाले, मानबहादुर, सानी, तारा, माया आदि पात्रहरू रहेका छन् । यहाँ पाले र मानबहादुर प्रमूख पात्र हुन् भने अन्य गौण पात्रहरू रहेका छन् । ती प्रमुख पात्रहरूका चरित्र चित्रण संक्षेपमा यसरी गरिन्छ ।

## ४.९.२.१ पाले

प्रस्तुत एकाङ्कीमा पाले कै मुख्य भूमिकामा र उसकै सेरोफेरोमा एकाङ्कीले पूर्णता पाएको छ । पाले पुरानो रुढी र सामन्ती संस्कारको प्रतिनिधित्व गर्ने पात्र हो । ऊ बन्द ढोकाको रखवारी गर्छ । बन्द ढोका बाहिर कसैलाई पनि बस्न दिँदैन ऊ केवल बन्द ढोकाको रक्षा गर्नु बाहेक अरू केही पनि गर्न जान्दैन । ऊ एकाङ्कीको सुरुदेखी अन्तसम्म बन्द ढोका नखोली राखेकोले स्थिर चरित्रको पात्र हो पुरानो रुढी विचारको एकोहोरो पनले ग्रसित उसले बन्द ढोका कायम राख्नुले प्रतिकूल चरित्र देखाएको छ । यस प्रकार पालेको चरित्र मुख्य भूमिकाका साथ स्थिर, प्रतिकूल, बद्ध र मञ्चीय उपस्थिति यस एकाङ्कीमा देख्न सकिन्छ ।

## ४.९.२ मानबहादुर

प्रस्तुत एकाङ्कीमा मानबहादुर मुख्य पात्रका रूपमा पुरानो रुढी सामन्ती विचारको विरुद्ध देखिएको पात्र हो । ऊ एकाङ्कीमा कविता पढ्न रुचाउने अध्ययनशील र शिक्षित देखिन्छ । पुरानो विचार र बन्द ढोकाको विरोधमा आफ्नै बाबुसँग साँचो खोसी बन्द ढोका खोल्न सफल रहेकाले यो अनुकूल चरित्रको पात्र हो । उसको एकाङ्कीमा आद्योपान्त उपस्थिति देखिएकोले मञ्चीय, बद्ध, पात्र हो । बन्द ढोका र बाबुको पुरानो विचारको विरोधमा रहेको मानवहादुरले प्रेम गरे पनि आफ्नी प्रेमिकालाई घर भित्रयाउन नसकेको देखिन्छ । जव मानबहादुरले बन्द ढोकाको साँचो खोल्छ तव वर्षौंदेखि प्रेमिकालाई घर भित्रयाउन सफल देखिन्छ । यसप्रकार पुस्तागत विरोधमा देखिएको मानबहादुर नयाँ पुस्ताको प्रतिनिधि र आधुनिक विचार बोक्ने पात्र हो । ऊ अनुकूल, मञ्चीय र बद्ध रहेको छ ।

प्रस्तुत एकाङ्कीमा बन्द ढोकाको सेराफेरोमा सानी रामबहादुर, पुलिसहरू, तारा र माया चरित्रहरू गौण रूपमा देखिए पनि पालेको विरुद्ध देखिने चरित्र हुन् ।

## ४.९.३ परिवेश

प्रस्तुत एकाङ्कीमा विजय मल्लले बन्द ढोकाको परिवेशमा पुरानो रुढी विचार वहन गर्ने पाले र उसको विरोधमा उसकै छोरा नयाँ विचारको पुस्तागत भेदलाई देखाउने प्रयास गरेका छन् । बन्द ढोका खोल्न नचाहने पुरानो रुढी विचारको र आधुनिक विचारको परिवेशलाई यस एकाङ्कीमा देखाइएको पाइन्छ । बन्द ढोका बाहिर पसल राख्ने सानी, जड्चाह, पुलिसहरूको जमघट गराई पालेको पृष्ठभुमिमा एकाङ्कीको परिवेशले सफल नाटकीयता देखाएको छ । सहरिया परिवेशमा बच्चा हराउने घटनालाई पनि यसै परिवेशमा देखाइएको छ । यसप्रकार पुरानो रुढी सामन्ती विचारको परिवेशमा पालेको चरित्र र यसको विरोधको कथ्यलाई सुहाउँदो परिवेशको पुस्तागत विभेद यस एकाङ्कीमा मल्लले देखाएका छन् ।

## ४.९.४ द्वन्द्व

प्रस्तुत एकाङ्कीमा बन्द ढोकाको प्रतीकबाट पुरानो विचार र अन्ध धारणालाई जोगाई राख्ने बूढो पुस्ता पाले विरुद्ध नयाँ विचार राख्ने पालेको छोरोबीच बाह्य द्वन्द्वको सृजना गरिएको देखिन्छ । यो द्वन्द्वले नै एकाङ्कीलाई द्वन्द्वात्मक बनाएको र पुस्तागत द्वन्द्वमा नयाँ पुस्ताको विजय देखाइएको छ । यस एकाङ्कीमा बन्द ढोकाबाहिर पसल थाप्ने सानी र पालेका बीच पनि द्वन्द्व देखिन्छ । पसल्नीलाई त्यहाँबाट पसल हटाउन लगाउँछ । त्यस्तै पाले र छोरा हराएकी बहिनीबीच पनि द्वन्द्व देखिन्छ । यसप्रकार पुरानो रुढीग्रस्त विचार र आधुनिक नयाँ पुस्तागत विचार बीच द्वन्द्व प्रमुख रूपमा यस एकाङ्कीमा देख्न सकिन्छ ।

## ४.९.५.भाषाशैली

प्रस्तुत एकाङ्कीमा सरल सामान्य भाषाको प्रयोग छ । बन्द ढोकाको अर्थलाई प्रकट गर्ने पात्र अनुकूल चरित्रले बोल्ने भाषा यस एकाङ्कीमा प्रयोग भएको छ । एक वाक्य देखि  बाह्र- पन्ध्र वाक्य सम्मका छोटा छरिता संवादको प्रयोग यस एकाङ्कीमा देखिन्छ ।

## ४.९.६ उद्देश्य

प्रस्तुत एकाङ्कीमा विजय मल्लले बन्द ढोकाको प्रतीकमार्फत पुरानो रुढी र सामन्ती संस्कारको विरुद्ध नयाँ आधुनिक उदार सोचाइ भएको नयाँ पुस्ताले ताल्चा खोलेर विजय गराई नयाँ पुस्ताको विजयले रुढी अन्धसंस्कारको विरोध गर्ने उद्देश्य यस एकाङ्कीमा मल्लले देखाएका छन् ।

## ४.९.७ शीर्षक सार्थकता

**बन्द ढोका** शीर्षक प्रतीकात्मक रहेको छ । पुरानो रुढी अन्ध संस्कारको रखबारी गर्ने पालेलाई केन्द्रमा राखी यसैको सेरोफेरोमा एकाङ्कीले बन्द ढोकाको प्रतीकलाई उजागर गरेकोले यस एकाङ्कीको शीर्षक सार्थक देखिन्छ ।

## ४.१० 'भित्ते घडी' एकाङ्कीको विश्लेषण

यो एकाङ्की  **भित्ते घडी** एकाङ्की सङ्ग्रहको अन्तिम र सङ्ग्रहको नामोल्लेख भएको एकाङ्की हो । यस एकाङ्कीले आजका मानवको कार्य र प्रवृत्तिको रहस्योद्घाटन गरेको छ ।

**४.१०.१.कथानक**

प्रस्तुत एकाङ्की **भित्ते घडी** एकाङ्की सङ्ग्रहको अन्तिम एकाङ्की हो । यस एकाङ्कीमा चाहिँ आजको विश्वका मानवको सामाजिक यर्थाथलाई प्रकल्पना/स्वैरकल्पनाका प्रतिच्छायामा समेटिएको छ । जीवनमृत्यु सम्बन्धी आत्मका मूलभूत मानवीय प्रश्न र चिन्तन प्रतिचिन्तनलाई विसङ्गत परिपेक्षमा छामिएको छ । यस  एकाङ्कीमा परम्परा प्रयोगधर्मितामा रूपान्तरित भएको हैसियत प्राप्त गर्न पुगेको छ [छ्ज्ञ]

प्रस्तुत एकाङ्की **भित्ते घडी** नामको रेष्टुरेन्टको परिवेशमातयार गरिएको छ । रङ्गमञ्चको पृष्ठभूमिको भित्तामा एउटा ठूलो भित्ते घडी छ । यसका अगाडि रेष्टूराको र्कुसी टेबल काउन्टर आदि छन् । गुड इभिनिङ्ग विक्रमज्यू भन्दै अखण्ड प्रवेश गर्छ म्यानेजर र अखण्ड वार्तामा लाग्छन् । यसै क्रममा पत्रकार विपिन, मास्टर माधव, प्रोफेसर र डा. कृष्णप्रसाद, युवक युवति, सपरिवार बूढाबूढी, जड्याहा आदिको आगमन र खानपिनको साथसाथै एक्कासी पुलिस इन्सपेक्टरद्वारा ती सबैलाई बम बिस्फोटको दोष लगाएर ठीक (१.३० बजे) मृत्युदण्डका लागि लगिने सन्देश फैलाइन्छ । यस खबरले  सबै  विचलित भई एक अर्कामाथि दोषारोपण गरिरहेका हुन्छन् । वरिन टापुमा बम विस्पोटको आर्टिकल लेख्न बसेको पत्रकार विपिनले लिएको अर्न्तर्वाताको लेख सुनाउछ तर पुलिसले मानदैन । कृष्णप्रसाद र माधवले एक जड्याह व्यक्तिलाई दोषी ठहऱ्याउँछन् । अन्य ग्राहक बूढा मान्छे, युवकयुवती, ड्राइभर, क्लिनरको गुनासा पोखाएर बाँच्ने आशा नभएको देखाई जड्याहा व्यक्तिलाई समाएर पुलिसमा बुझाउने कुरा गरिन्छ । पुलिस इन्सपेक्टर चेतावनी दिँदै ठीक समयमा गाडीमा राख्न बाहिर सबैलाई पठाइरहेको हुन्छ यसैबीच एउटा पुलिस आएर बम बिस्फोटका अभियुक्तहरू टावर रेष्टुराँका भएकोले **भित्ते घडी** रेस्टुराँ दोषी नभएको सन्देश दिन्छ । पुलिस इन्सपेक्टरले त्यसो भए सबैलाई  छोडिदे कस्तो गल्ती गरेको  भन्दै  निस्कन्छ ।

यसरी एक्कासी मृत्यु मुखमा मानिसको मनोवृत्तिलाई पुऱ्याई मर्नु र बाँच्नुको दोसाँधमा पुगेको आजको मानव समुदायलाई विसङ्गत जीवन दृष्टिबाट हेर्ने प्रयास गरिएको छ । मृत्यु मुखमा आइपुग्दा पनि मानिस ऐस आराम गर्ने धुनमा लागिरहेको हुन्छ भन्ने अस्तित्वबोध पनि यस एकाङ्कीले अगाडि ल्याएको छ ।

## ४.१०.२.चरित्रचित्रण

प्रस्तुत एकाङ्कीमा धेरै पात्रहरूको प्रयोग गरिएको छ । यस एकाङ्कीको परिवेश होटल रहेकोले त्यहाँ रहेका पात्रहरूमध्ये मुख्य भूमिकामा रहेका पात्रहरू विक्रम, विपिन माधव रहेका छन् ।

## ४.१०.२.१ विक्रम

प्रस्तुत एकाङ्कीमा विक्रम भित्ते घडी रेस्टुराँको म्यानेजरका रूपमा  देखापरेको पात्र हो । उसको सबै ग्राहकसँग व्यावसायिक सम्बन्ध राम्रो देखिन्छ । उसलाई एकाङ्कीको सुरूदेखि नै सक्रियता देखाई एकाङ्की अघि बढेको छ । उसका व्यावहार

---

[51] af;'b]j lqkf7L ljho dNn :d[lt u| Gy k[= 208 .

अभ्यस्त आखाले देख्न सक्ने क्षमताको छ । ऊ मर्नदेखि डराउँछ तर मर्न परेपछि खुट्टा तानेर मर्ने छु भन्दै रक्सी पिउने इच्छा गर्छ । यसले विक्रमको अस्तित्वबोधको चेतनालाई स्पष्ट पार्दछ । विक्रम मञ्चमा सक्रिय भई मञ्चीय र बद्ध पात्रका रूपमा एकाङ्कीमा रहेको छ ।

## ४.१०.२.२ विपिन

यस एकाङ्कीमा विपिन पात्र पत्रकार हो । ऊ भित्ते घडी रेस्टुराँमा वेरिङ्ग टापुमा भएको बम बिस्फोटका समाचार बनाउन बसेको छ । उसमा राष्ट्रिय अन्तरराष्ट्रिय घटना, परिवेशको ज्ञान छ । पुलिसको सन्देश सुनेर विपिन अगाडि गई यो त अचाक्ली भयो हामी कसरी कसुरदार भयौं ? भन्छ । आफूले बम पड्केको स्थानबााट लिएको हताहत र मानिसको अन्तरर्बाताको लेख पढेर सुनाउँछ । उसले आफू अखबारको विशेष करेसपन्डेस हुँ  पनि भन्छ । उसले पुलिसको पेशाप्रति खेद प्रकट गर्दछ । ऊ मञ्चमा उपस्थित भई प्रतिनिधित्व गर्दछ । र आफू अचानक दोषी भएकोमा खेद प्रकट गर्दै आएको विचार स्पष्ट रूपमा राख्ने सचेत पत्रकार, सच्चा नागरिक, सहायक, मञ्चीय र बद्ध पात्रका रूपमा देखापरेको छ ।

## ४.१०.२.३ माधव

प्रस्तुत एकाङ्कीमा माधव पात्र एक सचेत दार्शनिक विद्वान् लेखकका रूपमा देखा परेको छ । पुलिसको कुराले माधवले पनि कस्तो आश्चार्य भन्दै खेद प्रकट गर्छ । रेस्टुराँका ग्राहकमध्ये कुनै एक दोषी छ भने हात उठाउन माधव आग्रह गर्छ । जड्चाहालाई तपाइँले त्यस्तो कुकृत्य गरेको भए स्वीकार्नोस् र हाम्रो रक्षा गर्नोस्सम्म भनी माधव हतोत्साहित देखिन्छ । यस्तो बेबकुफीपूर्ण मृत्युलाई त एर्ब्सड निरर्थक ठान्छ । उसले सबै प्रकारको मराइ मर्नु हो भन्ने विसङ्गतिबोध गरेको देखिन्छ । माधवले घडी बन्द गर्दैमा समयको गति नरोकिने ठान्छ र हामी काललाई निरपेक्ष भएर जित्न सक्छौं ? हामी अर्थहीन छौं अर्थहीन भएर जित्न सक्छौं भन्ने विसङ्गतिपूर्ण र्दाशनिक चेतना भएको बद्ध पात्रका रूपमा देख्न सकिन्छ ।

यसै गरी भित्ते घडी एकाङ्कीका विभिन्न पात्रहरूको जमघटलाई प्रतिनिधि पात्रका रूपमा यसरी लिन पनि सकिन्छ ।

| पात्र | पेशा | उपस्थिति | उद्देश्य |
|---|---|---|---|
| विक्रम | म्यानेजर | मञ्चीय | वर्तमान परिवेशगत अवस्था प्रकट गर्ने असतित्ववान् |
| अखण्ड | ग्राहक | " | विसङ्गत जीवन प्रस्तुत गर्ने सचेत नागरिक |
| विपिन | पत्रकार | " | सचेत नागरिक |
| माधव | दार्शनिक लेखक | " | विसङ्गति बोधको प्रस्तुति |
| कृष्णप्रसाद. | प्रोफेसर डाक्टर | " | " |
| युवक/युवती | प्रेमी/ग्राहक | " | वर्तमान जीवन शैली प्रस्तुत गर्ने |
| इन्स्पेक्टर | कानुन रक्षक | " | र्वतमान कानुन सुरक्षाका रखवाराको स्वरूप प्रकट गर्ने विसङ्गति चरित्र |
| व्यक्ति | जड्चाहा, विसङ्गति पात्र | " | विसङ्गति पात्र |
| बूढा बूढी | ग्राहक | " | परिवारको प्रतिनिधित्व गर्ने |
| ड्राइभर | " | " | विभिन्न पेशागत प्रतिनिधित्व |
| | | | |

उपर्युक्त वर्गीकरणले धेरै पात्र भिन्ना भिन्नै पेशा र मञ्चमा उपस्थित भई एकाङ्कीको मूल उद्देश्य  विसङ्गतिबोध र अस्तित्वबोध गर्ने उद्देश्यले यस एकाङ्कीको  रचना गरेको देखिन्छ ।

## ४.१०.३ परिवेश

प्रस्तुत एकाङ्कीको परिवेश एउटा भित्ते घडी नामक रेष्टुरेन्टको रहेको छ । यसै रेष्टुरेन्टमार्फत् आजको विश्वको बाह्य जीवन शैलीलाई देखाउने प्रयास गरिएको देखिन्छ । यस रेष्टुराँमा बच्चादेखि बूढासम्म, जवानदेखि विभिन्न पेशामा लागेका पात्रहरूको प्रतिनिधित्वले विश्वको सबै स्थानमा हुन सक्ने सञ्चेतनालाई विसङ्गत र अस्तित्वबोधको दार्शनिक पृष्ठभूमिमा यसको परिवेश तयार भएको देखिन्छ । यस एकाङ्कीमा सबै पात्र प्रतिनिधि छन् । वेरिङ्ग टापुको बम विस्फोटको घटना अहिलेको आतङ्कवादी घटना जस्तो प्रकृतिको देखिन्छ । वर्तमान समयको सुरक्षाको अवस्था एक हचुवा तालको छ । वास्तविक दोषीभन्दा धेरै टाढा रहेका आजका निरीह प्राणीलाई दोषी र मृत्युबोध गराउने आजको सरकारी सुरक्षा अवस्था यस एकाङ्कीमा देख्न सकिन्छ । यसरी प्रस्तुत एकाङ्कीको उद्देश्य प्रतिनिधि पात्र संवाद र कथ्यअनुरूप आजको विश्वको विसङ्गतको अवस्थालाई देखाउने प्रयास गरेका छन् ।

## ४.१०.४ द्वन्द्व

प्रस्तुत एकाङ्कीमा विजय मल्लले आजको वर्तमानको बाह्य द्वन्द्वलाई प्रकट गरेका छन् । सबै पात्र दोषी ठहऱ्याइ उनीहरूको मर्नु र बाँच्नुको द्वन्द्व यस एकाङ्कीमा देखाई वर्तमान समयको जतिखेरै पनि मर्न सकिने भयावह प्रकट गरिएको छ । वर्तमान समय विसङ्गत छ । यसैमा बाँच्ने आजका मान्छेको वास्तविक द्वन्द्वलाई आजको जीवन (रेष्टुराँमा खाने, मोज गर्ने) र दोषी ठहऱ्याइ मृत्यु निकट देखाई विसङ्गत र अस्तित्वबोध गराउने यस एकाङ्कीको मूल उद्देश्य अनुरूप द्वन्द्व प्रकट भएको देखिन्छ । सबै पात्र खान पिउन रमाइलो गर्न आएका हुन्छन् तर एक्कासी मृत्युदण्ड दिने सन्देश सुनेपछि सबै द्वन्द्वमा लपेटिन पुग्दछन् । यसैलाई आजको वर्तमानको विश्व परिवेशको बाह्य द्वन्द्वका रूपमा रहेको विसङ्गत अवस्था यस एकाङ्कीको कथ्य भाव हो । यसैअनुरूप मल्लले प्रतिनिधि पात्र, संवाद र कथ्यवस्तु सापेक्ष जीवन र मृत्युको द्वन्द्वलाई सफलतापूर्वक यस एकाङ्कीमा देखाएका छन् ।

## ४.१०.५ भाषाशैली

प्रस्तुत एकाङ्कीको भाषा सामान्य स्तरीय खालको रहेको देखिन्छ । सामान्य पात्रका र बौद्धिक पात्रका संवाद यस एकाङ्कीमा देखिन्छ । एक वाक्य देखि पन्ध्र/बीस वाक्य सम्मका पात्र अनुकूल बहन गर्न सक्ने संवाद रहेका देखिन्छ । संवादमा, आश्चार्य, खेद, र विसङ्गत प्रस्तुति गरिएको छ । विभिन्न खानाका परिकार, रोगीको व्यथा जड्याहाको बकबक प्रेमीप्रेमिकाको गफ, पत्रकारको समाचारमूलक कथन, विसङ्गत दर्शनको कथनजस्ता भाषाका विभिन्न प्रयोगले एकाङ्की उत्कृष्ट र भाषिक विविधता प्रकट गरेको देखिन्छ । अंग्रेजी शब्दको प्रयोग पात्रअनुकूल भाव सुहाउँदो प्रयोग पनि यस एकाङ्कीमा भएको छ । यसरी सरल, सहज, पात्रअनुकूलको शैलीमा स्तरीय भाषा प्रयोग यस एकाङ्कीको उत्कृष्ट पक्ष हो भन्न सकिन्छ ।

## ४.१०.६ उद्देश्य

प्रस्तुत एकाङ्कीमा विजय मल्लले आजको वर्तमानको विसङ्गतिपूर्ण अवस्थाको सिर्जना गरी विसङ्गति बोधको उद्देश्य राखी यस एकाङ्कीको रचना गरेको देखिन्छ । आजको सुरक्षा अवस्था कति दुर्बल छ, कहाँ कतिखेर के हुने हो केही थाहा हुन सक्दैन भन्ने देखाई आजको विश्वको वर्तमानको विसङ्गति यस एकाङ्कीको मूल उद्देश्यका रूपमा मल्लले देखाएका छन् । विसङ्गत जीवन दर्शनको मूल उद्देश्य मल्लले यस एकाङ्कीमा राखेका छन् । मृत्यु मुखमा आइसक्दा पनि मानिस बाँच्ने ऐस आराम गर्ने धुनमा लागिरहेको हुन्छ भन्ने अस्तित्वबोधको उजागर गरी यस एकाङ्कीमार्फत देखाउन चाहेका छन् ।

## ४.१०.७ शीर्षक सार्थकता

प्रस्तुत एकाङ्कीको शीर्षक प्रतीकात्मक रहेको छ । **भित्ते घडी** वैज्ञानिक उपकरणको प्रतीक हो । भित्ते घडी समयको सूचक पनि हो । आजको विश्व परिवेशमा समयको भयावह स्थितिलाई घडीमार्फत प्रकट गर्न तदनुकूल पात्र, परिवेश, संवाद र वस्तुलाई यहाँ देखाइएको छ । समय विसङ्गत छ । आजको अवस्था मर्नु र बाँच्नुको द्वन्द्वमा रहेको तथ्यलाई भित्ते घडीको प्रतीकद्वारा समयको अवस्थालाई प्रकट गरिएको छ । वर्तमानको विसङ्गत समयलाई जनाउन **भित्ते घडी** शीर्षक सार्थक र उपर्युक्त देखिन्छ । भित्ते घडी भन्नु समय हो, समय भन्नु विसङ्गत जीवनदर्शन हो, त्यसैले प्रस्तुतत शीर्षक विसङ्गत समयको प्रतीकका रूपमा देखाई मल्लले शीर्षकको कथ्यलाई विसङ्गत जीवनदर्शनका रूपमा प्रकट गरेकाले शीर्षक सार्थक र समयसूचक बन्न गएको देखिन्छ ।

## ४.१.१ भित्ते घडी एकाङ्की सग्रहका एकाङ्कीगत प्रवृत्तिहरू

प्रस्तुत **घडी भित्ते** एकाङकी सङ्ग्रहभित्र विजय मल्लका नौ वटा एकाङ्की रहेका छन् । विभिन्न विषयवस्तुमा रहेका एकाङ्कीले भिन्नाभिन्नै प्रवृत्ति र विचारलाई मल्लले नाटकीयता प्रदान गरेका छन् । यिनै मल्लका विचार र प्रवृत्तिलाई यहाँ के कसरी प्रयोग भएका छन् । सो कुरा पूर्वोत्त कृतिपरक अध्ययनले पनि स्पष्ट पारेका छन् । यस सङ्ग्रह पूर्व मल्लका मूलभूत प्रवृत्तिहरूलाई विभिन्न विद्वानहरूले देखाई सकेका देखिन्छन् । सुरुमा मल्ल बर्हिमुखी चिन्तनबाट अन्तर्मुखी हुन पुगेका देखिन्छन् । मल्ल प्रारम्भिक

चरणमा मनोविश्लेषण गर्नतिर लागेका थिए । मल्लले नाटकको सृजनामा अन्तर्मुखी पात्रहरूको सिर्जना गर्ने पक्षमा रहेका थिए [५२]भन्ने कथनले प्रारम्भिक प्रवृत्तिलाई दर्शाउदछन् । यसैगरी विजय मल्लको नाटकीय लेखनको मध्यान्तर काल मनोवैज्ञानिक यथार्थलाई जीवन्तता दिन सफल रहेको ठहर चैतन्य प्रधानले गरेका छन् । यस कालमा मल्ल भित्री मनोलोकबाट बाह्य संसार तर्फको यात्रामा लागेका थिए । चैतन्य प्रधानकाअनुसार विजय मल्लको मूल भावभूमि हो मनोवैज्ञानिक यथार्थ[५३]

२०४० साल चैत्रमा प्रकाशित **भित्ते घडी** एकाङ्की सङ्ग्रहले विजय मल्लको एकाङ्की लेखनगत उत्तराद्धको समयलाई देखाउदछ । यस एकाङ्की सङ्ग्रहले मल्लको दृष्टिकोण आजको विश्व समस्यालाई आन्तरिक र बाह्य दुबै कोणबाट व्यक्त गरेको देखिन्छ । फ्रायडीय मनोविज्ञानका सूत्रहरू भन्दा नयाँ दार्शनिक मान्यताहरू र स्टिनवर्ग, आएनेस्को, ओनिल, बेकेट, कामु, सार्त्र आदि पाश्चात्य साहित्यिक तथा चिन्तकहरूका प्रभावमा समेत मानवीय संवेदनाको साझा अनुभूति ग्रहण गर्दै नेपाली नाटक एकाङ्की लेख्ने प्रवृत्ति मल्लमा विकास भएको पाइन्छ ।[५४] यिनै मल्लका प्रवृत्तिलाई **भित्ते घडी**भित्रका एकाङ्कीले स्पष्ट पारेका प्रवृत्तिलाई छुट्टाछुट्टै रूपमा के कसरी कुन प्रवृत्ति प्रयोग भएका छन् । सो को अध्ययन गर्नु वान्छनीय देखिन्छ । **भित्ते घडी**का एकाङ्कीहरूका आधारमा विजय मल्लका एकाङ्कीगत प्रवृत्तिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## क. सामाजिक यथार्थवादी

विजय मल्लले उनका एकाङ्कीहरूमा समाजमा रहेको सामाजिक यथार्थलाई जस्ताको त्यस्तै प्रकट गर्नु सामाजिक यथार्थवादी प्रवृत्ति मानिन्छ । मार्क्सेली समालोचकहरूका दृष्टिमा समाजवादी यथार्थवाद भनेको चरित्र तथा घट्नाहरूले समाजका आर्थिक वर्गहरूमा सङ्घर्ष भई समाज अवश्य परिवर्तन हुन्छ, यही प्रतिबिम्बित गर्ने धारणा वा विचारलाई साहित्यका विविध विधामा प्रयोग गर्ने प्रवृत्तिलाई समाजवादी यथार्थवाद भनिएको पाइन्छ । समाजिक यथार्थ रूपलाई जस्ताको त्यस्तै प्रकट गनु पनि सामाजिक यथार्थवाद नै हो तर यसले समाजका विभिन्न वर्गको प्रतिनिधित्व गरी चरित्र र घटनाले आर्थिक वर्गमा प्रभाव पारेकै हुन्छ । यही मूलभूत मान्यताका कसीमा विजय मल्लका **भित्ते घडी** एकाङ्की सङ्ग्रहभित्रका **पुरानो घर, उद्घाटन, पर्खाल भित्र, एक संभ्रान्त परिवारको कथा, बन्द ढोका**, एकाङ्कीहरूले सामाजिक यथार्थलाई देखाएर नाटकियता प्रदान गरेको देखिन्छ ।

प्रस्तुत **भित्ते घडी** एकाङ्की सङ्ग्रहका आधारमा मल्लका सामाजिक यथार्थवादी प्रवृत्तिलाई चरित्र तथा घटनाहरूले समाजका आर्थिक वर्गहरूमा संघर्ष भई प्रतिबिम्ब गरेकाले मल्लको यस प्रवृत्तिलाई अनुमान गर्न सकिन्छ । **पुरानो घर** यस्तै चरित्र तथा घटना भएको एकाङ्की हो । यस एकाङ्कीको अखण्ड पात्र सामाजिक यथार्थलाई प्रकट गर्ने पात्र हो । यसैको विपरीत कैलाश पात्रले सङ्घर्ष गरी पुस्तागत तथा सामाजिक विचारको द्वन्द्वमार्फत यस प्रवृत्तिलाई स्पष्ट पारेको छ । यस एकाङ्कीमा मल्लले पुरानो जीर्ण हुदै गएको यथार्थलाई दुई पुस्तागत द्वन्द्व गराई सामाजिक यथार्थको उजागर गरेका छन् । हाम्रो समाजमा विद्यमान रुढी र सम्पत्तिप्रतिको मोहको पर्दाफास अखण्डको चरित्रको माध्यमले सामाजिक यथार्थलाई मल्लले जस्तो छ त्यस्तै रूपमा यस एकाङ्कीमा प्रस्ट देखाएका छन् । त्यस्तै अर्को एकाङ्की **एक संभ्रान्त परिवारको कथा**मा समाजका संभ्रान्त भनाउदाहरू र तिनको व्यवहारको रहस्योद्घाटन गरेर सामाजिक यथार्थतालाई अझ पुष्टि गरिदिएका छन् । यस एकाङ्कीमा पैसा कमाउने धुनमा लागेका पारिवारिक सदस्यहरू कसरी भित्रभित्रै खोक्रिरहेका हुन्छन् । भन्ने तथ्यलाई मल्लले स्पस्ट पारेका छन् । हेर्दा संभ्रान्त परिवार देखिए पनि आन्तरिक यथार्थ खोक्रिरहेका तथ्यलाई मल्लले यस एकाङ्कीका पात्रहरूको कार्य र सोच बाट स्पष्ट पारेका छन । यहाँको पात्र गजेन्द्र धन कमाउने धुनमा अबैध व्यापारमा लागेर फसेको छ र यस घटनाको असरले बाबु लोकेन्द्रको मेहनतले कमाएको सम्पति नास हुदा उसको मृत्यु भएको छ यसरी मल्लका एकाङ्कीमा समाजमा व्याप्त रहेको यथार्थ घटनाको उठान गरेर सामाजिक यथार्थरूपबाट हेर्ने प्रयास गरेको देखिन्छ । त्यस्तै अर्को एकाङ्की **उद्घाटन**मा पनि समाजप्रतिको यथार्थताको उजागर गरेका छन् । यस एकाङकीका पात्र तथा घटनाहरूले समाजमा हुने र भएका सत्य घटनाको पोल खोलेर देखाइएको छ । यस एकाङ्कीकी शान्ताको चरित्रले घन र पैसाको अगाडि आजको मानिसले नाता, गोता, सम्बन्ध र कर्तब्य सबै भुल्दछ भन्ने यथार्थता प्रस्तुत छ । त्यस्तै **भित्ते घडी** एकाङ्की सङ्ग्रहभित्रको अर्को समाजको यथार्थको बहन गर्ने एकाङ्की **बन्द ढोका** हो यस एकाङ्कीले पनि सामाजिक यथार्थलाई इंगित गरेको छ । यहाँको पात्र पालेले पुरनो पुस्ताको प्रतिनिधित्व गरेको छ र नयाँ विचारको विरोध गर्दै आफ्नै छोरा र वहिनीलाई समेत चिन्दिन भन्दै नयाँ विचार र सोचको विरोध गरेको छ । यस्तै **पर्खाल भित्र**मा पनि शमशेरको अवैधकारोवारको रहस्यखोलेर समाजमा व्याप्तरहेको मुर्ती पुरातावित्विक सामान र चेलीबेटी वेचविखन गरी धन कमाउने धन्दाप्रति ब्यङ्ग्य गरी समाजिक यथार्थताको उजागर गरेर देखाएका छन्

यसरी मल्लले आफ्ना एकाङ्कीहरूको माध्यमले समाजमा भएका र हुनेगरेका कुकृत्य तथा राम्रा कार्य र सोचको परिवर्तनलाई यथार्थरूपमा देखाएर सामाजिक यथार्थताको रहस्योद्घटन गरेर देखाउने प्रयास गरेका छन् ।

## ख.प्रतीकात्मकता

---

52 r)tGo k|sfz k|wfg, k'j{jt\, k[= 17

53 k'j{jt k[= 74

54 k'j{jt\ k[= 73

दृश्यवस्तुका माध्यमवाट अदृश्य वस्तुको वर्णन गर्नु प्रतीकात्मकता हो । नाटक एकाङ्कीलाई बढी प्रभावकारी बनाउन प्रतिकको प्रयोग गरिन्छ। विजय मल्लले प्रस्तुत **भित्ते घडी** एकाङ्की सङ्ग्रहका केही नाटकमा यसको प्रयोग गरेका छन् । **पुरानो घर, प्रतिबिम्ब, उद्घाटन, पर्खालभित्र, यो कस्तो दन्त्यकथा?, बन्द ढोका र भित्तेघडी** नाटकहरूमा यसको प्रयोग देखिन्छ ।

**पुरानो घर** एकाङ्कीमा पुरानो जीर्ण रुढीग्रस्त विचारलाई प्रतीकका रूपमा प्रयोग गरिएको देखिन्छ । **प्रतिबिम्ब** एकाङ्कीमा नारी समस्याको मानसिकतालाई प्रतिबिम्ब वा छायाको प्रतीकका रूपमा प्रकट गरिएको छ । **उद्घाटन** एकाङ्कीमा आक्रमक नारी स्वरूपको उद्घाटन प्रतीक मार्फत गरिएको छ । त्यस्तै **पर्खालभित्र** एकाङ्कीमा पर्खालभित्र रहेका सामन्ती तस्करहरूको प्रतिकका रूपमा शमशेर जस्ता तस्कर, दलाल पर्खालभित्र रहने सामाजिक यथार्थलाई देखाइरहेको छ । **यो कस्तो दन्त्यकथा** ? एकाङ्कीमा वैज्ञानिक आणविक शस्त्रअस्त्रका प्रतिकका रूपमा राक्षसलाई उभ्याइएको छ । त्यस्तै **बन्द ढोका** एकाङ्कीले रुढी विचारको उद्घाटन नगर्न बन्द ढोका राखेको देखिन्छ । **भित्ते घडी** एकाङ्की वैज्ञानिक उपकरणको प्रतीकले आजको मानव समुदायलाई ईंगित गरी विसंगतिबोध गराउन सफल रहेको देखिन्छ । जम्मा नै वटा एकाङ्कीहरू मध्ये ७ सातवटा एकाङ्कीलाई प्रतीकात्मक रूपमा विजय मल्लले प्रयोग गरेका छन् । एकाङ्कीका शीर्षक, बस्तु, पात्र, संवाद आदि सबैमा प्रतीकको प्रयोग मल्लको उल्लेखनीय पक्षका रूपमा देख्न सकिन्छ ।

यसरी विजय मल्लको प्रतीकात्मक प्रवृत्ति उपर्युक्त एकाङ्कीहरूमा प्रयोग भएकोले मल्ललाई प्रतीकात्मक प्रवृत्तिका एकाङ्कीकारका रूपमा लिनु स्वभाविक नै छ ।

## ग. नारी समस्यामूलकता

नारी मानसिकताको अध्ययन गरी विजय मल्लले नारी मानसिक अवस्थाको उद्घाटन **प्रतिबिम्ब** र **उद्घाटन** एकाङ्कीमा गरेको देखिन्छ । सामान्यतया नारी पुरुषप्रतिको अनुराग राख्ने गर्दछन् । तर पुरुषले नारीलाई भोग्यका रूपमा हेर्दा नारी मानसिकतामा पर्ने प्रभावलाई मल्लले **प्रतिबिम्ब** एकाङ्कीमा देखाएका छन् । नारी पुरुषप्रति विश्वास र प्रेमको चोखोपना प्रकट गर्दछन् । तर **प्रतिबिम्ब** की स्वास्नी मानिसको यही विश्वास र प्रेम र सन्तानप्रतिको तीब्र इच्छालाई लत्याउने देखिन्छ । यस्तै मुटु रोग लागेकाले बच्चा पाउन नहुने कुराले उसलाई ठूलो आघात पुऱ्याउछ । स्वास्नी मानिसले यही मातृत्वलाई साकार रूप दिन नपाएकीले प्रेत रूपमै भएपनि डा.जमुनालाई उसको श्रीमान र मञ्जुको घटना बताई मानसिकता विचलन पैदा गराउछे । यसरी विजय मल्लले **प्रतिबिम्ब** एकाङ्कीमा नारी मानसिकता, मातृत्व र पुरुष प्रतिको धारणलाई विषय बनाई नारी मानसिकताको उद्घाटन गरेको देखिन्छ ।

मल्लले **उद्घाटन** एकाङ्कीमा नारीभित्रको आक्रामक स्वरूपलाई स्पष्ट परेको देखिन्छ । शान्ताको चरित्रले सम्पत्तिको मोह र जीवनको प्रमिलाप्रतिको प्रेमलाई लत्याई आक्रामक चरित्र निर्वाह गर्न पुगेकोले नारी मानसिकतामा सम्पत्तिका लागि नाता सम्बन्ध केही नरहने जस्तो प्रवृत्ति पनि देखिनसक्ने धारणालाई मल्लले मूर्त पारेका छन् । यसरी विजय मल्लको नारी मानसिकताको उद्घाटन गर्न सफल उपर्युक्त दुई एकाङ्कीले मल्लको नारी मानसिकताको उजागर गर्ने प्रवृत्तिलाई स्पष्ट पार्दछ ।

## घ.मिथकीयताः

मिथक, पुराना कथा, दन्त्यकथा, पैराणिक कथा आदिलाई समसामयिक युगमा मिल्नेगरी प्रस्तुत गरिने सिर्जनात्मक कला हो । पुराना समयमा भएका कल्पना प्रतीक, बिम्ब र रहस्यका कथालाई पुनर्सिजन गरिन्छ । यसैलाई विजय मल्लले **यो कस्तो दन्त्यकथा** ? एकाङ्कीमा पुनसिर्जना गरेका छन् ।

दन्त्यकथासम्बन्धी मिथकलाई प्रयोग गरी आजको नरसंहार गर्न सक्ने आणविक आविष्कारलाई राक्षससँग तुलना गरी यस एकाङ्कीको रचना गरेकको देखिन्छ । राक्षस दन्त्यकथामा पाइने चरित्र हो । तर मल्लले यस एकाङ्कीमा प्रयोग गरी अहिलेको समयमा राक्षसी प्रवृत्ति जहाँ कहीँ रहेको तथ्यलाई स्पष्ट्याउने प्रयास गरेका छन् । गोविन्दलाई राक्षसको जनसंख्या बढाउने उद्देश्यले राक्षसले वन जङ्गलमा राखेको छ । उसलाई खोज्न सामूहिक रूपमा मानिसहरू गएका छन् । गोविन्द भने मानिसको मासु खान परे पनि राक्षसी जस्तै बन्न पुगेको छ । यसैको खोजीमा लागेकोमध्ये राधाजस्ती साहसी नारीले राक्षसलाई मार्न सफल भएर आफू पनि मर्दछे । यही मिथकलाई मल्लले यस एकाङ्कीमा देखाएका छन्

प्रस्तुत मिथकको प्रयोगले राक्षसलाई वन तस्करको रूपमा देखाइएको छ । अहिलेको समयमा मानिसहरू दन्त्यकथाको राक्षस जस्तै खुलेआम समाजमा रहेको तथ्य मल्लले यस एकाङ्कीमार्फत देखाएका छन् । त्यस्तै राक्षसको नरसंहार विरुद्ध कोमलता संवेदनशीलता र करुणा जस्ता मानवीय भावनाद्वारा हल गर्न सकिने तथ्यलाई यस एकाङ्कीमा स्पष्ट पारेका छन् ।

यसरी विजय मल्लले **यो कस्तो दन्त्यकथा** ? एकाङ्कीमा मिथकको प्रयोग गरेका छन् । प्रतीकात्मक रूपमा मिथकको प्रयोग गरी आजको नरसंहार गर्न सक्ने प्रवृत्तिका राक्षस समाजमा रहेको कुरा व्यक्त गरेकाले मल्लमा मिथकीयताको प्रवृत्ति रहेको तथ्य स्पष्ट हुन्छ ।

उपर्युक्त **भित्ते घडी** एकाङ्की सङ्ग्रहको मूलभूत प्रवृत्तिहरू नाटकीय रूपमा प्रयोग गरेर विजय मल्ल विसङ्गतिवादी, नारी मानसिकताको उद्घाटन र मिथकीय प्रवृत्ति भएका एकाङ्कीकारका रूपमा देखा परेको तथ्य स्पष्ट हुन्छ ।

## ङ. अतियर्थाथवादी

अतियथार्थ वादको वास्तविक अर्थ यथार्थको अतिक्रमण हो । अतिको तात्पर्य यथार्थभन्दा पर वा बाह्य हो भने यथार्थको तात्पर्यमा अतियथार्थवादलाई लिनुपर्छ ।[55]यसमा स्वतःचालित लेखन, प्रतीक, स्वप्न, स्वैरकल्पनाको प्रयोग हुन्छ । विजय मल्लको **नाम नभएको मानिस** एकाङ्कीमा यो प्रवृत्ति देख्न सकिन्छ । मानिस पात्र गफमा व्यस्त भएको वेला, अकस्मात् हल्लिने यथार्थमा सम्भव हुदैन । आन्तरिक यथार्थ अचेतनमा प्रकट भएकोले प्रतीकात्मक रूपमा दलिन, भित्ताहरू आएर अतियथार्थलाई प्रकट गरेका छन् । त्यस्तै आगन्तुक पात्रको कार्यव्यापारले पनि अति यथार्थको  प्रकट गर्दछ । मन्त्र जपेर फुडप्रोव्लम समाधान गर्ने, जनसंख्या नियन्त्रण गर्न आइमाई  फुकिदिने, मानिसलाई कुकुर स्याल बनएर आयु घटाउने जस्ता प्रसङ्गले यथार्थभन्दा परको अतियथार्थवादी प्रवृत्तिलाई स्पष्ट पारेको देखिन्छ । त्यस्तै सुनिता पात्रले पनि असामान्य अवस्थामा नै घरको पाँच तलाबाट हाम फाल्ने उड्नेजस्ता कार्यव्यापार गरेकीले पनि अतियथार्थवादी प्रवृत्ति देखिन्छ ।

यसरी यथार्थभन्दा पर स्वैरकल्पनात्मक अचेतन, असामान्य अवस्थामा मानिस, आगन्तुक, सुनिताका कार्यव्यापारले यस एकाङ्कीलाई अतियथार्थवादी एकाङ्कीमा पुऱ्याएको देखिन्छ । यसै आधारमा विजय मल्लको अतियथार्थवादी प्रवृत्ति टड्कारिन पुगेको देखिन्छ ।

## च. विसङ्गतिवादी प्रवृति

सङ्गति नभएको वा सिलसिला नमिलेको स्थितिलाई विसङ्गति मानिन्छ । मानवीय जीवन अस्तव्यस्त भएकाले सङ्गति खोज्नु व्यर्थ हो भन्ने विङ्गतिवादीको मान्यता  पाइन्छ । यही जीवन दृष्टिका आधारमा विजय मल्लले **भित्ते घडी** एकाङ्कीभित्रका निम्न एकाङ्कीमा विसङ्गतिवादको प्रयोग गरेका छन् । **नाम नभएको मानिस, योकस्तो दन्त्यकथा** ? **भित्ते घडी** आदी एकाङ्कीहरूमा यस प्रकारको प्रवृत्ति पाइन्छ ।

**नाम नभएको मानिस** एकाङ्कीमा विसङ्गति बोधले ग्रस्त आजको मानिसको अवस्थालाई मल्लले राम्ररी चित्रण गरेका छन् । यस एकाङ्कीमा कथा वस्तु पात्र र संवाद प्रयोगमा विसङ्गति पाइन्छ । यस एकाङ्कीमा कथानक हीन कथा वस्तु देखिन्छ । पृष्ठपिच्छे कथा छन् । ती कथाको शृङ्खलामा कुनै सङ्गति देखिदैन त्यस्तै पात्रहरू बाह्य रूपमा हेर्दा हास्यास्पद, हावादारीजस्ता छन् । निरर्थक, निरुद्देश्यपूर्ण संवादले एकाङ्की गतिशील बनेको छ अन्त्यमा सबै पात्रका संवाद, कथानक विसङ्गत अवस्थामा पुगी टुङ्गिएको छ यसरी तारतम्यहीन कथावस्तु देखिने यस एकाङ्कीले आजको असङ्गतिर्पूण जीवन र भोगाईलाई नाटकीयता दिएर विसङ्गत अवस्थाको चित्रण गरेकाले विसङ्गतिवादी प्रवृत्ति मल्लको   देखिन्छ ।

**यो कस्तो दन्त्यकथा** ? एकाङ्कीमा जीवनलाई निरर्थक, शून्य निस्सार रूपमा हर्दै अतिरञ्जनात्मक, स्वप्न, प्रतीक र स्वैरकल्पनाको प्रयोगका रूपमा चित्रण गरिएको पाइन्छ । यस एकाङकीमा राक्षस विसङ्गतको मूल रहेको छ, गोविन्द निरीह बनेको छ । राधा प्रतिकारका रूपमा उत्रेकी छ । यी सबै पक्षबाट आलोचकहरूले यस एकाङ्कीलाई विसङ्गति एकाङ्की मान्न तयार नरहेको पाइन्छ । तर गोविन्द पात्रलाई लिएर हेरेको खण्डमा यहाँ विसङ्गति देखिन्छ ।[56]राक्षसको प्रतीकले आजको विश्वको भयावह आतङ्कलाई दर्शाउँदछ । समाजमा विश्वमा राक्षसजस्ता मानिसका कारणले मान्छेका इच्छा आकाङ्क्षाहरू वाचे पनि मृत समान, निरर्थक, शून्य देखिएकाले यस एकाङ्की आंशिक रूपमा विसङ्गतिवादी बन्न गएको देखिन्छ । त्यस्तै **भित्ते घडी** एकाङ्कीमा आजको मानिस मर्नु र बाँच्नुको दोसाँधमा अल्फिएकोले मानवलाई विसङ्गत जीवन दृष्टिले हेरिएको छ । यसरी विजय मल्ल मानवीय जीवनको विसङ्गत पक्षको उजागर गरी विसङ्गतिवादी बन्न पुगेका देखिन्छ ।

सामाजिक यथार्थवादी, प्रतीकवादी, नारी समस्याको उद्घाटन, मिथकीयता, अतियथार्थवादी, र विसङ्गतिवादी प्रवृत्ति भएका एकाङ्कीकारका रूपमा देखाा परेका तथ्य स्पष्ट हुन्छ ।

---

[55]= jf;"b]j lqkf&L , kfZrfTo ;dfnf]rgfsf] ;}$flGtts k/Dk/f efu===2 -;femfk| sfzg, 2030_ k[= 88

[56]= lgTofgGb vltj*f ljho dNnsf] k| of]uzLn gf^\os[ltsf] ljZn]if)f -ck| sfzLt g]kfnL :gftsf]Q/ zf]wkq 2064, k[=103_

यसका अतिरित्त **भित्ते घडी** एकाङ्की सङ्ग्रहले विजय मल्ललाई निम्न प्रवृत्तिका रुपमा पनि चिनाउन सकिन्छ ।

–अस्तित्वबोध र मानवताप्रतिको आग्रह

–सामान्य र असामान्य पात्रहरूको समेत समायोजन

–युगबोधको आग्रह

–यान्त्रिक जीवनबाट निसासिएको आजको मानवको छटपट

–रङ्गमञ्चमा राक्षसको प्रवेश गराएर बढ्दो दानवीयताको व्यङ्ग्य

–बिक्षिप्त पात्रको क्रियाकलापद्वारा परामनोवैज्ञानिक पक्षको उद्घाटन

–प्रेत छायाको प्रयोगद्वारा अचेतन अवस्थाको उद्घाटन

–परम्परागत नाट्य प्रविधि भन्दा भिन्न प्रयोगवादी प्रवृत्ति

उपर्युक्त प्रवृत्तिहरू विजय मल्लले **भित्ते घडी एकाङ्की सङ्ग्रह**का एकाङ्कीमा मृत्युका मुखमा पुगेका मानिस पनि बाँच्न चाहने चरित्रले अस्तित्वबोधको प्रवृत्ति झल्काउछ । **नाम नभएको मानिस** एकाङ्कीले असामान्य चरित्रलाई उजागर गरेको छ । त्यस्तै युगबोधको आग्रह यसै एकाङ्की सङ्ग्रहले व्यक्त गरेको प्रवृत्ति हो । **भित्ते घडी** एकाङ्कीले यान्त्रिक जीवनको अवस्थालाई दर्शाउछ । **यो कस्तो दन्त्यकथा** ? ले राक्षसको प्रवेश रङ्गमञ्चमा पुऱ्याएको देखिन्छ । मनोरोगी र विक्षिप्त पात्रको चरित्रको क्रियाकलाप **नाम नभएको मानिस** एकाङ्कीमा देख्न सकिन्छ । प्रेत वा छायाको प्रयोग **प्रतिबिम्ब** एकाङ्कीमा प्रयोग भएको छ ।

उपयुक्त सवै प्रयोग सापेक्ष विजय मल्ल परम्परा नाट्यप्रविधि भन्दा प्रयोगवादी नाट्यप्रवृत्तिका एकाङ्कीकारका रूपमा उनको प्रवृत्ति आकलन गर्न सकिने तथ्य सार्वजनिक हुन पुगेको देखिन्छ ।

## ४.१.२ निष्कर्ष

प्रस्तुत परिच्छेदमा **भित्ते घडी** एकाङ्की सङ्ग्रहभित्रका **नाम नभएको मानिस, पुराने घर, प्रतिबिम्ब, उद्घाटन, पर्खालभित्र, यो कस्तो दन्त्यकथा ?, एक संभ्रान्त परिवारको कथा, बन्द ढोका, र भित्ते घडी** एकाङ्कीहरूको विधातात्विक कथावस्तु, चरित्रचित्रण परिवेश, द्वन्द्व, भाषाशैली, उद्देश्य र शीर्षक सार्थकताका आधारमा कृतिपरक अध्ययन गरिएको छ । यिनै विधातात्त्विक कृतिपरक अध्ययनले विजय मल्लको निम्न प्रवृत्तिहरू आकलन गरिएको छ :

-विसङ्गतिवादी,

-अतियथार्थवादी,

-प्रतीकात्मकता,

-सामाजिक यथार्थवादी,

-नारी मानसिकताको उद्घाटन,

मिथकीयताजस्ता मूलभूत प्रवृत्तिहरू र यसका अतिरिक्त निम्न प्रवृत्तिका रूपमा विजय मल्ल दरिन पुगेका देखिन्छन् :

-अस्तित्वबोध र मानवतावादी आग्रह,

-सामान्य र असामान्य पात्रहरूको समेत समायोजन,

-युगबोधको आग्रह,

-यान्त्रिकताबाट निसास्सिएका आजको मानिसको अवस्था,

-रङ्गमञ्चमा राक्षसको प्रवेश गराई बढ्दो दानवीयताप्रति व्यङ्ग्य,

-विक्षिप्त पात्रको क्रियाकलापद्वारा परामनोवैज्ञानिक पक्षको उद्घाटन,

-प्रेत वा छायाँको प्रयोगद्वारा अहिलेको अवस्थाको उद्घाटन,

परम्परावादी नाट्यप्रविधि भन्दा भिन्न प्रयोगवादी प्रवृत्ति आदि,

यसरी विजय मल्लको एकाङ्की सङ्ग्रह **भित्ते घडी**भित्रका एकाङ्कीहरूमा विविध प्रवृत्तिहरू देख्न सकिन्छ । ती एकाङ्कीहरूमा मल्लले सरल र सहज भाषामा पात्रहरूको आन्तरिक र बाह्य द्वन्द्वहरू देखाएका छन् ।

# परिच्छेद – पाँच

## उपसंहार वा निष्कर्ष

प्रस्तुत **भित्ते घडी** एकाङ्की सङ्ग्रहको कृतिपरक अध्ययन शीर्षकको यस शोध ग्रन्थलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा एकाङ्कीकार विजय मल्लको संक्षिप्त परिचय, तेस्रो परिच्छेदमा विजय मल्लका एकाङ्कीगत प्रवृत्ति, चौथो परिच्छेदमा **भित्ते घडी**को विधातात्त्विक कृतिपरक अध्ययन र सङ्ग्रहभित्रका एकाङ्कीहरू र विजय मल्लको प्रवृत्तिहरूलाई रेखाङ्कन गरी पाँचौं परिच्छेदमा उपसंहार गरिएको छ ।

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदअन्तगर्त शोधशीर्षक र प्रयोजनलाई देखाउँदै विषय परिचयमा विजयमल्लको परिचय, कृति र प्रवृत्तिगत दृष्टिदिँदै **भित्ते घडी** एकाङ्की सङ्ग्रहको कृतिपरक अध्ययनलाई विषयवस्तु बनाइएको जानकारी गराइएको छ । त्यस्तै मल्लको जीवनी व्यक्तित्व, एकाङ्कीगत प्रवृत्ति के कस्तो रहेको छ र **भित्ते घडी** सङ्ग्रहका कृतिपरक समस्याहरू व्यक्त गर्दै उक्त समस्याहरूको निराकरण गर्ने उद्देश्य लिइएको छ । विभिन्न विद्वानका दृष्टिमा मल्लको **भित्ते घडी** सङ्ग्रहको बारेमा के कति अध्ययन भएको छ भन्ने जानकारीका लागि पूर्वकार्यको समीक्षा प्रस्तुत गरिएको छ । पूवकार्यको समीक्षा हेर्दा **भित्ते घडी**को व्यवस्थित र विस्तृत अध्ययन नभएको तथ्यले यस कृतिको कृतिपरक अध्ययनको औचित्य र महत्त्व झन बढेको भान हुन्छ । मल्ल बहुआयामिक व्यक्तित्व भएको हुनाले यस अध्ययनमा उनको एकाङ्की सङ्ग्रह **भित्ते घडी**लाई मूल सीमा तोकेर पुस्तकालयीय र विभिन्न पत्रपत्रिकाका साथै शोध निर्देशकको सल्लाह बमोजिम सामग्री संकलन गरेर ती सामग्रीहरूलाई वर्णनात्मक, विवरणात्मक र कृतिगत अध्ययनमा विश्लेषणात्मक समालोचना पद्धति अपनाई विधागत सिद्धान्तलाई आधार लिएर प्रभावपरक, निर्णयात्मक समालोचना पद्धतिको यथेष्ट संयोजन गरिएको छ । यस शोधपत्रमा एकाङ्कीको विधातत्त्वलाई सैद्धान्तिक पर्याधार मानेर शोधलाई पाँच परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा विजय मल्लको संक्षिप्त परिचयलाई प्रस्तुत गरिएको छ । १९८२ साल असार १० गते काठमाडौँको ओम बहालमा जन्मेका मल्लका पिता ऋद्धिबहादुर माता आनन्द कुमारी हुन भने ५ दाजुभाइमध्ये गोविन्दबहादुर मल्ल साहित्यकार हुन् । यही साहित्यिक पारिवारिक पृष्ठभूमिले विजय मल्लमा साहित्यिक प्रेरणा मिलेको देखिन्छ । कलैयाको बरेबाको दरबारमा भारतीय शिक्षक नागेन्द्रप्रसादबाट अक्षरारम्भ गरी बनारस हिन्दू विश्वविद्यालयबाट प्रवेशिका सरहको अध्ययन गरी त्रिचन्द्र कलेजबाट आइ.एस्सी. अध्ययन तत्कालीन राजनीतिक र अन्य कारणले पूरा नभएको देखिन्छ । विजय मल्लको स्वाअध्ययनको प्रवृत्तिले औपचारिक शिक्षाको सीमितताभन्दा स्वाध्यायनको शिक्षाले असीमित बनाएको देखिन्छ । १८ बर्षको उमेरमा (१९९९ सालमा) श्यामासँग वैवाहिक सम्बन्ध भई नौ वटा सन्तान भएका तीमध्ये एक जनाको सानैमा निधन भएकाले उनी आठ छोरीका पिताकारूपमा देखिन्छन् । यसैगरी मल्लको सामाजिक राजनैतिक जीवनमा विविध संघसंघठनमा सामेल भएको लेखिन्छ जस्तै: **नेपल नेशनल लिग** संगठनखोली सक्रियता देखाएका तत्कालीन राणा साशनको कार्य र सहिदकाण्डलाई नजिकबाट नियालेका मल्लले राणाको विद्रोह गरेकाकारण दुई वर्ष जेल जीवन बिताएका थिए र २०१७ सालको शाहिकाण्डको विरुद्धमा रहेको हुनाले भूमिगत जीवन पनि बिताएको पाइन्छ । मल्ल पछि भूमिगत जीवनबाट निस्केर गिरफ्तारी दिई राजनीतिक सक्रिय जीवनबाट सन्यास लिई साहित्य साधनातर्फ लागेका देखिन्छन् । **शारदा** पत्रिकामा छापिएको **स्मृति** १९९७ बाट साहित्यिक जीवन सुरूगरेका मल्लको पहिलो एकाङ्की भने २००१ सालको **राधा मान्दिन** हो । पारिवारिक पृष्ठभूमि हेर्दा मल्लको परिवारमा साहित्यिक माहोल भएकोले गर्दा मल्ललाई साहित्यिप्रतिको बाटो पहिल्याउन सहज भएको देखिन्छ । घरमा साहित्यिक माहोल भएकाले उनको संगत नेपाली साहित्यकारहरूसँग भएको र विविध विश्वचर्चित विश्वका साहित्यकारहरूको सिर्जनाको अध्ययनबाट प्रेरणा र प्रभाव परेको देखिन्छ । जसले गर्दा मल्ल साहित्य सिर्जनाका विविध विधामा कलम चलाउन सक्षम र उत्कृष्ट भएका देखिन्छन् । विजय मल्ल साहित्य र संघ संस्थामा आबद्ध भई, स्वदेश र विदेशका विभिन्न स्थान र मुलुकको भ्रमणमा पनि सरिक भएका देखिन्छन् । उनी साहित्यमा लागेर विविध पुरस्कारद्वारा सम्मानित भएको पाइन्छ । विजय मल्लले ७४ वर्षको उमेरमा २०५६ श्रावण ८ गते भौतिकरूपमा यस संसारबाट विदा लिए ।

यसैगरी तेस्रो परिच्छेदमा विजय मल्लको एकाङ्कीगत मूल प्रवृत्तिहरूलाई अध्ययन गरिएको छ । विजय मल्लले जम्मा ३० वटा एकाङ्कीहरू लेखेका छन् । यिनै एकाङ्कीहरूभित्र रहेर मल्लका एकाङ्कीगत प्रवृत्तिहरूको खोजी गरिएको छ । उक्त एकाङ्कीहरूमा विविध प्रवृत्तिहरू रहेकाले मूलभूतरूपमा, मनोवैज्ञानिक, सामाजिक यथार्थता, प्रतीकात्मकता, प्रयोगवादी प्रवृत्तिहरूका साथसाथै प्रयोगशीलता, दृश्यात्मकता, विद्रूपात्मकता, अतियथार्थवादी, सामान्य असामान्य स्वप्न, बालमनोविश्लेषण, मानसिक विकृति र विङ्गतिको सन्तुलित प्रयोग गर्दै साथै समसामयिक युगका राष्ट्रिय र अन्तराष्ट्रिय समस्याप्रति व्यङ्ग्यात्मक अभिव्यक्ति, समतामूलक चिन्तन मानवीय रहस्यको उद्घाटन, गतिमय नाट्यशैली जस्ता अनेकन प्रवृत्ति देखाएर मल्लले आफ्ना सिर्जनामा प्रस्तुत गरेका हुनाले मल्ल विविध प्रवृत्तिका एकाङ्की लेखकका रूपमा चिनिन पुगेको वस्तु सत्यतथ्यका रूपमा प्रकट भएको पाइन्छ ।

यस शोधको चौथो परिच्छेदमा **भित्ते घडी** एकाङ्की सङ्ग्रहको विधातात्त्विक कृतिपरक अध्ययन र यस सङ्ग्रहभित्रका एकाङ्कीगत मल्लका प्रवित्तिहरूको अध्ययन गरिएको छ । **भित्ते घडी** एकाङ्की सङ्ग्रहभित्रको पहिलो एकाङ्की **नाम नभएको मानिस**मा कथानक हीनताको प्रयोग गरी स्वैरकल्पनात्मक पारामा अतियथार्थवादको विसङ्गतिको तिव्र व्यङ्ग्य प्रयोग गरिएको प्रयोगवादी एकाङ्कीका रूपमा देखिने तथ्य स्पष्ट भएको पाइन्छ । त्यस्तै दोस्रो एकाङ्की **पुरानो घर** हो । यसमा सामाजिक यथार्थवाद प्रकट गरी प्रतीकात्मक रूपमा पुरानो घरको जीर्णता एवं विचारलाई **पुरानो घरको** परिवेशमा पुस्तागत द्वन्द्वको संयोजनमा प्रकट

भएको वस्तुसत्य स्पष्ट भएको पाइन्छ । तेस्रो एकाङ्की **प्रतिबिम्ब**को अध्ययनले नारी मानसिकता पुरुषप्रतिको नारी भावना, मातृत्वजस्ता नारी समस्यामा केन्द्रित भई प्रतीकात्मकरूपमा प्रतिबिम्बको सफल प्रयोग भएको देखिन्छ । चौथो एकाङ्की **उद्घाटन**ले पनि नारी  मानसिकताको प्रतीकात्मक रूपमा उजागर गर्दै सम्पत्तिकालागि नातागोता सबै तुच्छ रहने र नारीको आक्रामक चरित्रको भण्डाफोर गरेको तथ्य अगाडि आएको देखिन्छ । पाँचौ एकाङ्की **पर्खाल भित्र**मा सामाजिक यथार्थको वस्तुले प्रतीकात्मक रूपमा पर्खालभित्र रही तस्कर गर्ने सामाजिक चरित्रको भण्डाफोर गर्दै, राष्ट्रिय, राष्ट्रियता र नेपाली नारी अस्मिताको प्रश्न उठाई त्यस विरुद्ध लाग्न र बहुमूल्य प्राचीन ऐतिहासिक मूर्तिहरूको तस्करी रोक्न आह्वान गरिएको तथ्य उजागर भएको छ । छैठौं एकाङ्की **यो कस्तो दन्त्यकथा** ? ले दन्त्यकथासम्बन्धी मिथकको प्रयोगले आजको नरसंहार गर्न सक्ने आणविक आविष्कारलाई राक्षसी प्रवृत्तिसँग तुलना गर्दै गोविन्द जस्तो आजको मानव निरिह रहेको र राधाजस्तै आत्मवती दानी चरित्रको प्रयोगले राक्षसी प्रवृत्ति विरुद्ध, कोमलता संवेदनशीलताजस्ता मानवीय भावनाको आवश्यक रहेको अहिलेको वास्तविकतालाई देखाइएको छ । सातौं एकाङ्की **एक संभ्रान्त परिवारको कथा**ले सामाजिक समस्यालाई यथार्थरूपमा आजका समाजमा रहेका संभ्रान्त परिवारमा भित्रिएको खोक्रोपना र धन कमाउने धुनमा गलत कदम चाल्ने एवं तस्करीको गैरकानुनी कार्यको भण्डाफोर गरेर आजको संभ्रान्त परिवारको जीवन शैलीलाई नङ्ग्याइएको छ । आठौं एकाङ्की **बन्द ढोका**ले पनि सामाजिक समस्यालाई केन्द्रित गरी प्रतीकात्मक रूपमा पुरानो विचार र अन्ध धारणालाई जोगाइराख्ने बूढो पुस्ताको रुढी संस्कार विरुद्ध नयाँ आधुनिक विचारको प्रतिस्थापनमा जोड दिएको देखिन्छ । यसैगरी अन्तिम एकाङ्की **भित्ते घडी**मा बाह्य विश्वका सामाजिक यथार्थलाई प्रकल्पना स्वैरकल्पनाको प्रतिछायामा समेटी जीवन मृत्युसम्बन्धी आजका मूलभूत मानवीय प्रश्न र चिन्तनलाई विसङ्गत रूपमा प्रयोग गरी विसङ्गितबोध र अस्तित्त्वबोध यस एकाङ्कीको सार रहेको छ । यिनै मूलभूत एकाङ्कीका विषयगत विविधताले एकाङ्कीकार मल्लको उच्च एकाङ्कीकार व्यक्तित्वका साथै यस सङ्ग्रहले निम्न मूलभूत प्रवृत्तिहरूको निचोड प्राप्त हुन्छ

-सामाजिक यथार्थवादी,

-अतियथार्थवादी,

-विसङ्गतिवादी,

-प्रतीकात्मकता,

-मिथकीयता,

-नारी मनोविश्लेषण आदि ।

यसका अतिरिक्त **भित्ते घडी** एकाङ्की सङ्ग्रहले विजयमल्ललाई निम्न प्रवृत्तिका रूपमा चिनाउन सकेको तथ्य सार्वजनिक हुन्छ  अस्तित्त्वबोध र मानवताप्रतिको आग्रह, युगबोधको आग्रह, परामनोवैज्ञानिक पक्षको उद्घाटन, परम्परावादी नाट्यप्रविधि भिन्न प्रयोगवादी प्रवृत्तिहरू नै अगाडि आएका देखिन्छन् ।

# सन्दर्भ सूची

## क. पुस्तक सूची


आचार्य, व्रतराज, **आधुनिक नेपाली नाटक** साझा प्रकाशन २०६३ ।

उपाध्याय, केशवप्रसाद र अन्य **नेपाली एकाङ्की भाग-३** ते.सं. काठमाडौँ : साझा प्रकाशन, २०४६ ।

............., **नाटक र रङ्गमञ्च**, काठमाडौँ : रुमु प्रकाशन, २०५९ ।

................, **नाटक र अध्ययन**, काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

कँडेल, घनश्याम, **पाश्चात्य यथार्थवादी नाटक**, काठमाडौँ : प्रकाशिका श्रीमती शुभद्रा उपाध्याय कँडेल, २०४६ ।

कुँवर, उत्तम, **स्रष्टा र साहित्य,** काठमाडौँ : साझा प्रकाशन, २०२७।

पौड्याल, कृष्णविलास,**नेपाली नाटक र नाटककार,** काठमाडौँ : नवीन प्रकाशन, २०५९ ।

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा.), **साझा समालोचना** काठमाडौँ : साझा प्रकाशन, २०२५ ।

प्रधान, चैतन्यप्रकाश, **विजय मल्लको नाट्यकारितामा भूतप्रेतको प्रयोग**, काठमाडौँ : प्रकाशिका रिनु प्रधान, २०६२ ।

..............., (सम्पा.) **विजय मल्लको स्मृति ग्रन्थ**, काठमाडौँ : विजय मल्ल स्मृति समाज, २०६६ ।

बन्धु, चूडामणि, (सम्पा.), **साझा एकाङ्की,** काठमाडौँ : साझा प्रकाशन, २०३६ ।

भट्टराई, जयदेव, **साहित्यकार परिचय र अभिव्यक्ति** काठमाडौँ : ने.रा.प्र.प्र. २०५४ ।

भण्डारी, पारसमणि र अन्य, **नेपाली गद्य र नाटक,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६४ ।

भट्टराई, घटराज, **प्रतिभै प्रतिभा र नेपाली साहित्य,** काठमाडौँ : नेपाल रिसर्च एशोसिएशन, २०४० ।

मल्ल, विजय, **कोही किन बर्बाद होस्,** काठमाडौँ : शारदा प्रकाशक गृह, २०१६ ।

............., **पत्थरको कथा**, काठमाडौँ : साझा प्रकाशन, २०२८ ।

................, **दोभान, काठमाडौँ** : ने.रा.प्र.प्र., २०३४ ।

.............., **नाटक एक चर्चा**, काठमाडौँ : ने.रा.प्र.प्र., २०३६ ।

................., **सात एकाङ्की,** (सम्पा.), काठमाडौँ : ने.रा.प्र.प्र., २०३९ ।

................, **भित्ते घडी काठमाडौँ** : ने.रा.प्र.प्र, २०४० ।

............ ,**स्मृतिको पर्खालभित्र,** काठमाडौँ : ने.रा.प्र.प्र., २०४१ ।

.............,**भूलैभूलको यथार्थ**, काठमाडौँ : ने.रा.प्र.प्र., २०४१ ।

................,**बौलाहा काजीको सपना,** काठमाडौँ : साझा पुस्तक भण्डार,२०४२ ।

............, **सृष्टि रोकिँदैन,** काठमाडौँ : ने.रा.प्र.प्र., २०४८ ।

लुइटेल, खगेन्द्रप्रसाद **आधुनिक लेपाली समालोचना,** काठमाडौ : ने.रा.प्र.प्र. २०५६ ।

शर्मा, तारानाथ (सम्पा.) **साझा समालोचना** काठमाडौँ : साझा प्रकाशन, २०२८ ।

शर्मा, मोहनराज, लुइटेल खगेन्द्रप्रसाद, **शोधबिधि**, ते.सं., काठमाडौँ : साझा प्रकाशन २०६३ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** काठमाडौँ : साझा प्रकाशन, २०४० ।

त्रिपाठी, वासुदेव **नेपाली साहित्य शृङ्खला भाग–१** काठमाडौँ : एकता बुक्स, डिष्ट्रिव्युटर्स प्रा. लि. २०५२ ।


## शोधपत्र सूची

खतिवडा, नित्यानन्द, **विजय मल्लका प्रयोगशील नाट्चकारिता** (अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६४ )

घिमिरे हरि, **कथाकार विजय मल्लका कथाहरूको विश्लेषणात्मक अध्ययन** (अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग,२०३७)

दुलाल, हरिराम **विजय मल्लको कवित्वको महत्वको विश्लेषण र मुल्याङ्कन -** अप्रकाशित शोधपत्र ने.शि.स. कीर्तिपुर, काठमाडौं, (२०३६)

नेपाल, गोविन्दप्रसाद **विजय मललको नाट्चकारिताको विश्लेषण र मूल्याङ्कन,** (ने.शि.स. कीर्तिपुर, २०३६) ।

प्रधान, चैतन्यप्रकाश **एकाङ्कीकार विजय मल्ल**, (अप्रकाशित शोधपत्र, ने.शि.सं, कीर्तिपुर, २०४६) ।

शाह नागेश्वर वैश्य, **जिउँदो लास नाटकको कृतिपरक अध्ययन**, (अप्रकाशित शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०५५), ।

लोहनी, पुस्करप्रसाद **नाटककार गोपाल प्रसाद रिमाल र विजय मल्ल** (त्रि.वि. नेपाली विभागमा प्रस्तुत, अप्र. शोधपत्र, २०२४)

सापकोटा, पीताम्बर **कुमारी शोभा उपन्यासको कृतिपरक अध्ययन** ( त्रि.वि. नेपाली केन्द्रीय विभाग अप्र.शोधपत्र, २०६२)

पत्रिका सूची

श्रेष्ठ, अशोक, (**कान्तिपुर** मंगलबार , साउन, २०५६) पृ. ७ ।

मल्ल, विजय, **उन्नयन** (अङ्क २५, २०५४), पृ.४०० ।

..............., ***शारदा*** ( वर्ष ६ संख्या ९, पौष १९९७) पृ. ३३ ।

उपाध्याय, केशवप्रसाद, **गरिमा,** (वर्ष १६, अङ्क १६, ४ चैत्र २०५४), काठमाडौं : साझा प्रकाशन) पृ. २७ ।